## जीतपुरसिमरा उपमहानगरपालिकाको

# विपद् पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना, २०८३

(Disaster Preparedness & Response Actionplan-2083)




## स्थानीय विपद् व्यवस्थापन समिति

जीतपुरसिमरा उपमहानगरपालिका, बारा

मधेश प्रदेश




**प्रकाशकीय**

| | |
|---|---|
| दस्तावेज: | **जीतपुरसिमरा उपमहानगरपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना, २०८३** |
| वैधानिक आधार: | नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४, विपद जोखिम न्यूनीकरण राष्ट्रिय रणानीतिक कार्ययोजना २०१८-२०३०, विपद् पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना तर्जुमा मार्गदर्शन २०६७ (संसोधन २०७६) र स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा कार्यढाँचा दिग्दर्शन २०८१ |
| सर्वाधिकार: | जीतपुरसिमरा उपमहानगरपालिका, मधेश प्रदेश, बारा |
| प्राविधिक सहजीकरण: | गाउँले कन्सल्टेन्सी सेवा, विराटनगर |
| सम्पादन: | विपद् व्यवस्थापन शाखा, जीतपुरसिमरा उपमहानगरपालिका |
| योजना तयारी: | उपमहानगरस्तरीय विपद् व्यवस्थापन समितिको नेतृत्व, लुमन्ति आवासका लागि सहयोग समुह (Lumanti) को साझेदारीमा स्थानीय जनप्रतिनिधिहरु, राजनैतिक दलका प्रतिनिधिहरू, सुरक्षा निकायका प्रतिनिधिहरु, नगरपालिकाका विषयगत शाखाहरू, वडा कार्यालयहरू, समुदायमा आधारित संस्थाहरू, नेपाल रेडक्रस सोसाइटीलगायत गैरसरकारी संस्थाहरू, सबै वडाका विपद् प्रभावित क्षेत्रका नागरिकहरु र निजी क्षेत्र समेतको संलग्नतामा यो योजना गरिएको छ । |

# जीतपुरसिमरा उपमहानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

जीतपुर, बारा

## मेरो भनाइ



नेपाल बाढी, पहिरो, भूकम्प, आगलागी, महामारी, हावाहुरी, चटयाङ, असिना, खडेरी, हिमताल बिष्फोट तथा हिमपहिरो जस्ता प्रकोपको उच्च जोखिममा रहेको छ। साथै जलवायु परिवर्तनका कारण पर्ने प्रतिकूल प्रभावबाट पनि नेपाल संवेदनशील अवस्थामा रहेको विद्यमान तथ्याङ्कले देखाएको छ। मधेश प्रदेश अन्तर्गत बारा जिल्लामा अवस्थित २४ वटा वडा रहेको जीतपुरसिमरा उपमहानगरपालिका बाढी, वन्यजन्तु आतङ्क, सडक दुर्घटना, सर्पदंश, आगलागी, भुकम्प, हावाहुरी, असिना, शीतलहर, महामारी, लगायतका प्रकोपको उच्च जोखिममा रहेको छ। विपद्ले गर्ने जनधनको क्षति कम गर्ने तथा विपद् व्यवस्थापनको कार्यलाई प्रभावकारी बनाउने उद्देश्यका साथ यस उपमहानगरपालिकामा नगर स्तरीय विपद् व्यवस्थापन समिति, वडास्तरीय विपद् व्यवस्थापन समितिहरू समेत गठन गरी विपद् जोखिम न्यूनीकरणका प्रयासहरू भइरहेका छन्।

जीतपुरसिमरा उपमहानगरपालिकाको स्थानीय विपद् पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना तर्जुमा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४, विपद जोखिम न्यूनीकरण राष्ट्रिय रणानीतिक कार्ययोजना २०१८-२०३०, विपद् पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना तर्जुमा मार्गदर्शन २०६७ (संसोधन २०७६) र स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा कार्यढाँचा दिग्दर्शन २०८१ ले तोकेको काम, कर्तब्य र अधिकार अनुरूप सबै वडामा वडास्तरीय सङ्कटासन्नता तथा क्षमता विश्लेषण पछि तर्जुमा भएको छ । यस कार्ययोजनाको कार्यान्वयन, उपमहानगरपालिकाका सम्बन्धित विकास समिति शाखाहरूको अगुवाइमा ८ वटा क्लष्टरहरू निर्माण गरी विपद्का समयमा आवश्यकताअनुसार तत्काल परिचालन हुने गरी तयारी हालतमा राखिनेछ । साथै छिमेकी नगरपालिकाहरू, जिल्लास्थित विषयगत कार्यालयहरू, प्रदेश सरकार, सङ्घीय सरकार, दातृ निकायहरू, अन्तरराष्ट्रिय तथा राष्ट्रिय गैरसरकारी संस्थाहरूबाट सहयोग प्राप्त हुने अपेक्षा राखिएको छ । यसका साथै यस उपमहानगरपालिकामा कार्यरत सबै साझेदार निकायलाई विकासका परियोजनाहरू सञ्चालन गर्दा विकासका विषयगत क्षेत्रमा विपद् जोखिम व्यवस्थापनका विषयहरूलाई मूलप्रवाहीकरण गरिदिनुहुन आग्रह समेत गर्दछु।

यस योजना तर्जुमाका लागि योजना निर्माणका लागि प्राविधिक तथा आर्थिक साझेदारी गर्ने लुमन्ति आवासका लागि सहयोग समूह (Lumanti) प्रति आभारी छु । नगरपालिकाको तर्फवाट अग्रभागमा रहेर समन्वय र सहजीकरणको महत्वपूर्ण भूमिका निर्वाह गर्ने वातावरण तथा विपद् व्यवस्थापन शाखा प्रमुख ई. पुष्पा सिँहलाई धन्यवाद ज्ञापन गर्दछु। साथै आठवटै क्लष्टरमा रहेर उपमहानगरक्षेत्रको विपद् पूर्वतयारी तथा प्रतिकार्यका काममा प्रतिवद्ध हुँदै योजना निर्माणमा भूमिका खेल्ने सम्पूर्ण विषयगत समिति र शाखाका प्रतिनिधिहरूलाई धन्यवाद दिन चाहन्छु । योजना निर्माणको लागि गाउँले कन्सल्टेन्सी सेवा, विराटनगर-३, मोरङको तर्फवाट विज्ञको रूपमा सहजीकरणको भूमिकामा रहनु भएका रामकुमार दाहाल र यश प्रसाद सुब्बालाई विषेश धन्यवाद दिन चाहन्छु । यो योजना निर्माणमा सक्रिय सकृय भुमिका खेल्नु भएका वडा तथा उपमहानगरस्तरीय विपद् व्यवस्थापन समिति, बौद्धिक समुदाय तथा सरोकारवाला निकायहरु प्रति कृतज्ञता ज्ञापन गर्दछु। अन्त्यमा, यहाँहरू सबैको साथ र सहयोगले जीतपुरसिमरा उपमहानगरपालिकालाई विपद्को समयमा प्रभावकारी प्रतिकार्य गर्न सक्ने उपमहानगरपालिकाका रूपमा विकास गर्न स्थानीय विपद् व्यवस्थापन समिति तथा वडास्तरीय विपद् व्यवस्थापन समिति र सम्पूर्ण राजनीतिक दलबाट निरन्तर सहयोगको अपेक्षा गर्दछु। धन्यवाद ।

२०८३ असार

राजन पौडेल
उपमहानगर प्रमुख
जीतपुरसिमरा उपमहानगरपालिका

## शव्द संक्षेप

| Short Form | Full Form | Nepali |
|---|---|---|
| NSDRM | National Strategy for Disaster Risk Management | विपद् जोखिम व्यवस्थापनका लागि राष्ट्रिय रणनीति |
| HFA | Hygo Framework Approach | ह्योगो कार्यसंरचना |
| NDRF | National Disaster Response Framework | राष्ट्रिय विपद् प्रतिकार्य कार्य संरचना |
| NCRA | Natural Calamity Relief Act 2039 | दैवी प्रकोप उद्धार ऐन २०३९ |
| DRRMA | Disaster Risk Reduction and Management Act 2018 | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ |
| NEWS | National Early Warning System | राष्ट्रिय पूर्वसूचना प्रणाली |
| DDMC | District Disaster Relief Committee | जिल्ला विपद् व्यवस्थापन समिति |
| PDMC | Province Disaster Management Committee | प्रदेश विपद् व्यवस्थापन समिति |
| DRRMNC | Disaster Risk Reduction and Management National Counsil | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद् |
| DRRMEC | Disaster Risk Reduction and Management Executive Committee | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समिति |
| DRRMA | Disaster Risk Reduction and Management Authority | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण |
| LEOC | Local Emergency Operation Centre | स्थानीय आपत्कालिन कार्य सञ्चालन केन्द्र |
| DEOC | District Emergency Operation Centre | जिल्ला आपत्कालिन कार्यसञ्चालन केन्द्र |
| PEOC | Province Emergency Operation Centre | प्रदेश आपत्कालिन कार्यसञ्चालन केन्द्र |
| NEOC | National Emergency Operation Centre | राष्ट्रिय आपत्कालिन कार्यसञ्चालन केन्द्र |
| DPRP | Disaster Preparedness and Response Plan | जिल्लाविपद् पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना |
| DDMP | District Disaster Management Plan | जिल्ला विपद् व्यवस्थापन योजना |
| LDCRP | Local Disaster and Climate Resilience Plan | स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना |
| CBDCRP | Community Based Disaster and Climate Resilience Plan | समुदायमा आधारित विपद् तथा जलवायु उत्थानशील योजना |
| LDCRC | Local Level Disaster and Climate Resilience Committee | स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति |
| WDCRC | Ward Level Disaster and Climate Resilience Committee | वडास्तरीय विपद् तथा जलवायु उत्थानशील समिति |
| CDMC | Community Level Disaster Management Committee | समुदाय स्तरीय विपद् व्यवस्थापन समिति |
| DTO | District Technical Office | जिल्ला प्राविधिक कार्यालय |
| FCHV | Female Community Health Volunteer | समुदायमा कार्यरत महिला स्वास्थ्य स्वयंसेविका |
| DUDBC | Depart. of Urban Development and Building Construction | शहरी विकास तथा भवन निर्माण विभाग |
| NRCS | Nepal Red Cross Society | नेपाल रेडक्रस सोसाइटी |
| GBV | Gender Based Violence | लैङ्गिकतामा आधारित हिंसा |
| CCCM | Camp Coordination and Camp Management | क्याम्प समन्वय तथा व्यवस्थापन |
| IEC | Information, Education and communication | सूचना, शिक्षा र सञ्चार |
| IRA | Initial Rapid Assessment | प्रारम्भिक द्रुत लेखाजोखा |
| MIRA | Multi Cluster Initial Rapid Assessment | बहुविषयगत प्रारम्भिक द्रुत लेखाजोखा |
| NFRI | Non Food Relief Items | गैरखाद्य सामग्री |
| RRT | Rapid Response Team | द्रुत प्रतिकार्य समूह |
| CCA | Climate Change Adaptation | जलवायु परिवर्तन अनुकुलन |
| PRA | Participatory Rural Appraisal | सहभागितात्मक लेखाजोखा मूल्याङ्कन |
| RRA | Rapid Rural Appraisal | द्रुत लेखाजोखा मूल्याङ्कन |

# कार्यकारी सारांश

विपद्‌लाई बुझ्ने भाग्यवादी चिन्तनमा आउँदै गरेको परिवर्तनका कारण विपद् जोखिम न्यूनीकरण प्रक्रियाले देशमा संस्थागत विकासको बाटो फराकिलो बनाउँदै ल्याएको छ । तथापि, आपत्कालीन मानवीय सहयोगलाई स्फूर्त, प्रभावकारी र प्रभावितको पहुँच सहज बनाउन धेरै कार्य गर्नु जरुरी छ । यस प्रयासमा देशको भूबनोट, गरिबी र जनचेतनाको कमी लगायतका आधारभूत कारणले अबरोध उत्पन्न गरिरहेको छ । विश्वव्यापी रूपमा बढ्दै गएको विपद्‌को जोखिम कम नगरिएसम्म दिगो विकास लक्ष्य प्राप्त हुन नसक्ने देखिएकाले यसको व्यवस्थापनका लागि विभिन्न पक्षमा काम गर्नु आवश्यक रहेको छ ।

जीतपुरसिमरा उपमहानगरपालिका विभिन्न प्रकारका विपद्‌हरुबाट प्रभावित छ। उपमहानगरपालिका क्षेत्रमा हरेक वर्ष विपद्‌का कारण जनधनको उल्लेखनीय क्षति भइरहेको छ।त्यसैले विपद् व्यवस्थापन र जोखिम न्यूनीकरणका लागि स्थानीय तहको संस्थागत संरचना र क्षमता विकास गरी विपद्‌को सामना गर्ने क्षमता अभिवृद्धि गर्दै सुरक्षित संस्कृतिको विकासमा अगाडि बढ्नु आवश्यक छ । विपद्‌को सामना गर्ने क्षमता अभिवृद्धिका विभिन्न कार्यक्रम र योजना मध्ये आपत्कालीन समयमा मानवीय जीवनको रक्षा र महत्वपूर्ण सम्पत्तिको संरक्षण गर्ने उद्देश्यका साथ कार्यविभाजन सहित तयार गरिएको " विपद् पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना" यस उपमहानगरपालिकाको महत्वपूर्ण दस्तावेज हो ।

नेपालको संविधान, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४(संशोधन सहित) र स्थानीय सरकार सञ्चालन ऐन, २०७४, विपद् व्यवस्थापन नीति २०७५ तथा विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना, २०७६ लगायतका नीतिगत र कानुनी दस्तावेजलाई आधार मानेर स्थानीय तहको विपद् जोखिम व्यवस्थापनलाई सबल बनाउन पनि यस योजनाको भूमिका महत्वपूर्ण हुनेछ।गृह मन्त्रालयबाट जारी भएको विपद् पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना तर्जुमा मार्गदर्शन, २०६७ (प्रथम संसोधन २०७६) र स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा कार्यढाँचा दिग्दर्शन २०८१ बमोजिम तयार गरिएको यस योजनाले बाढीलाई प्राथमिकतामा राखी विपद्‌को समयमा स्थानीय विपद् व्यवस्थापन समिति र उपमहानगरपालिकाले जिल्ला विपद् व्यवस्थापन समितिसँगको सहकार्य र प्रदेश र सङ्घीय सरकारको सहयोगमा गर्ने आपत्कालीन कार्य र शीघ्र पुनर्लाभका क्रियाकलापहरु पहिचान गरेको छ।यस योजनामा विपद् जोखिम न्यूनीकरणका लागि प्रमुख क्रियाकलापहरू, कार्यान्वयन गर्ने मुख्य संस्था, सहायक संस्थाको पहिचान गर्ने प्रयास गरिएको छ । विपद् हुनुअघिको **पूर्वतयारी तथा पूर्वकार्य** र विपद्‌को समयमा गरिने **प्रतिकार्य**का लागि समयावधि र बजेट प्रक्षेपण समेत गरिएको छ ।

विपद् पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजनाले विभिन्न ८ वटा विषयगत क्षेत्र (Cluster) पहिचान गरेको छ । यसमा मूलभूत रूपले क्षेत्रगत अवधारणालाई आत्मसात् गर्दै स्थानीय विपद् व्यवस्थापन समितिले नियमित रूपमा गर्नु पर्ने पूर्वतयारी र आपत्कालीन कार्य तथा त्यसको लागि गरिने पूर्वतयारीलाई प्राथमिकतामा राखेको छ ।

# विषयसूची


परिच्छेद एक प्रारम्भिक

१.१ पृष्ठभूमि ... 6
१.२ योजनाको उद्देश्य ... 6
१.३ योजना तर्जुमा प्रक्रिया ... 7
१.४ विपद् पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजनाको अपेक्षित नतिजा ... 7
१.५ विपद् पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजनाले प्राप्त गर्न खोजेका परिणामहरू ... 7
१.६ विपद् पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजनाका सीमा ... 7
१.७ विपद् पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजनाको आवश्यकता तथा महत्व ... 8
१.८ विपद् पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजनाको लक्षित समूह ... 8
१.९ पूर्वतयारीका लागि सामान्य मान्यताहरू ... 8

परिच्छेद –दुई परिचय

२.१ उपमहानगरपालिकाको परिचय ... 9
२.२ जनसंख्या ... 9
२.३ पालिकाको विपद्को पहिचान र विश्लेषण ... 10
२.३.१ बाढी कटान तथा डुवान ... 10
२.३.२ भूकम्प ... 12
२.३.३ पहिरो ... 13
२.३.४ आगलागी ... 13
२.३.५ वन्यजन्तुको आक्रमण/मानिस र वन्यजन्तुबीचको द्वन्द्व ... 13
२.३.६ चट्याङ ... 13
२.३.७ महामारी ... 14
२.४ वडागत प्रकोप प्राथमिकीकरण ... 14
२.५ विपद्को कारण विगत १० वर्षमा भएको क्षतिको विवरण ... 15
२.६ सम्मुखता ... 15
२.७ संकटासन्नता (Vulnerability) ... 17
२.७ विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि क्षमता विश्लेषण ... 18
२.८ प्रकोप घटना पूर्वानुमान तथा पूर्वसूचना प्रणाली विश्लेषण ... 19
२.९ विपद् पूर्वतयारी र प्रतिकार्यका लागि गर्नु पर्ने थप कामहरू ... 19
२.९.१ नीतिगत विकासको क्षेत्रमा गर्न बाँकी कामहरू ... 19
२.९.२ क्षमता विकास कार्यक्रम ... 19

**परिच्छेद : तीन सामान्य पूर्वतयारी योजना**

३.१ प्राथमिकता प्राप्त रणनीतिक पूर्वतयारी ... 20

परिच्छेद : चार आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्य योजना (सम्पूर्ण विषयगत क्षेत्रहरूको लागि)

४.१ विषयगत क्षेत्रहरु तथा कार्य जिम्मेवारी ... 24
४.१.१ विषयगत क्षेत्र (Cluster) को परिचय ... 24
४.१.२ विषयगत क्षेत्रको उद्देश्य ... 25
४.१.३ विषयगत क्षेत्रको नेतृत्व गर्ने निकाय र सदस्यहरु ... 25

४.२ विषयगत समितिहरुको विपद् व्यवस्थापनको लागि पूर्वतयारीका कृयाकलापहरु ..... **25**
४.२.१ समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्र ..... 25
४.२.२ खाद्य तथा कृषि विषयगत क्षेत्र ..... 29
४.२.३ स्वास्थ्य तथा पोषण क्षेत्र ..... 30
४.२.४ खानेपानी तथा वातावरण स्वच्छता प्रवर्द्धन क्षेत्र ..... 32
४.२.५ आपत्कालीन आश्रय तथा गैरखाद्य सामग्री क्षेत्र ..... 34
४.२.६ संरक्षण तथा सुरक्षा क्षेत्र ..... 35
४.२.७ आपत्कालीन शिक्षा क्षेत्र ..... 37
४.२.८ शीघ्र पुनर्लाभ क्षेत्र ..... 40
४.३ बाढी, आगलागी तथा भूकम्पीय विपद्को लागि प्रतिकार्य योजना ..... **41**
४.४ थप स्रोत साधनको आवश्यकता र अनुमानित लागत ..... **46**
४.५ आर्थिक श्रोत र उपलब्ध हुने विधि र संयन्त्र ..... **46**
४.६ अन्य निकायहरुसँगको समन्वय र सहकार्य ..... **46**
**परिच्छेद : पाँच पूर्वअनुमानमा आधारित पूर्वकार्यको लागि कार्ययोजना**
५.१ पूर्वानुमानमा आधारित पूर्वकार्यको चिनारी ..... **48**
५.२ पूर्वानुमानको सूचना प्रम्प्रेषण गर्ने आधिकारिक निकाय ..... **48**
५.३ पूर्वानुमानमा आधारित पूर्वकार्यका कृयाकलापहरु ..... **49**
**परिच्छेद : छ अनुगमन, मूल्याङ्कन तथा सिकाई योजना**
६.१. लक्ष्य र सूचकहरू ..... **54**
६.२ अनुगमन, मूल्याङ्कन र योजनाको परिमार्जन ..... **55**
६.३ क्षमता विकास रणनीति र योजना ..... **55**

**अनुसूचीहरु**

अनुसूची १ : प्रकोप नक्साङ्कन तथा स्तरीकरण ..... **57**
अनुसूची २ : सामुदायिक भवनहरूको विवरण ..... **57**
अनुसूची ३ : खुल्ला र सुरक्षित स्थान तथा खेलमैदानहरूको विवरण ..... **58**
अनुसूची ४ : पालिकामा रहेका रेडियो र एफ एम स्टेशनहरु ..... **59**
अनुसूची ५ : जीतपुरसिमरामा रहेका एम्बुलेन्स सम्बन्धी विवरण ..... **59**
अनुसूची ६ : जीतपुरसिमरा र आसपासमा रहेका बारुणयन्त्र सम्बन्धी विवरण ..... **60**
अनुसूची ७ : डोजर, लोडर स्काभेटर ..... **60**
अनुसूची ८ : हेलीप्याडको लागि स्थान ..... **60**
अनुसूची ९ : सुरक्षा निकायको विवरण ..... **61**
क) नेपाली सेना ..... **61**
ख) नेपाल प्रहरी ..... **61**
ग) सशस्त्र प्रहरी बल नेपाल ..... **62**
अनुसूची १० : नेपाली सेनामा भएका खोज तथा उद्धार सामग्रीहरुको विवरण ..... **62**
अनुसूची ११ : सशस्त्र प्रहरीबल नेपालका इकाईहरुमा मौज्दात सामग्रीहरु ..... **62**
अनुसूची १२ : इलाका प्रहरी कार्यालय र मातहतका चौकी, पोष्ट र ईलाकाहरुमा उपलब्ध सामग्रीहरु ..... **63**
अनुसूची १३ : उपमहानगरपालिकामा रहेका खोज तथा उद्धार सामग्रीहरु ..... **63**
अनुसूची १४ : स्थानीय विपद् सहायता कक्ष (Local Disaster Help Desk-LDHC) मा विद्यमान पदाधिकारीहरू ..... **63**
अनुसूची १५ : स्थानीय आपतकालिन कार्य संचालन केन्द्र (LEOC) मा विद्यमान पदाधिकारीहरूको विवरण ..... **63**

अनुसूची १६ : उपमहानगरपालिका तथा वडास्तरमा गठित विपद् व्यवस्थापन समितिका पदाधिकारीहरूको नामावली ......... **65**
अनुसूची १७ : प्रारम्भिक द्रुत लेखाजोखा फाराम ........................................................................................... **70**
अनुसूची १८ : विषयगत सदस्य संस्थाको कार्यशर्तः ........................................................................................ **75**
अनुसूची १९ : अगुवा सहयोगी संस्थाको कार्यशर्त ......................................................................................... **75**
अनुसूची २० : आपत्कालीन मानवीय सहयोगको लागि स्फियर मापदण्ड.................................................................. **76**
अनुसूची २१ : वडागत नक्साहरु ................................................................................................................ **80**

# परिच्छेद एक
# प्रारम्भिक

## १.१ पृष्ठभूमि

नेपालको संविधानले विपद् व्यवस्थापन स्थानीय तहको एकल अधिकार सूचीको रुपमा सूचीकृत गरेको छ। संवैधानिक व्यवस्था कार्यान्यवयन गर्न सङ्घ, प्रदेश र स्थानीय तहमा नीति, ऐन, नियम तथा निर्देशिकाहरु तर्जुमा भएका छन्। साथै विपद् व्यवस्थापनका लागि केन्द्र देखि समुदाय तहसम्म विभिन्न संस्थागत संरचना गठन गरी क्रियाशील रहेका छन्। स्थानीय विपद् व्यवस्थापन समिति पनि यस्तै संरचना मध्येको एक हो। स्थानीय तहमा हुने विपद् व्यवस्थापनको सन्दर्भमा यस समितिको महत्वपूर्ण भूमिका रहेको हुन्छ। स्थानीय तहमा गरिने विपद् पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धी कार्यलाई व्यवस्थित र प्रभावकारी ढङ्गबाट सम्पन्न गर्न समितिले यस सम्बन्धी छुट्टै योजना तर्जुमा गर्नु पर्ने हुन्छ। विद्यमान कानूनी व्यवस्था अनुरुप समेत स्थानीय तहले विपद् पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना तर्जुमा गर्न आवश्यक रहेको छ।

जलवायु परिवर्तन तथा अन्य विभिन्न कारणबाट संसारमा प्रकोप जोखिमको अवस्थामा वर्षेनी बृद्धि हुने गरेको छ। यो उपमहानगरपालिका पनि यस्ता प्रकोप जोखिमहरुबाट अछुतो रहन सकेको छैन । विपद्बाट हुने जनधनको क्षति न्यूनीकरण गर्न, पूर्वतयारी, पूर्वकार्य तथा विपद्को प्रतिकार्य र पुनर्लाभिलाई गति दिन र यस कार्यमा सरोकारवालाहरु बीचको समन्वयलाई प्रभावकारी बनाउन विपद् पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना तर्जुमा गरिएको छ।

प्रस्तुत सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड (न) र नेपाल सरकारबाट जारी विपद् पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना तर्जुमा मार्गदर्शन, २०६७ (संसोधन २०७६), स्थानीय तह विपद् पूर्वतयारी तथा प्रतिकार्य नमुना योजना २०७८, स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा कार्यढाँचा दिग्दर्शन २०८१ अनुरूप "विपद् पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना-२०८३" तयार गरिएको छ ।

## १.२ योजनाको उद्देश्य

यस उपमहानगरपालिकामा विपद् व्यवस्थापनको पूर्वतयारी र यस सम्बन्धी प्रतिकार्यलाई प्रभावकारी बनाई सम्भावित जनधनको क्षति कम गर्नु यस योजनाको प्रमुख उद्देश्य हो। यसका अन्य उद्देश्यहरु देहाय बमोजिम रहेका छन्:

(क) विपद् प्रतिकार्यका लागि विषयक्षेत्रहरूको भूमिका तथा जिम्मेवारी निर्धारण गर्नु,

(ख) विपद् प्रतिकार्यका लागि मुख्य जिम्मेवार तथा सहयोगी निकायहरूको पहिचान र अद्यावधिक गर्नु,

(ग) विपद्को लेखाजोखा, जोखिम नक्साङ्कन, विगतमा घटेका विपद्का घटनाहरुको तथ्याङ्क सङ्कलन र विश्लेषणका आधारमा जोखिम सूचित योजना तर्जुमा गर्नु,

(घ) विपद् प्रतिकार्यका लागि सामान्य पूर्वतयारी, पूर्वानुमानमा आधारित पूर्वतयारी तथा आपत्कालीन प्रतिकार्यका क्रियाकलापहरू तय गर्नु,

(ङ) विपद् प्रतिकार्यका लागि हाल उपलब्ध स्रोत, साधन र जनशक्तिको लेखाजोखा एवम् सम्भावित विपद्को सामना गर्न आवश्यक क्षमताको आकलन, प्रक्षेपण र प्रवन्ध गर्नु ।

## १.३ योजना तर्जुमा प्रक्रिया

उपमहानगरपालिकाको स्थानीय विपद् व्यवस्थापन समितिको नेतृत्व र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको क्षेत्रमा संलग्न निकाय तथा विषयक्षेत्रको सहभागितामा विपद् पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना तर्जुमा गर्नु पर्ने व्यवस्था अनुसार यस उपमहानगरपालिकाले सहभागितामूलक प्रक्रिया अपनाई विपद् पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना २०८३ तयार गरिएको छ।

## १.४ विपद् पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजनाको अपेक्षित नतिजा

विपद् जोखिम व्यवस्थापन भित्र गरिने विभिन्न चरणका कार्यमध्ये विपद् पहिले जोखिम न्यूनीकरणका आधारभूत कार्य, विपद् पर्ने सम्भावना हुनासाथ गरिने पूर्वकार्य, विपद्को समयमा र लगत्तै स्थिति सामान्य नभएसम्म गरिने प्रतिकार्य र त्यसका लागि पूर्वतयारी र तत्कालीन पुनर्लाभिका लागि कार्य गरिने भएकाले यस योजनाबाट विपद् प्रभावित मानिसको अधिकारको रक्षा, आपत्कालीन जीविकोपार्जनमा सहयोगका साथै विपद् जोखिम व्यवस्थापनका क्षेत्रमा समेत सहयोग पुग्ने अपेक्षा गरिएको छ । यस योजनाका केही अपेक्षित नतिजा देहायअनुसार हुने प्रक्षेपण गरिएको छ।

- विपद् पहिले गर्नु पर्ने आधारभूत पूर्वतयारीका कार्य सुनिश्चित हुनेछन् ।
- विपद् पर्ने सम्भावना हुनासाथ गरिने पूर्वकार्य व्यवस्थित हुनेछ ।
- विपद्को समयमा मानवीय सहयोग कार्यलाई प्रभावकारी र व्यवस्थित गर्न सकिनेछ ।
- विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि सरोकारवाला र समुदायबीच समन्वय र सहकार्यको अभिवृद्धि हुनेछ।
- उद्धार र राहत जस्ता कार्यमा प्रभावित समुदायको समान पहुँचमा अभिवृद्धि हुनेछ ।
- क्षेत्रगत रूपमा कामको बाँडफाँड भएकाले मानवीय सहयोग पारदर्शी, प्रभावकारी र व्यवस्थित हुनुको साथै सेवाप्रदायक निकायमा जवाफदेहीता र उत्तरदायित्वको भावनाको विकास हुनेछ ।

## १.५ विपद् पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजनाले प्राप्त गर्न खोजेका परिणामहरू

यस योजनाले प्राप्त गर्न खोजेका परिणामहरू मुख्यतया देहायअनुसार छन्

- उपमहानगरपालिकाको समग्र वस्तुस्थिति विवरण,
- विपदबाट प्रभावित हुन सक्ने क्षेत्र एवं समुदायको संख्या र अवस्थिति,
- उपलब्ध क्षमता (विपद्सँग जुध्ने र प्रतिकार्यमा उपलब्ध हुन सक्ने),
- विपद् जोखिम विश्लेषण,
- पूर्व चेतावनी प्रणाली,
- खोज तथा उद्धार व्यवस्था,
- आश्रय घर (सेल्टर) वा क्याम्प व्यवस्थापन प्रणाली,
- राहत व्यवस्था र वितरण,
- खाद्य सामग्री र गैर खाद्य सामग्रीको भण्डार अवस्था,
- प्रतिकार्यमा संलग्न साझेदारहरुको भूमिका र जिम्मेवारीको निर्धारण,
- विपद सम्पर्क व्यक्तिको पहिचान र विपदको समयमा नियमित सञ्चार सम्पर्कको व्यवस्था,
- मानवीय सहायताकर्मीले गर्ने सहयोग (के, कसले, कहिले, कहाँ, कसरी उपलब्ध गराउने हो) को पहिचान

## १.६ विपद् पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजनाका सीमा

यस योजनाका निम्नअनुसार सीमा रहेका छन्

१. यस योजनाले विगतको अनुभवको आधारमा विपद्का मुख्य स्रोतहरु – भूकम्प, बाढी, पहिरो, हावाहुरी, आगलागी, महामारी, शीतलहर, तातोहावाको लहर, वन्यजन्तु आतङ्क, चट्याङजस्ता विपद्का घटनाबाट प्रभावित घरधुरी एवम् परिवार संख्याहरुबाट अनुमान गरिएको छ । पूर्वतयारी  र प्रकोपको स्तर अनुसार वास्तविक क्षति नोक्सानीको आकार घटबढ हुन सक्नेछ ।
२. विपद् जोखिम व्यवस्थापनलाई प्रभावकारी बनाउन विपद् स्थल, बन्दोवस्ती व्यवस्थापन र आपत्कालीन स्वास्थ्य सेवा योजना महत्वपूर्ण हुन्छ। अतः यस योजनामा उल्लेख भए अनुरुप विषयगत समितिका बैठकहरु बसी यस सम्बन्धमा थप गृहकार्य गरी स्पष्टता कायम गर्न सकिएमा योजना प्रभावकारी हुन सक्नेछ ।
३. विपद्को अवस्थामा योजना अनुरुप मानवीय सहयोग उपलब्ध गराउन स्थानीय विपद् व्यवस्थापन समितिसँग स्रोतको अभाव हुनसक्ने भएकोले योजना अनुरुप विपद् प्रतिकार्यका कार्यक्रम सञ्चालन गर्न  संघीय सरकार, प्रदेश सरकार र मानवीय सहायतामा संलग्न संघसंस्थाहरुको सहयोग लिनुपर्ने अवस्था छ।
४. यस योजनामा समुदायस्तरमा गएर सूचना संकलन गरी विगतमा घटेका घटनामा प्रभावित जनसंख्यामध्ये प्रभावित जनसंख्या विवरण र आगामी दिनका लागि गरिएको प्रक्षेपणलाई आधार मानी प्रभावित हुन सक्ने घरधुरी र जनसंख्या लिइएको छ ।

## १.७ विपद् पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजनाको आवश्यकता तथा महत्व

विपद् व्यवस्थापन भित्र गरिने विभिन्न चरणका कार्यहरु मध्ये प्रतिकार्य कार्ययोजना विपद्का घटना घटे लगत्तै देखि स्थिति सामान्य नभएसम्म कार्यान्वयन हुन्छ । विपद्को यो समय ज्यादै संवेदनशील भएको र यस समयमा गरिने मानवीय सहयोगका कार्यले क्षतिको नोक्सानी उल्लेख्य मात्रामा घटाउन सकिने भएकाले यस योजनाको निकै ठूलो महत्व रहेको हुन्छ ।

## १.८ विपद् पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजनाको लक्षित समूह

यस उपमहानगरपालिकामा बाढी, पहिरो, आगलागी, हावाहुरी, महामारी, शीतलहर, तातो हावाको लहर, भूकम्प आदि प्रकोपहरु बढ्दो क्रममा छन् । यसै आ. व. को हालसम्मको विवरण हेर्दा रु. २ करोड भन्दा बढीको क्षति यस उपमहानगरपालिकाले व्यहोरिसकेको छ । तसर्थ विगतका वर्षहरुको प्रभाव तथा क्षतिलाई मध्यनजर एवम् बिश्लेषण गर्दा यस बर्ष पनि धेरै घरपरिवार साथै जनसंख्या प्रभावित हुने सम्भावना छ । विगतका वर्षहरुमा बाढीबाट प्रभावित घरधुरी तथा जनसंख्याको आधारमा आगामी वर्षको लागि जम्मा १,३३६ घरधुरी तथा ६,६२७ जनसंख्या प्रभावित हुनसक्ने अनुमान गरिएको छ ।

## १.९ पूर्वतयारीका लागि सामान्य मान्यताहरू

पूर्वतयारीको कार्य गर्दा सबै साझेदारहरूले अपनाउनु पर्ने सामान्य सिद्धान्तहरू देहायबमोजिम हुनेछन्

१. उपमहानगरपालिका र स्थानीय विपद् व्यवस्थापन समिति मार्फत एकद्वार नीति अनुरुप समग्र समन्वयको काम हुनेछ र उपमहानगरपालिकाले समन्वयका लागि अन्य संघ/संस्थाहरूको सहयोग लिन सकिने छ ।
२. विषयगत क्षेत्रबाट समेत आवश्यक समन्वय गर्ने र समन्वय गर्दा मुख्य माग वा आधारभूत आवश्यकता पुरा गर्ने विषयलाई बढी ध्यान दिइने छ ।
३. विपद् पूर्वतयारी एवं उद्धार कार्यका लागि दक्ष जनशक्ति, आर्थिक, भौतिक सुविधा तथा स्थानीय सञ्जालमा आधारित गैरसरकारी संस्थाहरूलाई क्षमता अनुसार प्रभावकारी रुपमा परिचालन गरिनेछ ।
४. पूर्व निर्धारित रुपमा समन्वय, सहयोग, साझेदारी, सहकार्य, निर्देशन र नियन्त्रणको कार्यमा एकरुपता कायम गरिनेछ।

# परिच्छेद - दुई
# स्थानीय तहको चिनारी र विपद् जोखिमको अवस्था

## २.१ उपमहानगरपालिकाको परिचय

नेपालको मधेश प्रदेशमा अवस्थित जीतपुरसिमरा उपमहानगरपालिका मुलुकभरका ११ उपमहानगरपालिका मध्ये एक हो । साविकको भवानीपुरजीतपुर, पिपरासिमरा, डुमरवाना, फत्तेपुर र छातापिपरा गाविसलाई समेटेर १६ वटा वडा भएको गढीमाई नगरपालिका बनाइएको थियो । राज्य पुनर्संरचनाको क्रममा गढीमाई नगरपालिकाबाट जीतपुरसिमरा उपमहानगरपालिकामा परिणत भएको यस उपमहानगरपालिकामा साविकका गढीमाई नगरपालिकामा मनहर्वा गाविसका वडा नं १, २, ३, ७, ८, ९, ईनर्वासिरा गाविस पुरै, अमलेखगञ्ज गाविस पुरै, रामपुर टोकनी गाविसको वडा नं ३, प्रष्टोका गाविसको वडा नं १, २ र हरैया गाविसको वडा नं १ मिलाएर २४ वटा वडा भएको जीतपुरसिमरा उपमहानगरपालिका बनाइएको छ ।

राष्ट्रिय जनगणना २०७८ अनुसार जीतपुरसिमरा उपमहानगरपालिकाको २५,६५० घरधुरीमा १,२७,३०७ जनसंख्या रहेको छ भने क्षेत्रफल ३१२.२ वर्ग किलोमिटर छ । यस उपमहानगरपालिकाको पूर्वमा निजगढ नगरपालिका र कोल्हवी नगरपालिका, पश्चिममा पर्सा जिल्लाको पर्सा राष्ट्रिय निकुञ्ज क्षेत्र र वीरगञ्ज महानगरपालिका, उत्तरमा मकवानपुर जिल्लाको हेटौंडा उपमहानगरपालिका र दक्षिणमा परवानीपुर गाउँपालिका, प्रसौनी गाउँपालिका, कलैया उपमहानगरपालिका र करैयामाई गाउँपालिका रहेका छन् ।

यो उपमहानगरपालिका नेपालकै एक सुन्दर तथा विविध साँस्कृतिक विविधता भएको शहर हो । विविध जाति तथा जनजातिहरूको बसोबास स्थल र कला, साहित्य, संस्कृति तथा खेलकुदको क्षेत्रमा ख्याति प्राप्त जीतपुरसिमरा हाल आएर शिक्षा, स्वास्थ्य, पर्यटकीय तथा व्यापारिक पूर्वाधारयुक्त सुन्दर सहरको रूपमा विकास हुँदै मधेश प्रदेशको मात्र नभइ नेपालकै नमूना नगरपालिका बन्न प्रयासरत छ ।

## २.२ जनसंख्या

तालिका नं १ : राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्कअनुसार जीतपुरसिमरा उपमहानगरपालिकाको जनसंख्या

| वडा नं | घरधुरी | जम्मा जनसंख्या | पुरुष | महिला | परिवारको आकार | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|---|
| १ | २२५७ | ८९३३ | ४५८८ | ४३४५ | ३.९६ | १०५.५९ |
| २ | २५७६ | १०५४८ | ५२६९ | ५२७९ | ४.०९ | ९९.८१ |
| ३ | ९०३ | ३९६४ | २०१५ | १९४९ | ४.३९ | १०३.३९ |
| ४ | ११३१ | ५२२४ | २५३९ | २६८५ | ४.६२ | ९४.५६ |
| ५ | ८८९ | ४५७३ | २३१७ | २२५६ | ५.१४ | १०२.७० |
| ६ | ३५४ | २०९० | १०४७ | १०४३ | ५.९० | १००.३८ |
| ७ | २७५२ | १४७१९ | ७६३९ | ७०८० | ५.३५ | १०७.९० |
| ८ | ८३९ | ५२२३ | २७१२ | २५११ | ६.२३ | १०८.०० |
| ९ | ६२८ | ३२९२ | १६९१ | १६०१ | ५.२४ | १०५.६२ |
| १० | ५९९ | ३९३४ | २०५८ | १८७६ | ६.५७ | १०९.७० |
| ११ | ९३५ | ५२६८ | २७२८ | २५४० | ५.६३ | १०७.४० |
| १२ | ८५८ | ४५४२ | २२८६ | २२५६ | ५.२९ | १०१.३३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १३ | ३५५ | १९४६ | ९७१ | ९७५ | ५.४८ | ९९.५९ |
| १४ | ११७७ | ५१७७ | २५०३ | २६७४ | ४.४० | ९३.६१ |
| १५ | १४१२ | ५९५६ | २८२६ | ३१३० | ४.२२ | ९०.२९ |
| १६ | ११७३ | ४७४१ | २२२५ | २५१६ | ४.०४ | ८८.४३ |
| १७ | ९८३ | ४४२६ | २०८९ | २३३७ | ४.५० | ८९.३९ |
| १८ | १११९ | ५४६७ | २६८० | २७८७ | ४.८९ | ९६.१६ |
| १९ | ९७३ | ६१६६ | ३०५७ | ३१०९ | ६.३४ | ९८.३३ |
| २० | ९९० | ५९९३ | ३०२७ | २९६६ | ६.०५ | १०२.०६ |
| २१ | ८०२ | ३७६४ | १९५२ | १८१२ | ४.६९ | १०७.७३ |
| २२ | ७०७ | ३३२७ | १६४४ | १६८३ | ४.७१ | ९७.६८ |
| २३ | ५४२ | ३५२० | १८५९ | १६६१ | ६.४९ | १११.९२ |
| २४ | ६९६ | ४५१४ | २२०५ | २३०९ | ६.४९ | ९५.५० |
| जम्मा | २५६५० | १२७३०७ | ६३९२७ | ६३३८० | ४.९६ | १००.८६ |

स्रोतः राष्ट्रिय जनगणना २०७८

## २.३ पालिकाको विपद्को पहिचान र विश्लेषण

जीतपुरसिमरा उपमहानगरपालिका एक वहुप्रकोपीय जोखिम भएको उपमहानगरपालिका हो । भूकम्प, बाढी, पहिरो, आगलागी तथा डढेलो, शीतलहर, हावाहुरी, चट्याङ, असिना, वन्यजन्तुको आक्रमणजस्ता विपद्का कारण मानिस, भौतिक पूर्वाधार, सामाजिक, आर्थिक र प्राकृतिक सम्पत्तिमा हुने क्षतिका कारण समग्र विकास प्रक्रियामा अवरोध उत्पन्न गरेको छ । जलवायु परिवर्तनका कारण हुने अतिवृष्टि, अनावृष्टि, खण्डवृष्टिले गर्दा बाढी, डुवान, पहिरो, खडेरीका साथै हुरीबतास, चट्याङ, शीतलहर, तातो हावाको लहर, पशु तथा बालीमा लाग्ने रोग र मानिसमा हुने बिभिन्न सरुवारोग र महामारी जस्ता घटनाको आवृत्ति र त्यसबाट हुने क्षतिको मात्रा बढिरहेको छ । आगलागीका साथै यातायात, औद्योगिक, विद्युतीय दुर्घटना, प्रदूषणजस्ता मानवकृत विपद्को जोखिम समेत बढ्दै गएको छ । प्राकृतिक स्रोतको दोहन, अव्यवस्थित शहरीकरण, विकास प्रक्रियामा विपद् जोखिम संवेदनशीलताको अभाव, जनचेतनाको कमीका कारण प्रदेशमा विपद्जन्य जोखिम बढ्दो क्रममा छ । (स्रोतः वडास्तरीय कार्यशाला २०८३)

### २.३.१ बाढी कटान तथा डुवान

नेपालमा साना ठूला गरेर ६,००० भन्दा बढी नदीहरू छन् जसको कूल लम्बाइ करिब ४५ हजार किलोमिटर छ । यी नदीहरू स्वच्छ पिउनेपानी, सरसफाइ, सिँचाइ, ऊर्जा उत्पादन, जल यातायात लगायत आर्थिक विकासका मेरुदण्डका रूपमा रहेका छन् । तथापि, यिनै नदीले हरेक वर्षको मनसुनमा जनजीवन अस्तव्यस्त मात्र बनाउँदैनन् विनाशलीला मच्चाउँछन् । प्रत्येक वर्षको आषाढ, श्रावण, भाद्र र आश्विनको पहिलो साता गरी करिब साढे तीन महिना आउने बाढीले मानवीय तथा भौतिक सम्पत्तिमा गर्ने क्षति विनाशकारी रहने गरेको छ ।

**दुधौरा खोलाः** उपमहानगरपालिकाको सबैभन्दा उत्तरमा रहेको वडा नं २२ को चुरे लगायतका भागहरु देखि शुरु भएर चुरे खोला, चुहार खोला, ढल्के खोला, सञ्न खोला ३ नम्बर पुल बस्तीमा आएर मिसिन्छन् । सो भन्दा

पश्चिमबाट आउने बिजोरीखोला १ नम्बर पुलको केही तल मिसिन्छ र दुधौरा खोला बन्छ । दुधौरा खोला वडा नं २१, ४, ५, ८ र २४ को पूर्व र वडा नं १, १४, ११, २० र १९ को पश्चिम सिमाना कायम गरेर बग्छ । यस खोलाले उल्लेखित वडाहरुमा जमिन कटान पटान तथा डुवानको अवस्था सिर्जना गरेको छ ।

**बालगंगा खोलाः** वडा नं २२ को स्कूलटोल माथिबाट अटेरखोला र त्यसको पूर्वबाट आउने मुलखोला नयाँबस्ती भन्दा तल आएर मिसिन्छ र बालगंगा खोला भएर बग्छ । सो भन्दा तल आएर वडा नं १, १५, १३ र १२ को पूर्व र वडा नं १६ र १८ को पश्चिम सिमाना कायम गरेर बग्छ । यस खोलाले उल्लेखित वडाहरुमा जमिन कटान पटान तथा डुवानको अवस्था सिर्जना गरेको छ ।

**पसाहा खोलाः** वडा नं २२ को पहाडबाट शुरु भएर पूर्वी सिमाना कायम गर्दै आएको बंगेटी खोला तल आएर पसाहा खोला बन्छ र निजगढ नगरपालिका सँग सिमाना कायम गर्दै यस पालिकाको वडा नं १६ र १८ को पूर्वबाट र १७ को पश्चिम हुँदै बग्छ । यस खोलाले उल्लेखित वडाहरुमा जमिन कटान, पटान तथा डुवानको अवस्था सिर्जना गरेको छ ।

**सिर्सिया खोलाः** जीतपुरसिमरा उपमहानगरपालिकाको वडा नं २ बाट शुरु भएर वडा नं ५, ७, ८, ९, १० र २३ हुँदै दक्षिणतर्फ प्रवाहित हुन्छ । यस खोलाको कटान र डुवानका अतिरिक्त वडाको माथिल्लो भागमा रहेका उद्योगहरुबाट निस्कने केमिकलयुक्त प्रदूषित पानीका कारण अत्यन्तै प्रदूषित बनेको छ । स्थानीय नागरिकहरुका अनुसार पहिले यो खोलाको पानी पिउन लुगाधुन सिँचाइ गर्न पशुचौपायाहरुलाई खुवाउन उपयुक्त स्वच्छ र सफा थियो । औद्योगिक प्रदूषण मिसिएपछि हाल पिउन त टाढाको कुरा खेतबारीमा सिँचाइ गर्न समेत नमिल्ने भएको छ । यो पानीको प्रयोगले बाख्रा बस्तुले यो पानी खाएर धेरै मरेका छन् । बालीमा लगाउँदा बाली विरुवा डढेर मरेका छन् । यो पानीका कारण धेरै जनालाई छाला सम्बन्धी समस्या देखा परिरहेको छ । दुर्गन्धका कारण आसपासका क्षेत्रमा बस्न नै समस्या भएको छ ।

**कियासोती खोलाः** यस पालिकाको पश्चिममा पर्सा जिल्लासँग सिमाना कायम गरेर बगेको छ । यसको माथिल्लो क्षेत्र जङ्गल छ भने तल्लो क्षेत्रमा वडा नं ७, ९ र २३ को पश्चिमबाट बग्दछ ।

उपमहानगरपालिकाको भौगोलिक क्षेत्रभित्र भएर वग्ने यस्ता खहरे खोलाहरु र खोलाको नजिक संकटासन्न अवस्था, खोला किनारमा अव्यवस्थित रुपमा रहेका भौतिक संरचनाले गर्दा वर्षातको समयमा विपद्को अवस्था सृजना हुने गरेको छ ।

यसका अतिरिक्त बाहुनी (वडा नं १, ४), भाङ्ग्रे (वडा नं २), सिमाना (वडा नं ३), नकटी (वडा नं ६), भलवाही (वडा नं ६), कठौनी (वडा नं १५), खप्चे (वडा नं १५), बेङ्गाई (वडा नं १५), काँठ (वडा नं १७), बंगेरी (वडा नं ), डोरा (वडा नं १९), किर्किच्चा (वडा नं १९), कठोह (वडा नं २०) लगायतका अन्य साना खोलाहरु पनि उपमहानगरपालिका क्षेत्रमा रहेका छन् ।

जीतपुरसिमराका सबै २४ वटा वडामा ६३ वटा टोलका १,७३१ घरहरु बाढीको जोखिममा रहेका छन् । त्यसमध्ये ५१ घरहरु स्थानान्तरण गर्नुपर्ने अवस्थामा छन् । विगत १० वर्षमा बाढीको घटनामा परेर १५ जनाको मृत्यु भएको थियो भने ६५० घरहरु क्षति भएका थिए । (स्रोतः वडास्तरीय कार्यशाला २०८३)




जीतपुरसिमरा उपमहानगरपालिकाको नदी प्रणाली

## २.३.२ भूकम्प

वि. सं. १९९० माघ २ गतेको ८.४ रिक्टर स्केलको महाभूकम्पको केन्द्रविन्दू (संखुवासभाको चैनपुर) रहेको यो प्रदेशमा वि. सं. २०७२ वैशाख १२ गते गोरखा केन्द्रविन्दु भएको ७.६ रिक्टर स्केलको विनाशकारी भूकम्प, २०७२ साल वैशाख २९ गते सिन्धुपाल्चोक केन्द्रविन्दु भएको ७.३ रिक्टर स्केलको ठूलो पराकम्पन र त्यसपछि निरन्तर गएका साना ठूला पराकम्पनका कारण नेपालमा जनधनको व्यापक क्षति भयो । नेपालको मधेश प्रदेश भूकम्पबाट अपेक्षित सुरक्षित रहेतापनि यस भूकम्पमा बारा जिल्लामा २ जनाको मृत्यु, ६२ जना घाइते, एउटा सार्वजनिक संरचना र ५० घरहरु पूर्णरुपमा क्षति भएका थिए ।

जीतपुरसिमरा उपमहानगरपालिकाले भूकम्प प्रतिरोधी भवन निर्माण, भवन आचार संहितालाई लागु गरेपछि एक भूकम्प प्रतिरोधी शहरको रुपमा विकसित हुँदै गएको पाइन्छ । यद्यपी पहिले नै वनेका संरचनाहरु अझै पनि जोखिममा नै रहेका छन् ।

### २.३.३ पहिरो

प्राकृतिक प्रकोपका घटनाहरूमध्ये पहिरो समग्र नेपालकै समस्या हो । जीतपुरसिमरा पनि समथर क्षेत्रका अतिरिक्त केही पहाडी भाग समेत समेटिएकोले पहिरोको उच्च जोखिममा छ । वडा नं २२ सामान्यतया ३० डिग्री भन्दा बढी भिरालोपना भएकोले पहिरोको प्रकोप हुने गरेको र पहिरोको प्रकोप नजिकै संकटासन्न अवस्थामा रहेका वस्तीहरुको कारणले गर्दा पनि कुनै कुनै वर्ष धनजनको क्षति भै विपद्को अवस्था सृजना गरेको छ । (स्रोतः वडास्तरीय कार्यशाला २०८३)

### २.३.४ आगलागी

जीतपुरसिमराको विगत १० वर्षको तथ्याङ्क अनुसार जीतपुरसिमरामा आगलागीका घटनामा २ जनाको मृत्यु भएको थियो । आगलागीका कारण  करोडौंको आर्थिक क्षति भएको देखिन्छ ।

जीतपुरसिमराको सहरी क्षेत्रमा बाक्ला घर भएका र ग्रामीण क्षेत्रका बाक्ला कच्ची घरमा हुने आगलागी विनाशकारी हुने गरेको छ । जनचेतनाको अभाव, आगोको प्रयोगमा लापरवाही तथा राम्ररी वायरिङ नगरिएका र पुरानो वायररिङ भएका घरमा विद्युत् सर्किट सट भएर आगलागी हुने गरेको छ । (स्रोतः वडास्तरीय कार्यशाला २०८३)

### २.३.५ वन्यजन्तुको आक्रमणस्मानिस र वन्यजन्तुबीचको द्वन्द्व

वन्यजन्तुहरूलाई जङ्गलमा पर्याप्त खाना र पानी नहुनु, माँसाहारी जनावरको कमी र साकाहारी जङ्गली जनावरको संख्यामा बृद्धि हुनु, वनजङ्गलमा मानिसको चहलपहल बढ्नु, जङ्गलको खानेकुरा भन्दा मानिसले लगाएको बाली मीठो लागेर बानी पर्नु, मानिसले दिएकोखानेकुराले पल्किनु, सामुदायिक वनमा झाडी हटाउनु, जङ्गल नजिकै वस्तीहरू हुनु र वन्यजन्तुहरूको स्वाभावमा परिवर्तन भइ आक्रामक बन्दै जानु जस्ता कारणहरूबाट जीतपुरसिमरा उपमहानगरपालिका वडा नं १, २, ३, ४, १४, १५, १६, १७, २१ र २२ का वनको नजिकमा रहेका बस्तीहरुमा बाघ, हात्ती, गैंडा, चितुवा, चित्तल, बँदेल, बाँदर आदिको आक्रमणबाट धनजनको क्षति हुने गरेको छ। अन्य वडाहरुमा पनि निलगाई, बँदेल जस्ता जनावरहरु आक्कलझुक्कल देखा पर्ने र बालीनालीमा क्षति तथा नोक्सानी गर्ने गरेका छन् । साथमा सबै वडाहरुमा सामुदायिक कुकुरहरुको आतङ्क पनि बढ्न थालेको छ ।

१० बर्षमा वन्यजन्तुका कारण २६ जनाको मृत्यु र २८४ जना घाइते भएको तथ्याङ्क छ। (स्रोतः वडास्तरीय कार्यशाला २०८३)

### २.३.६ चटयाङ

अध्ययनले संसारमै चटयाङका तीन हटस्पटमध्ये नेपाललाई एक मानेको छ । नेपालमा धेरै चटयाङ परेर मानवीय आर्थिक तथा भौतिक क्षति हुने गरेको छ । नेपालमा सबैभन्दा बढी मानवीय क्षति चटयाङका कारणबाट हुने गरेको छ । जीतपुरसिमरामा विगत १० वर्षमा चटयाङका घटनामा १२ जनाको मृत्यु, ३५ जना घाइते भएका र करोडौंको आर्थिक क्षति भएको छ। (स्रोतः वडास्तरीय कार्यशाला २०८३)

### २.३.७ महामारी

मनसुनका बेला पानी र जीवाणुबाट संक्रमण हुने रोगका कारण वर्षेनी धेरैको ज्यान जाने गरेको छ। झाडापखाला, हैजा, कमलपित्त, श्वासप्रश्वास सम्बन्धी रोगबाट र मनसुनको समयमा  डेङ्गु, कालाज्वर, झाडापखाला जस्ता पानीबाट हुने रोगहरुका कारण बर्षेनी ठूलो मानवीय क्षती हुने गरेको छ।दुषित पानीको प्रयोग, जिवाणुहरुको संक्रमण, खाद्य असुरक्षा, सचेतनाको कमीलगायतका कारण महामारीका घटनाहरु दोहोरिरहेका छन् । पर्याप्त जनचेतनाको कमीका कारण र खानेपानीका स्रोतमा बाढी पसेर पानी प्रदुषित भइ यस्ता घटना हुने गरेका छन् । विगत १० वर्षमा महामारीका कारण १५ जनाको मृत्यु भएको थियो । (स्रोतः वडास्तरीय कार्यशाला २०८३)

यसका साथै जीतपुरसिमरामा सुख्खा खडेरी, सर्पदंश (विगत १० वर्षमा ५० जनाको मृत्यु २७ जना घाइते), सडक दुर्घटना (विगत १० वर्षमा २४७८ जनाको मृत्यु ६२६ जना घाइते), विद्युत दुर्घटना (विगत १० वर्षमा ३४ जनाको मृत्यु ७१ जना घाइते), हुरीबतासलगायतका घटनाहरुबाट जनधनको क्षति हुने गरेको छ । (स्रोतः वडास्तरीय कार्यशाला २०८३)

जीतपुरसिमरा उपमहानगरपालिका नेपालकै प्रशिद्ध औद्योगिक र व्यापारिक क्षेत्र हो । सैयौंको संख्यामा रहेका उद्योगहरु मध्ये केही उद्योगहरुबाट उत्सर्जन हुने धुवाँ, धुलो र छाईंका कारण वायु प्रदूषण भइरहेको छ भने रसायनयुक्त पानी प्रशोधन नगरी खोलामा पठाइएकोले व्यापकरुपमा जल प्रदूषण हुने गरेको छ । निरन्तर वृद्धि हुँदै गएको शहरीकरणले पनि वातावरण प्रदूषण बढ्दै गएको छ जसका कारण डेङ्गु, कालाजार, औलो लगायतका विभिन्न प्रकारका महामारी पनि बढ्ने क्रममा देखिएका छन् ।

## २.४ वडागत प्रकोप प्राथमिकीकरण

वडागतरुपमा सहभागितामूलक तवरबाट गरिएको लेखाजोखामा जीतपुरसिमरा उपमहानगरपालिकाका सबै वडाको प्रकोप स्तरीकरणलाई देहायको तालिकामा समावेश गरिएको छ ।

तालिका नम्वर २ : प्रकोप स्तरीकरण

| वडा नं | भूकम्प | बाढी | आगलागी | हावाहुरी | स. दु. | बालीरोग | शीतलहर | प्रदूषण | खडेरी | सर्पदंश | ज. आ. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **१** | ११ | ७ | १ | ५ | १० | १ | ४ | ८ | १ | ६ | ९ |
| **२** | ११ | ५ | ४ | ६ | ९ | १ | १ | १० | १ | ८ | ७ |
| **३** | ११ | ३ | १ | ७ | १० | ८ | ६ | ९ | ७ | ४ | ५ |
| **४** | ११ | ७ | २ | ८ | १० | ४ | ३ | १ | ६ | ५ | ९ |
| **५** | ११ | १० | २ | ७ | ५ | ८ | ३ | ९ | ७ | १ | ४ |
| **६** | ११ | ४ | १ | ५ | १ | १० | ६ | ९ | १ | ७ | ८ |
| **७** | ११ | ३ | ७ | ६ | १० | १ | ५ | ९ | १ | १ | ४ |
| **८** | ११ | १० | २ | ७ | ५ | ८ | ३ | ९ | ६ | १ | ४ |
| **९** | ११ | २ | ३ | ५ | ९ | ८ | ६ | १० | १ | ४ | ७ |
| **१०** | ११ | ९ | ३ | ६ | ८ | ७ | ५ | १० | १ | १ | २ |
| **११** | ११ | ५ | १ | ६ | ८ | ९ | ४ | १ | १ | १० | ७ |
| **१२** | ११ | ६ | १ | ८ | ५ | ९ | १० | १ | १ | २ | ७ |
| **१३** | ११ | ५ | ४ | १० | ७ | १ | ८ | १ | १ | ६ | २ |

| वडा नं | भूकम्प | बाढी | आगलागी | हावाहुरी | स. दु. | बालीरोग | शीतलहर | प्रदूषण | खडेरी | सर्पदंश | ज. आ. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **१४** | ११ | ३ | ४ | ८ | १० | १ | ५ | १ | ९ | ७ | ६ |
| **१५** | ११ | १ | ५ | ७ | ९ | १० | १ | १ | १ | ८ | ६ |
| **१६** | ११ | ७ | ५ | ४ | ९ | ८ | २ | १ | १ | ६ | ३ |
| **१७** | ११ | १० | १ | ७ | ६ | ९ | ५ | १ | १ | ४ | ८ |
| **१८** | ११ | १० | २ | ७ | ६ | ९ | ५ | १ | १ | ४ | ८ |
| **१९** | ११ | ७ | ३ | ४ | ९ | १ | १० | १ | ८ | ६ | ५ |
| **२०** | ११ | १० | २ | ७ | ६ | ९ | ५ | १ | ८ | ४ | १ |
| **२१** | ११ | ६ | ५ | ७ | १० | १ | १ | १ | १ | ८ | ९ |
| **२२** | ११ | ८ | ५ | ७ | १० | ३ | ४ | १ | २ | ६ | ९ |
| **२३** | ११ | ७ | ३ | ६ | १० | ९ | ५ | ८ | १ | ४ | १ |
| **२४** | ११ | ५ | ४ | ६ | ९ | १० | ८ | १ | १ | ३ | ७ |
| जम्मा | २६४ | १५० | ७१ | १५६ | १९१ | १४५ | ११५ | १०५ | ६९ | ११६ | १३८ |
| स्तर | **१** | **४** | **१०** | **३** | **२** | **५** | **८** | **९** | **११** | **७** | **६** |

स्रोतः वडास्तरीय कार्यशाला २०८३

**नोटः** जीतपुरसिमरामा भूकम्पका कारण मानवीय तथा अन्य क्षतिहरु कमै भएतापनि नेपालको भौगर्भिक अवस्था, भौगोलिक अवस्था, पुराना र कमजोर भौतिक संरचना र जनघनत्वका कारण क्षतिको सम्भावना बढी हुने भएकोले **भूकम्प** लाई प्रमुख प्रकोपका रुपमा राखिएको छ ।

## २.५ विपद्को कारण विगत १० वर्षमा भएको क्षतिको विवरण

तालिका नम्वर ३ : मानवीय क्षतिको विवरण

| बाढी | | सर्पदंश | | आगलागी | | स.दु. | | महामारी | | चटयाङ | | वि.दु. | | ज आ | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| मृत्यु | घाइते | मृत्यु | घाइते | मृत्यु | घाइते | मृत्यु | घाइते | मृत्यु | घाइते | मृत्यु | घाइते | मृत्यु | घाइते | मृत्यु | घाइते | मृत्यु | घाइते |
| १ ५ | ० | ५० | २७ | २ | ० | २४७ | ६२६ | १५ | ० | १२ | ३५ | ३४ | ७१ | २६ | २८८ | ४०१ | १०१६ |

स्रोतः वडास्तरीय कार्यशाला २०८३

तालिका नम्वर ४ : विगत १० वर्षयता भएको घर तथा जग्गाको क्षतिको विवरण

| वडा नं | चौपाया क्षति | घर क्षति | जग्गा नष्ट विघामा | जोखिममा रहेका घरधुरी | स्थानान्तरण गर्नु पर्ने |
|---|---|---|---|---|---|
| सबै | ६५७ | ६५० | ७६३ विघा | १३३६ | ३१ |

स्रोतः वडास्तरीय कार्यशाला २०८३

## २.६ सम्मुखता

वडागतरुपमा सम्पन्न भएका कार्यशालाका सहभागीहरुले दिएको जानकारी र वडामा भएको अभिलेखअनुसार सबै प्रकारका विपद्को सम्मुखतामा रहेका बस्तीहरुमा विगतमा भएका घटनाको क्षति तथा नोक्सानी र जोखिममा रहेका बस्तीहरु समेतको आधारमा सम्मुखता निर्धारण गरिएको छ ।

तालिका नम्वर ५ : मानवीय तथा घरको क्षति (विगत १० वर्षको) र सम्मुखताको स्तर

| वडा नं | मृत्यु | घाइते | घर क्षति | बाढीको जोखिममा रहेका | स्थानान्तरण गर्नुपर्ने | सम्मुखतामा रहेका टोलहरू र घरधुरी | सम्मुखता स्तर |
|---|---|---|---|---|---|---|---|
| १. | २५ | ५० | ० | ० | ० | पूर्वटोल, गैरी टोल, गुम्बाटोल, स्याउली पारख टोल, पारख टोल, ग्यारेज टोल, स्टोर पारी टोल, रानीधारा टोल, हाइटेन्सन टोल, दशधुरे टोल, भक्तिनगर टोल, मनकामना टोल, दुर्गानगर टोल, बाराली होटल चोक टोल, राजस्व टोल, सिमरा वजार टोल, एयरपोर्टरोड टोल, गोविन्द टोल, विकासशील चोक टोल, रंगशाला टोल, महादेव पार्क स्थान टोल, पानी टंकी टोल, शान्ति टोल, दुधौरा टोल, | |
| २. | ११ | १० | ११ | ० | ० | प्रभात टोल, आदर्श टोल, मुसहरीमाई शान्ति टोल, श्री छटीमाइ टोल, सयपत्री टोल, पशुपती टोल, श्रीजना टोल, जनप्रगती टोल, नरवस्ती टोल, सम्झौता टोल, राम जानकी टोल, शान्तिनगर टोल, सिर्जनशील टोल, सिमरा कलेज रोड टोल, मुसहर्नीमाई टोल, जमुना पैनी टोल, फुलवारी टोल, कामना टोल, | |
| ३. | ५५ | १५७ | ० | ६० | ० | बजनी टोल, बालुवा टोल, चुनाभट्ट टोल, कोलनी टोल, नन्दन टोल, गैरी टोल, रामवन टोल, रामवन कुना टोल, रामवन टाँडी, स्कुल टोल, रातो फाराम टोल, | |
| ४. | ८ | ० | ० | ० | ० | कृष्ण मन्दिर टोल, शिव मन्दिर टोल, दुर्गामन्दिर टोल, देव आश्रम टोल, घण्टिमाई टोल, चौधरी टोल, सरस्वती टोल, बोर्डिङ टोल | |
| ५. | ९ | २७ | २ | १२० | ० | औरही विसौलिया, बिसौलिया, भवानीपुर, नदियाटोल, नेटुवाटोल, बालुवाटोल, बकुलिया टोल, | |
| ६. | ४ | ० | ० | १२ | ० | नगौल टोल, सिथरीया टोल, रामवन टाँडी टोल, घुसपुर टोल, रानी टोल | |
| ७. | ५६ | ११९ | ५ | ३५ | ० | सिदरिया टोल, पहाडी टोल, शिखर टोल, राम टोल, चौधरी टोल, बोरिन टोल, लक्ष्मी टोल, शान्तिटोल, मगरटोल, नसिम टोल, साजन टोल, खाल्का टोल, आदर्श टोल, फूलबारी टोल, | |
| ८. | ८ | ६६ | ७ | ३३ | ० | इमली प्रतिटोल, राजानगर (गोठ), लोहसण्डा, रमौली, सकरदिना, गमरगाँवा, | |
| ९. | १३ | ८६ | २ | ० | ० | उत्तरटोल, पछियारी टोल, पूर्वारी टोल, विचला इनार टोल, दक्षिणबारी टोल, रामटोल, दुसाद टोल, चौधरी टोल, इनार टोल, गढिमाई टोल, उत्तराई टोल, मुसहरपटी टोल, | |
| १०. | २३ | १६५ | ० | ० | ० | नितनपुर टोल, नयाँ बेहरा टोल, रामटोल, बलुवा टोल, नयाँ बेहरा गोठ टोल, | |
| ११. | १७ | ० | १६ | ३८ | ० | आमाडार उत्थानशील टोल, दलित टोल, खैरवा टोल, सिसहनीया टोल, खेररौल टोल, आमाडार टोल, सानो आमाडार टोल, इमलीप्रति आमाडार | |
| १२. | ६ | ३ | ० | ० | ० | चौधरी ब्रम्ह टोल, घागटोल/प्रगति टोल, झुगाडी/रामजानकी टोल, राय टोल, सेमरी टोल, वजार टोल, पोता टोल, शान्ती टोल, पिपरीया उत्तर, पिपरीया दक्षिण | |
| १३. | २ | ४५ | ० | ० | ० | सानो डुमरवाना, ठूलो पोता, सानो पोता, पचुली, | |
| १४. | ११ | ० | ० | १५० | ० | जोरलाही टोल, बेहरी टोल, राजघट्टा चौधरी टोल, राजघट्ट स्कुल टोल, चौतारा टोल, मौलापुर टोल, बोरिङ टोल, डाँडा टोल स्याउली चोक, | |
| १५. | ३ | १ | ४५ | १०० | ० | प्रगतिशील टोल, अक्षेश्वर टोल, पानी टंकी टोल, डुमरवाना टोल, काँटा टोल, सुन्दरवस्ती, डाँडा टोल, भारती चोक टोल, सुक्लैया टोल, हात्तीसार वजार टोल | |
| १६. | २४ | ५७ | ३२० | १४५ | ३ | पिलुवा टोल, महेन्द्रनगर, सखुवाघाट, डाँडा टोल, राई टोल, मगर टोल, ठाँटी टोल, खयरसल्ला, झल्ला टोल, बदाफर टोल, कतर्वा, पैनीटोल, डकाहा, टँगियाबस्ती, | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १७. | ९ | ३७ | ० | ० | ० | मठियानी टोल, मुसहर टोल, चौधरी टोल, बस्नेत टोल, बजार टोल, छतिवन टोल, काटा टोल, आपटोल, नमुना टोल, जमुना टोल, सिरिस टोल, पिपलडाँडा, मुसहर टोल, मेल टोल, शान्तिटोल, मदन टोल, झोडा टोल, रघुनाथपुर, | |
| १८. | १६ | ५२ | १५ | ६० | ० | बडहर्वा, वाईवा टोल, धारा टोल, मोती चोक, शंकरचोक, बंकुल टोल, लामीडाँडा, कुशमाडी शान्ति टोल, मुसहर टोल, पसाहा टोल, कुशमाडी चोधरी टोल, उचिडी टोल, उत्तरबारी, परास टोल, श्रीपुर, | |
| १९. | ८ | ० | ५० | १३५ | २८ | वजार टोल, पर्ति टोल, ईनर्वासिरा टोल, मुस्लिम टोल, मथुरापुर टोल, ठूलो मटेरिया टोल, सानो मटेरिया टोल | |
| २०. | १० | १७ | ५० | १२० | ० | ठूलो बसडिलवा, सानो बसडिलवा, बसतपुर, कमलभुईया, मुस्लिम टोल, गुलरिया टोल, कन्चनपुर, | |
| २१. | ५ | ० | ५० | २५ | ० | आयल निगम टोल, गुरुङ्ग टोल, आत्म ज्ञान टोल, कार्की टोल, गुम्वा टोल, वाजीडाँडा टोल, थानीमाई टोल, राम मन्दिर टोल, बानीया टोल, मश्जित टोल, माईराम टोल, छटिमाई टोल, सागर चोक टोल, कालीमाई टोल, बनशक्तिमाई टोल, | |
| २२. | ३० | ३० | २ | २३८ | ० | ढुक्वावास वस्ती टोल, ३ नम्वर पुल वस्ती टोल, रुम्वा टोल, लोप्चन टोल, तारामण्डल टोल, गोविन्द डाँडा टोल, जोवन डाँडा टोल, २ नम्वर पुल टोल, कालापानी टोल, ड्राइभर डाँडा टोल, कुलमान डाँडा टोल, १ नम्वर पुल टोल, टावर डाँडा टोल, सचिन चोक टोल, मुलखोला टोल, स्कुल टोल, चकरीपारी टोल, विरुवा (सानी सुख्खा) टोल, चकरी टोल, नयाँवस्ती टोल, | |
| २३. | ४४ | ९४ | ० | ६५ | ० | भलुही वरहाना, बजार टोल, बड्का टोल, दलित टोल, सुकुम्बासी टोल, पुरानो बेहरा, ताजपुर, नदीपारी टोल, | |
| २४. | ४ | ० | ७५ | ० | ० | नहर टोल, ईदगाह टोल, दक्षिण टोल, यादव टोल, जामेमस्जिद टोल | |
| **जम्मा** | **४०१** | **१०१६** | **६५०** | **१३३६** | **३१** | | |

श्रोतः वडास्तरीय कार्यशाला २०८३

## २.७ संकटासन्नता (Vulnerability)

उपमहानगरपालिका अन्तरगत रहेको दुधौरा खोलाबाट वडा नं ४, ५, ८, १०, ११, १४, २०, २१ र २४ का ४२ टोलका **२९७** घरधुरी, सिर्सिया खोलाबाट वडा नं २, ५, ७, ८, ९, १० र २३ का १० टोलका **२००** घरधुरी, बालगंगा खोलाबाट वडा नं १२, १३, १५, १६, १८ र १९ का १० टोलका **४३३** घरधुरी, पसाहा खोलाबाट वडा नं १६, १७ र १८ को ९ टोलका **२१०** घरधुरी, कठोह खोलाबाट वडा नं २० को ४० घर, बजनी पैनीका कारण वडा नं ३ का २० घर, सिमाना खोलाका कारण वडा नं ३ का ४० घर, बाहुनी खोलाका कारण वडा नं १ र ४ का ६० घर, किर्किच्चा खोलाका कारण वडा नं १९ का **१५५** घर, बिजौरी खोलाका कारण वडा नं २१ र २२ का **२५** घर, मुलखोला र अटेर खोलाका कारण वडा नं २२ का ५ टोलका १८५ घर समेत २४ वटा खोलाका कारण ७५ वटा टोलका २०९६ घरधुरी मध्ये १३३६ घरधुरी बढी प्रभावित हुने अवस्था छ । वडा नं १, २, ७, ९, १०, १५ १८, २१, २२, २३ मा रहेका ३० वटा पेट्रोल पम्प बाट प्रभावित परिवार संख्या करिव ३,८०० घर, ३५ भन्दा बढी ग्याँस डिलरबाट प्रभावित परिवार संख्या ४३४५रहेको देखिन्छ।

उपमहानगरपालिकामा विपद् प्रभावितहरुका लागि अस्थायी आश्रयस्थलको रुपमा खुल्ला क्षेत्र २३ वटा, सामुदायिक भवन, मन्दिर, मदरसा, चर्च, धर्मशालाहरु समेत २० भन्दा बढी स्थानहरु रहेका छन् जसमा विद्यालयहरु समावेश गरिएको छैन।

### क) जनसंख्या सम्बन्धी संकटासन्नता

जीतपुरसिमरा उपउपमहानगरपालिका रातो, निलो, पहेलो र सेतो रंगको श्रेणीका अपाङ्गता भएका मानिसहरूको संख्या पुरूष ००० र महिला ००० गरी जम्मा ००० जना रहेको छन् । विपद्को समयमा सर्वैभन्दा वढी जोखिममा पर्ने समुदाय अपाङ्गता भएका मानिस पनि हुन । त्यसैले पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माणको क्रममा यी अपाङ्गता भएका मानिसहरूलाई छुटाउनु हुदैन ।

तालिका नम्वर ६ : अपाङ्गता भएका मानिसहरुको विवरण

| सिनं | अपाङ्गताको प्रकार | जनसंख्या | पूरुष | महिला |
|---|---|---|---|---|
| १ | शारिरिक अपाङ्गता | ७२० | ४३३ | २८८ |
| २ | न्यून दृष्टियुक्त | ७२७ | ३४४ | ३८२ |
| ३ | दृष्टिविहीन | १६० | ८६ | ७४ |
| ४ | वहिरोपन | १४७ | ६८ | ७९ |
| ५ | मनोसामाजिक अपाङ्गता | ६४ | ३३ | ३१ |
| ६ | न्यून श्रवणशक्ति | ९० | ४३ | ४७ |
| ७ | वहिरोपन एबं दृष्षिविहीन | ३५ | १९ | १६ |
| ८ | मानसिक वा मनोसामाजिक | १०८ | ५८ | ५१ |
| ९ | बौद्धिक अपाङ्गता | २५ | १३ | १३ |
| १० | अनुबंशीय रक्तश्राव (हेमोफोलीया) | १० | ६ | ३ |
| ११ | अटिजम् | १५ | ४ | १२ |
| १२ | बहुअपाङ्गता | ३०२ | १४६ | १५६ |
| जम्मा | | २४०३ | १२५२ | ११५२ |

स्रोत : जीतपुरसिमरा उपमहानगरपालिका अपाङ्गता शाखा

### ख) लक्षित जनसङ्ख्याको पूर्वानुमान

उपमहानगरपालिकाको भौगोलिक अवस्थिति, विपद्को सामना गर्ने क्षमता तथा जनचेतनाको अभावका कारण जनधनको क्षति हुने गरेको छ । प्राकतिक कारणबाट हुने प्रकोपका घटनामा मानवीय क्रियाकलापले ती घटनाको आवृत्ति र क्षतिको मात्रामा निरन्तर वृद्धि भइरहेको छ । यस सन्दर्भमा स्थानीय तहको सूचना सङ्कलन गरी तथ्याङ्क तथा सूचनाको विश्लेषणका आधारमा खासगरी भूकम्प, बाढी र पहिरोबाट प्रभावित हुने जनसङ्ख्याको पूर्वानुमान निम्नअनुसार गरेकोछ ।

तालिका नम्वर ७ : लक्षित जनसङ्ख्याको पूर्वानुमान

| प्रकोपको घटना | प्रभावित हुनसक्ने परिवार | प्रभावित हुनसक्ने जनसङ्ख्या | कैफियत |
|---|---|---|---|
| बाढी तथा डुवान | १,३३६ | ६,६२६ | सबै वडामा धेरथोर पर्ने गरेको |

(श्रोतः समुदाय र वडामा भएको छलफल र स्थलगत अवलोकन अनुसार)

## २.७ विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि क्षमता विश्लेषण

उपमहानगरपालिका क्षेत्रमा अवस्थित प्रकोपहरुका कारण संभावित जोखिम तथा संकटासन्नताको आकलन माथि उल्लेख गरिसकिएको छ । प्रकोपका कारण आईपर्न सक्ने मानवीय, आर्थिक तथा भौतिक क्षतिको आकलन गरेर न्यूनीकरण गतिविधिहरु सञ्चालन गरी जोखिम न्यूनीकरण गर्न स्थानीय विपद तथा जलवायु उत्थानशील योजना निर्माण गरिसकिएको छ । सो योजनामा संकटासन्न वस्तीहरु, संकटासन्नताका कारणहरु, समाधान वा न्यूनीकरणका उपायहरुको स्पष्टरुपमा उल्लेख गरिएको छ । साथै सो योजनामा उपमहानगरपालिका क्षेत्रको क्षमता विश्लेषण समेत गरिएको छ ।

**यस कार्ययोजनाको अनुसूची खण्डमा प्रतिकार्यका लागि मौजुदा क्षमताहरु उल्लेख गरिएको छ ।**

## २.८ प्रकोप घटना पूर्वानुमान तथा पूर्वसूचना प्रणाली विश्लेषण

जीतपुरसिमरा उपउपमहानगरपालिकामा मौसम अनुरुप सम्भावित प्रकोपका घटना हुन सक्ने आकलन गर्दे स्थानीय विपद् व्यवस्थापन समितिको संयोजकत्वमा बैठक बसी छलफल गर्ने, कार्ययोजना निर्माण तथा बिषयगत क्षेत्रहरुको पूर्वतयारी क्षमता अभिबृद्धिकालागि साझेदार गैह्रसरकारी संस्थासंगको सहकार्यमा विभिन्न गतिविधि सञ्चालन हुदै आइरहेको छ । उपमहानगरपालिकाको विपद् तथा जलवायु उत्थानशील योजना निर्माण गरी सकिएको छ । वडा स्तरीय विपद् व्यवस्थापन समितिको गठन गरिसकिएको छ । प्रकोपका कारण उत्पन्न संकटासन्नता अवस्थाको क्षति आकलन गर्नका लागि द्रुत लेखाजोखा कार्यविधि अनुसार वडामा छुट्टै संरचना तयार गर्नुपर्ने अवस्था छ ।

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका कार्यहरु भईरहेको भएतापनि सूचना व्यवस्थापनलाई अझ चुस्त दुरुस्त राख्न उपमहानगरपालिकामा विपद् व्यवस्थापन श्रोत केन्द्रको आवश्यकता महशुस गरिएको छ । साथै तत्काल विपद्का घटनाको सूचना संकलनमा प्रहरी, वडाका संरचनाहरु, नेपाल रेडक्रस सोसाइटीका शाखा, उपशाखाहरु र आधिकारिक सूचना अद्यावधिकका लागि नगर कार्यपालिकाका साथै स्थानीय अन्य सरोकारवालाहरुलाई जोड्नु नितान्त आवश्यक देखिन्छ । स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रको स्थापना गरी विपद् व्यवस्थापनको कार्यलाई अझ ब्यवस्थित, सक्रिय र थप क्षमतावान बनाउनु पर्ने आवश्यकता देखिएको छ ।

विपद व्यवस्थापन क्षेत्रमा काम गर्ने संघसंस्था, सञ्चार क्षेत्र, एम्बुलेन्सहरूको विवरण तथा आपत्कालीन अवस्थामा प्रयोग गर्नका लागि खोज तथा उद्धार सामग्रीहरूलाई अनुसूचीमा राखिएको छ ।

## २.९ विपद् पूर्वतयारी र प्रतिकार्यका लागि गर्नु पर्ने थप कामहरू

स्थानीय, प्रदेश, संघीय तहबाट जारी भएका नीतिगत दस्तावेजहरू, उपमहानगरस्तरीय कार्यशाला, वडास्तरमा भएका परामर्श कार्यशाला समेतको आधारमा यस उपमहानगरपालिकामा निम्न लिखित क्षेत्रका कामहरूलाई योजनाबद्ध तरिकाले काम गर्नु पर्ने देखिन्छ ।

### २.९.१ नीतिगत विकासको क्षेत्रमा गर्न बाँकी कामहरू

- बार्षिक र आवधिक योजना निर्माणका क्रममा विपद् तथा जलवायु उत्थानशील योजना र विपद पूर्वतयारी तथा प्रतिकार्य योजनालाई अनिवार्य आधार वनाउनका लागि नीतिगत निर्णय गर्ने ।
- पहिचान भएको जोखिम क्षेत्रका मानिसहरूलाई अस्थायी आवासको ब्यवस्था गर्न वडामा कम्तीमा एक स्थानमा सुरक्षित स्थान पहिचान गरी पूर्वाधार निर्माण गर्ने ।

### २.९.२ क्षमता विकास कार्यक्रम

- टोल संगठनहरूलाई विपद् व्यवस्थापनको क्षेत्रमा नियमित क्षमता विकास गरी विपद् व्यवस्थापनमा परिचालन गर्न बार्षिक योजनालाई केन्द्रित गर्ने ।
- पालिका र वडास्तरका विपद् व्यवस्थापन समितिका पदाधिकारीहरूलाई आफ्नो जिम्मेवारीको वारेमा नियमित क्षमता विकासका तालिम दिने ।
- सम्वन्धित समूहहरूलाई द्रुत लेखाजोखा, मिरा, खोज तथा उद्धार सम्बन्धी तालिम उपलब्ध गराएर तयारी अवस्थामा राख्ने ।
- कम्तिमा २ महिनामा १ पटक सामान्य अवस्थामा पनि क्लष्टरहरूको वैठक राख्ने र पूर्वतयारीका कामहरूका लागि सूचना आदान प्रदान गर्ने ।
- पूर्वसूचना प्रणाली तथा पूर्वचेतावनी प्रणालीको सुदृढीकरण गर्ने ।

# परिच्छेद : तीन
# सामान्य पूर्वतयारी योजना

## ३.१ प्राथमिकता प्राप्त रणनीतिक पूर्वतयारी

विपद्को सम्भावना र त्यसबाट हुनसक्ने जनधनको क्षति कम गर्न स्थानीय विपद् व्यवस्थापन समितिले सुरक्षाका विभिन्न गतिविधि गर्नेछ। विपद् पूर्वतयारीका साथै विकास प्रक्रियामा विपद् जोखिम न्यूनीकरण विधिलाई मूलप्रवाहीकरण गर्ने सोच अघि बढाउन र यस योजनाको नियमित रूपमा अध्यावधिक गर्न निम्न रणनीतिक क्रियाकलापहरु समावेश गरिएको छः

तालिका नम्वर ८ : रणनीतिक पूर्वतयारी

| क्रसं | रणनीतिक गतिविधि | परिमाण | जिम्मेवारी | समय |
|---|---|---|---|---|
| १. | सबै वडामा वडास्तरीय विपद व्यवस्थापन समिति गठन गरी क्रियाशिल गराउने । नियमित बैठकको आयोजना गर्ने । | २४ वटा | उपमहानगरपालिका<br>वडा समिति | गठन भैसकेको |
| २. | उपमहानगरपालिकामा विपद्को समयमा कार्य गर्ने देहायका विषयगत क्षेत्रहरु गठन गरी बार्षिक कार्ययोजना तयार गर्न लगाइ तम्तयारीमा राख्ने र अन्तर कार्यदल समन्वय संयन्त्रको विकास गर्ने<br>• समग्र व्यवस्थापन सूचना, खोज तथा उद्धार विषयगत क्षेत्र<br>• खाद्य तथा कृषि विषयगत क्षेत्र<br>• स्वास्थ्य तथा पोषण विषयगत क्षेत्र<br>• खानेपानी तथा वातावरण स्वच्छता प्रवर्द्धन विषयगत क्षेत्र<br>• आपत्कालीन आश्रय तथा गैरखाद्य सामग्री विषयगत क्षेत्र<br>• सुरक्षा तथा संरक्षण विषयगत क्षेत्र<br>• आपत्कालीन शिक्षा विषयगत क्षेत्र<br>• शीघ्र पुनर्लाभ विषयगत क्षेत्र | कम्तिमा ३ पटक बैठक बस्ने | उपमहानगरपालिका<br>वडा समिति | उपमहानगरपालिकामा गठन भएको र अब नियमित बैठक र समन्वय बैठक वर्षमा कम्तिमा ३ पटक गर्ने |
| ३. | जनप्रतिनिधिहरु, वडा र उपमहानगरपालिकामा गठित विपद् व्यवस्थापन समितिका पदाधिकारीहरुका लागि विपद् व्यवस्थापन र आधारभूत मानवीय सहायता मापदण्ड एवं स्फेयर तालिमको व्यवस्था गर्ने । | वार्षिक २ वटा तालिम | उपमहानगरपालिका | ६ महिना भित्र |
| ४. | कृत्रिम घटना अभ्यास तालिमको आयोजना गर्ने र हरेक वर्ष विद्यालय र समुदायमा वार्षिक २ पटक कृत्रिम घटना अभ्यास गर्ने। | वार्षिक २ पटक | उपमहानगरपालिका सुरक्षा निकायहरु | हरेक वर्ष जेष्ठ र कार्तिक महिनामा |
| ५. | पेट्रोल पम्प र ग्याँस डिपो/डिलरहरुको बैठक गर्ने । नियमित अनुगमन गरी न्यूनतम सुरक्षाका उपाय तथा पूर्वतयारी गर्न अनिवार्य गर्ने ।<br>पेट्रोल पम्प र ग्याँस डिलरका कर्मचारी तथा व्यापारीहरुलाई अग्नी नियन्त्रण तालिमको व्यवस्था गर्ने । | बैठक २ वटा र तालिम १ वटा बार्षिकरुपमा | उपमहानगरपालिका पेट्रोल पम्प र ग्याँस डिपोहरु | उपयुक्त समयमा |
| ६. | उपमहानगरपालिका क्षेत्रमा सञ्चालित उद्योगका जिम्मेवार पदाधिकारीहरु संग औद्योगिक प्रदूषण र विपद् व्यवस्थापनका विषयमा अन्तरकृया गर्ने । | वार्षिक २ पटक | उपमहानगरपालिका | वैशाख महिनामा र मंसिर महिनामा |

| क्रसं | रणनीतिक गतिविधि | परिमाण | जिम्मेवारी | समय |
|---|---|---|---|---|
| ७. | भान्साकोठाको सुरक्षा र पूर्वतयारी सम्बन्धी गृहिणीहरुलाई तालिम/अभिमुखीकरण गर्ने । अगुवा महिला तथा स्वयंसेविकाहरु लाई तालिम दिएर उनीहरु मार्फत अभिमुखीकरण गराउने । | २ तालिम र २४ वडामा अभिमुखीकरण | उपमहानगरपालिका | प्रत्येक वडामा हरेक वर्ष एउटा कार्यक्रम |
| ८. | वडा र उपमहानगरपालिका तहमा आधारभूत खोज तथा उद्धार तथा विषयगत क्षेत्रका लागि आवश्यक पर्ने सामग्रीहरु थप खरिद गरी तयारी अवस्थामा राख्ने ।<br>युवा क्लव तथा महिलाहरु लाई संगठित गरी स्थानीय स्रोत साधनहरुबाट उद्धार तथा व्यक्तिगत सुरक्षा सामग्रीहरु तयार गर्ने सीप प्रदान गर्ने । जस्तैः पानी बोतल, गाग्री, ग्यालेन आदिको प्रयोग गरेर लाईफ ज्याकेट बनाउन तथा तन्ना कम्बल आदिबाट स्ट्रेचर बनाउन । | सामग्री खरिद वार्षिक १ पटक र तालिम वार्षिक १ पटक | उपमहानगरपालिका<br>वडा समिति | प्रत्येक वर्ष मौसमजन्य विपद हुनु पूर्व |
| ९. | द्रुत लेखाजोखा कार्यदल तयार गरी तालिमको व्यवस्था गर्ने । | वार्षिक १ | उपमहानगरपालिका | प्रत्येक वर्ष |
| १०. | विपद् जोखिम व्यवस्थापनबारे समुदायमा जनचेतना अभिवृद्धि गर्ने। | वडागत रुपमा वार्षिक १ | उपमहानगरपालिका | प्रत्येक वर्ष |
| ११. | **मानव संसाधन विकास तथा व्यवस्थापनः**<br>प्रत्येक वडा र सङ्कटासन्न समुदायमा वार्षिक ४८ जनालाई तालिम दिएर उद्धारकर्मी तथा प्राथमिक उपचारक टिम तयार गर्ने ।<br>वडा र समुदायमा आधारित विपद् व्यवस्थापन समितिहरू गठन गर्ने र क्रियाशिल गराउने ।<br>विपद्को समयमा उद्धारमा खटाउन सकिने स्वयमसेवकहरु (महिलाको समेत) को वडागत नामावली अद्यावधिक गर्ने ।<br>गठन भएका सबै कार्यदलको चौमासिक बैठक गरी मौसमी प्रकोपको पूर्वतयारी गर्न लगाउने । | प्रा उ २४ जना खोज तथा उद्धार २४ जना<br><br>३ बैठक | उपमहानगरपालिका वडा समिति | हरेक वर्ष |
| १२. | सुरक्षित स्थानको पहिचान गर्ने नक्साङ्कन गर्ने र हरेक वर्ष न्यूनतम ५ वटाका दरले सामुदायिक भवनहरु निर्माण गर्ने । | २० वटा | उपमहानगरपालिका<br>वडा समिति | निरन्तर |
| १३. | सुरक्षा निकायहरु, उपमहानगरपालिका, रेडक्रस, एम्बुलेन्सलगायत अत्यावश्यक सेवाप्रदायक तथा स्थानीय जनप्रतिनिधिहरुको सम्पर्क नम्बरको पर्चाहरु तयार गरी घरघरमा पुर्याउने व्यवस्था गर्ने । | १ पटक | उपमहानगरपालिका वडा समिति | ६ महिना भित्र |
| १४. | बाढी, भूकम्प, आगलागी, शीतलहर, वन्यजन्तु आतङ्क, हावाहुरी आदिको विषयमा समुदायमा पूर्वसूचना तथा चेतावनी प्रणालीको सञ्जाल तयार गर्ने । मोवाइल एप्स तयार गरी म्यासेजमा र भ्वाइस म्यासेजमा खवर गर्ने प्रणाली विकास गर्ने । | १ | उपमहानगरपालिका | १ वर्ष भित्र |
| १५. | महामारीबाट बच्न स्वास्थ्यकर्मीहरुलाई र प्रतिकार्यमा खटिने स्वयंसेवकहरुलाई व्यक्तिगत सुरक्षा सामग्रीहरुको वन्दोवस्त मिलाउने । | वार्षिक २ पटक | उपमहानगरपालिका, स्वास्थ्य केन्द्र, विषयगत क्षेत्रहरु | ६ महिना भित्र |

| क्रसं | रणनीतिक गतिविधि | परिमाण | जिम्मेवारी | समय |
|---|---|---|---|---|
| १६. | अस्पताल तथा स्वास्थ्य केन्द्रहरुमा आपत्कालीन अवस्थाको लागि औषधी तथा सामग्रीहरुको जोहो गरीराख्ने । | नियमित | उपमहानगरपालिका<br>स्वास्थ्य केन्द्र | सबै महिनामा र नियमित |
| १७. | मनसुन पूर्व, मनसुन पश्चात, शीतलहर पूर्व र हावाहुरी तथा आगलागी पूर्व पूर्वतयारी कार्यशालाको आयोजना गरी सम्भावित विपद्को लागि सरोकारवाला सबै निकायहरु निजी क्षेत्र तथा विषयगत क्षेत्रहरुलाई तम्तयारी अवस्थामा राख्ने । | वार्षिक ३ पटक | उपमहानगरपालिका विषयगत क्षेत्रहरु | हरेक वर्ष बैशाख आश्विन र मंसिर महिनामा (प्रकोप पात्रो अनुसार) |
| १८. | विपद् पूर्वतयारी कार्यशालाको आयोजना गरी निम्न कार्य गर्नेः<br>• विभिन्न प्रकोपबाट पर्ने सम्भावित प्रभाव र सङ्कटासन्न समुदाय र जनसङ्ख्या अध्यावधिक गर्ने,<br>• आपत्कालीन आश्रयस्थलहरू पहिचान गरी सूची तयार गर्ने,<br>• आपत्कालीन आश्रयस्थलमा आधारभूत भौतिक संरचना र सुविधाको विकासमा विषयगत क्षेत्रहरुबाट कार्यक्रम तर्जुमा गर्ने,<br>• वडा र उपमहानगरपालिकामा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था निजी क्षेत्र तथा दातृ निकायको सूची तयार गरी सहकार्य गर्ने, | | उपमहानगरपालिका<br>विषयगत क्षेत्रहरु | मौसमी प्रकोप पात्रो अनुसार क्षेत्रगत तयारी गर्न निजीक्षेत्र (व्यापार संघहरु निर्माण व्यवसाथी संघ... आदि) अत्यावस्यकीय तयारीको लागि सहमति गर्ने । |
| १९. | प्रारम्भिक द्रुत लेखाजोखा, मूल्यांकन र विस्तृत घरधुरी सर्वेक्षणका लागि तथ्याङ्क संकलनका फाराम तथा प्रारूप तयार गर्ने । | २०० प्रति | उपमहानगरपालिका विषयगत क्षेत्रहरु | ६ महिना भित्र |
| २०. | सम्भव भएसम्म घरघरमा नभए कमसेकम टोलगतरुपमा र सबै कार्यालयहरु, उद्योगहरु आदिमा अग्नी शमनयन्त्र (Fire Extenguiser) राख्ने । स्थानीय आगो निभाउने प्रविधि र सामग्रीहरुको प्रवर्द्धन गर्ने । | नियमित | व्यक्ति स्वयं सम्बन्धित कार्यालय | तत्काल शुरु गर्ने |
| २१. | वन्यजन्तु, सामुदायिक कुकुर र अन्य छाडा पशुचौपायाहरुको आतङ्कबाट प्रभावित समुदायहरुमा जनावर र मानिस बीचको सम्बन्ध सुधार हुने प्रकारका विधि प्रकृयाको अध्ययन गरी कार्य गर्ने । | १ अध्ययन प्रतिवेदन | उपमहानगरपालिका | ६ महिना भित्र |
| २२. | जनसङ्ख्या, सङ्कटासन्न समुदाय, सामाजिक सेवा क्षमता प्रणाली, सुरक्षा स्थिति, जिविकोपार्जन, बसोबासको व्यवस्था, खुल्ला खाली ठाउँहरु, यातायात र पूर्वाधार, स्थानीय रूपमा उपलब्ध स्रोत/सुविधाहरू, हेलिप्याड र ड्रप जोन आदि तथ्याङ्कहरु संकलन गर्ने । | नियमित र आवश्यकता अनुसार | उपमहानगरपालिका | हरेक वर्ष |
| २३. | पूर्वतयारी र प्रतिकार्यका लागि गरिने निर्णय र क्रियाकलापहरुमा विपद् प्रभावित तथा संकटासन्न समुदाय महिला अपाङ्गता भएका व्यक्तिहरु बालबालिका जेष्ठ नागरिक पिछडिएको समुदाय र वर्गको सहभागितालाई सुनिश्चित गर्ने । | हरेक क्रियाकलापमा | उपमहानगरपालिका विषयगत क्षेत्रहरु | हरेक वर्ष |

# परिच्छेद : चार

## आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्य योजना (सम्पूर्ण विषयगत क्षेत्रहरूको लागि)

बारा जिल्लाको जीतपुरसिमरा उपमहानगरपालिका भौगोलिक बनावटका हिसाबले केही भाग पहाड र अधिकाँस भाग तराईको क्षेत्र भएकाले यहाँ डुवान र जमिन कटानको जोखिम सबै वडामा केही न केही रहेको छ। विगतका वर्षहरुमा पनि जीतपुरसिमरा उपमहानगरपालिकाका कतिपय भागमा बाढी र जमिन कटानबाट बस्ती विस्थापन भैसकेका छन् भने कृषियोग्य जमिन नष्ट हुने र पूर्वाधार क्षति हुने घटना भइरहेका छन् । उपमहानगरपालिका क्षेत्रमा बग्ने दुधौरा खोला, सिर्सिया खोला, बालगंगा खोला, पसाहा खोलाका साथै कियासोती, काँठखोला, कठोह, बजनी पैनी, सिमाना खोला, बाहुनी खोला, भाङ्ग्रे खोला, कठौनी, खप्चे, बेङ्गाई, डोरा, किर्किच्चा, बिजौरी, मुल खोला, अटेर खोला, चुरे खोला, चुहार खोला,ढल्के खोला, सञ्ज खोला, बंगेटीलगायतका खोला पैनीहरुमा आउने बाढीका कारण उपमहानगरपालिकाका प्रायः सबै वडाहरु निकै जोखिममा रहेका छन् । भूकम्प, सडक दुर्घटना, वन्यजन्तु आतङ्क, प्रदूषण, शीतलहर, तातो हावाको लहर, आगलागी, हावाहुरी जस्ता प्रकोपका कारण पनि विपद् हुने गरेका छन् । अर्कोतर्फ, गर्मी र अत्यधिक आर्द्रताको कारण जलजन्य र सरुवा रोगहरुको संक्रमणको जोखिम पनि उच्च हुँदै गइरहेको छ। विशेष गरी पानीजन्य रोग, छालाजन्य समस्या र श्वासप्रश्वासका रोगहरु वृद्धि हुने सम्भावना छ। गर्मी र तातो हावाका लहरले गर्दा विशेष जोखिममा पर्ने समूहहरु बालबालिका, जेष्ठ नागरिक र स्वास्थ्य समस्या भएका व्यक्ति रहनेछन्।

यसका अतिरिक्त जीतपुरसिमरा उपमहानगरपालिकामा सडक दुर्घटना, वन्यजन्तु आतङ्क (हात्ती, बाँदर, बाघ, निलगाई, ...), आगलागी, हावाहुरी, शीतलहर, तातो हावाको लहर, चट्याङ, सुख्खा खडेरीलगायतका प्रकोपहरुको कारण पनि जनजीवन प्रभावित भइरहेको छ ।

बाढी, पहिरो र गर्मीजन्य विपद् जोखिम न्यूनीकरण तथा आपत्कालीन पूर्वतयारीलाई विशेष प्राथमिकता दिन आवश्यक छ। जोखिम न्यूनीकरण र आपत्कालीन व्यवस्थापनका लागि आवश्यक स्रोत, साधन, पूर्वसूचना प्रणाली र समन्वयकारी संयन्त्रहरु तत्काल सुदृढ गर्न जरुरी छ। यस पालिकाको जोखिम विश्लेषणका आधारमा यस वर्षको सम्भावित जोखिमको आंकलन निम्न तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नम्वर ९ : जीतपुरसिमरा उपमहानगरपालिकाको २०८२/२०८३ सालको जोखिम आकलन

| वडा | जम्मा घरधुरी | जम्मा जनसंख्या | बाढी र डुवानको सम्मुखतामा रहेका घरधुरी | औसत परिवार संख्या | अनुमानित प्रभावित जनसंख्या | अपाङ्गता | बाल बालिका ०-४ वर्ष | जेष्ठ नागरिक |
|---|---|---|---|---|---|---|---|---|
| १. | २२५७ | ८९३३ | ० | ३.९६ | ० | | ५४० | २८१ |
| २. | २५७६ | १०५४८ | ० | ४.०९ | ० | | ६७६ | २८२ |
| ३. | ९०३ | ३९६४ | ६० | ४.३९ | २६३ | | २७४ | १६१ |
| ४. | ११३१ | ५२२४ | ० | ४.६२ | ० | | ४२१ | २१३ |
| ५. | ८८९ | ४५७३ | १२० | ५.१४ | ६१७ | | ४३२ | १२१ |
| ६. | ३५४ | २०९० | १२ | ५.९० | ७१ | | २०२ | ५६ |
| ७. | २७५२ | १४७१९ | ३५ | ५.३५ | १८७ | | १४६४ | २५८ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ८. | ८३९ | ५२२३ | ३३ | ६.२३ | २०६ | | ५८० | ११४ |
| ९. | ६२८ | ३२९२ | ० | ५.२४ | ० | | २९६ | ७८ |
| १०. | ५९९ | ३९३४ | ० | ६.५७ | ० | | ४२६ | १०२ |
| ११. | ९३५ | ५२६८ | ३८ | ५.६३ | २१४ | | ५५३ | १५५ |
| १२. | ८५८ | ४५४२ | ० | ५.२९ | ० | | ३८५ | १३१ |
| १३. | ३५५ | १९४६ | ० | ५.४८ | ० | | १५२ | ५६ |
| १४. | ११७७ | ५१७७ | १५० | ४.४० | ६६० | | ४३० | १९० |
| १५. | १४१२ | ५९५६ | १०० | ४.२२ | ४२२ | | ४६७ | ३१४ |
| १६. | ११७३ | ४७४१ | १४५ | ४.०४ | ५८६ | | ३४४ | २६८ |
| १७. | ९८३ | ४४२६ | ० | ४.५० | ० | | ३६९ | २०५ |
| १८. | १११९ | ५४६७ | ६० | ४.८९ | २९३ | | ४५२ | २२३ |
| १९. | ९७३ | ६१६६ | १३५ | ६.३४ | ८५६ | | ७१७ | २०८ |
| २०. | ९९० | ५९९३ | १२० | ६.०५ | ७२६ | | ७४७ | १७८ |
| २१. | ८०२ | ३७६४ | २५ | ४.६९ | ११७ | | २४२ | ९३ |
| २२. | ७०७ | ३३२७ | २३८ | ४.७१ | ११२१ | | २५८ | ८७ |
| २३. | ५४२ | ३५२० | ६५ | ६.४९ | ४२२ | | ४३८ | ६३ |
| २४. | ६९६ | ४५१४ | ० | ६.४९ | ० | | ६५४ | १४० |
| जम्मा | २५६५० | १२७३०७ | **१३३६** | ४.९६ | ६६२६ | २४०३ | ११५१९ | ३९७८ |

श्रोत : वडास्तरीय जोखिम विश्लेषण २०८२

नोटः जीतपुरसिमरा उपमहानगरपालिकामा खोला किनारमा रहेका **१,३३६ परिवारका ६,६२६** जनसंख्या बाढी कटान तथा डुवानबाट प्रभावित हुनसक्ने आकलन गरिएको छ ।

## ४.१ विषयगत क्षेत्रहरु तथा कार्य जिम्मेवारी

### ४.१.१ विषयगत क्षेत्र (Cluster) को परिचय

विपद् प्रभावित व्यक्ति, परिवार र समुदायहरुलाई आधारभूत मानवीय सेवा उपलब्ध गराउनका लागि विशेषज्ञता तथा कार्यक्षेत्रका आधारमा कार्य जिम्मेवारीको बाँडफाँट नै विषयगत क्षेत्र हो। मानवीय सेवाहरुलाई व्यवस्थित गर्न विषयगत क्षेत्र सन् २००५ देखि शुरु भएको हो। संघीय मामीला तथा सामान्य प्रशासन मन्त्रालयले २०७८ मा स्थानीय तहहरुको लागि जारी गरेको निर्देशिका अनुसार स्थानीय विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको लागि ८ वटा विषयगत क्षेत्रहरुको परिकल्पना गरेको छ। विशेषज्ञता हासिल गरेका समूहले आ-आफनो क्षेत्रको जिम्मेवारी लिदा मानवीय सहयोगको कार्य व्यवस्थापन र प्रभावकारी हुन्छ। क्षेत्रगत अवधारणाको प्रमुख विशेषज्ञता देहाय अनुसार रहेका छन् ।

१. विपद्को समयमा प्रभावित समुदायसम्म आफ्नो उपस्थिति कायम राख्छ।

२. विपद् प्रतिकार्य, खोज, उद्धार र राहत व्यवस्थापन प्रकृयामा विशेषज्ञताको प्रयोग हुन्छ।

३. मानवीय सहयोगलाई प्रभावकारी, जिम्मेवारी र उत्तरदायी वनाउने कार्यलाई सुनिश्चित गर्छ।

४. मानवीय सहयोगको क्षेत्रको पहिचान गरी त्यस अनुरुप सहयोगको खाका तयार गर्छ।
५. प्रतिकार्यमा देखिएको कमि कमजोरीहरुमा सुधार गरी कार्ययोजनाको समिक्षा गर्दै आवश्यकतानुसार जिम्मेवारी निर्धारण तथा परिमार्जन गर्छ।

### ४.१.२ विषयगत क्षेत्रको उद्देश्य

विषयगत क्षेत्रका प्रमुख उद्देश्य देहाय अनुसार रहेका छन् ।

१. क्षेत्रगत रूपमा मानवीय सहयोगलाई प्रभावकारी बनाउनु,
२. आपत्कालीन पूर्वतयारीलाई चुस्त दुरूस्त र कार्यान्वयन योग्य बनाउनु,
३. क्षेत्रगत समस्याको लेखाजोखा र समाधानका उपायको लागि विशेषज्ञ परिचालन गर्नु,
४. समन्वय र समझदारी अभिवृद्धि गर्नु,
५. क्षेत्रगत ज्ञान, सीप, प्रविधिको प्रभावकारी कार्यान्वयन गर्नु।

### ४.१.३ विषयगत क्षेत्रको नेतृत्व गर्ने निकाय र सदस्यहरु

यस योजनामा निम्नअनुसार ८ वटा विषयगत क्षेत्र निर्धारण गरिएको छ । विषयगत क्षेत्रको नेतृत्व गर्ने निकायले अन्य सदस्यसँग समन्वय गरी काम गर्नेछन् ।

१. समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्र
२. खाद्य तथा कृषि क्षेत्र
३. स्वास्थ्य तथा पोषण क्षेत्र
४. खानेपानी तथा वातावरण स्वच्छता प्रवर्द्धन क्षेत्र
५. आपत्कालीन आश्रय तथा गैरखाद्य सामग्री क्षेत्र
६. संरक्षण तथा सुरक्षा क्षेत्र
७. आपत्कालीन शिक्षा क्षेत्र
८. शीघ्र पुनर्लाभ क्षेत्र

## ४.२ विषयगत समितिहरुको विपद् व्यवस्थापनको लागि पूर्वतयारीका कृयाकलापहरु

### ४.२.१ समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्र

तालिका नम्बर १० : समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्रका सदस्यहरुको विवरण

| क्रसं | निकाय तथा संस्था | नाम | पद | फोन मोवाइल |
|---|---|---|---|---|
| १ | उपमहागरपालिका प्रमुख | राजन पौडेल | संयोजक | ९८५५०४५०३६ |
| २ | उपमहानगरपालिका उप प्रमुख | भोला प्रसाद अधिकारी | सदस्य | ९८५५०२११६३ |
| ३ | प्रमुख प्रशासकीय अधिकृत | डमरु प्रसाद निरौला | सदस्य | ९८५५०७५१११ |
| ४ | सामाजिक विकास विषयगत समिति संयोजक | चयन गुरुङ | सदस्य | ९८११८५१५१५ |
| ५ | आर्थिक विकास विषयगत समिति संयोजक | सुवास श्रेष्ठ | सदस्य | ९८४५१०४०४८ |
| ६ | पूर्वाधार विकास विषयगत समिति संयोजक | रसुल मिया अन्सारी | सदस्य | ९८१५२९१९२१ |
| ७ | वातावरण तथा विपद व्यवस्थापन समिति संयोजक | धन बहादुर श्रेष्ठ | सदस्य | ९८४५१३०७३८ |
| ८ | संस्थागत विकास तथा सुशासन विषयगत समिति संयोजक | संजय प्रसाद पटेल | सदस्य | ९८४५०६०२५१ |

| क्रसं | निकाय तथा संस्था | नाम | पद | फोन मोवाइल |
|---|---|---|---|---|
| ९ | सशस्त्र प्रहरी बल नेपाल सुरक्षा वेश जीतपुर | वेश प्रमुख | सदस्य | ९८४१८२०४०१ |
| १० | ईलाका प्रहरी कार्यालय सिमरा | कार्यालय प्रमुख | सदस्य | ९८५५०२४३९९ |
| ११ | नगर प्रहरी प्रमुख | रविन खड्का | सदस्य | ९८६६१८९९१६ |
| १२ | सूचना शाखा प्रमुख | ई. संघर्ष विडारी | सदस्य | ९८४५२९००८७ |
| १३ | नेपाल रेडकस सोसाइटी पालिका प्रतिनिधि | शिव कुमार शर्मा | सदस्य | ९८५५०२२५२९ |
| १५ | पत्रकार महासंघ पालिका प्रतिनिधि | रंजन यादव | सदस्य | ९८४५७८९०९५ |
| १६ | उद्योग तथा व्यापार संगठनका पालिका प्रतिनिधि | गजेन्द्र कुमार गुप्ता | सदस्य | ९८५११२४८११ |
| १७ | वातावरण तथा विपद् व्यवस्थापन शाखा प्रमुख | ई. पुष्पा सिंह | सदस्य सचिव | ९७६६१७८३१० |

**समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्रको क्षेत्रगत उद्देश्य**

१. विपद्को समयमा सरकार, दातृ निकाय, सबै क्षेत्र (Cluster), सहयोगी संस्था तथा नागरिक समाजबीच समन्वय गर्ने

२. निर्धारित समयभित्र तथ्य तथ्याङ्कहरुको विवरण तयार गर्ने र आवश्यकताको पहिचान र सूचना आदान प्रदान गर्ने

३. सूचना प्रवाहको वैकल्पिक उपाय पहिचान गरी सूचना प्रवाहलाई चुस्त वनाउने ।

४. नियमित रूपमा अनुगमन गरी विषयगत समितिहरुलाई पृष्ठपोषण दिनु ।

५. प्रतिकार्यका सन्दर्भमा आवश्यकताअनुसार जिल्ला, प्रदेश र संघीय स्तरमा सम्पर्क र समन्वय गर्नु ।

६. आपत्कालीन खोज तथा उद्धार गरी मानवीय क्षति न्यून गर्ने ।

७. प्रतिकार्यका सन्दर्भमा आवश्यकता अनुसार सम्पर्क र समन्वय गर्नु ।

८. समितिले सम्बन्धित वडा अध्यक्षको समन्वयमा कार्यक्रम सञ्चालन गर्ने ।

तालिका नम्वर ११ : समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्रको पूर्वतयारी योजना

| क्रस | पूर्वतयारीको कृयाकलापहरु | नेतृत्व | सहयोगी निकाय तथा संस्था | समय | अवश्यक वजेट रु हजारमा |
|---|---|---|---|---|---|
| १ | स्थानीय सरोकारवालाहरुको सहभागितामा पूर्वतयारी बैठक र कार्यशालाको आयोजनाः मनसुन प्रारम्भ हुनुअघि पूर्वतयारी बैठक गर्ने। पालिकाको जोखिमपूर्ण वस्तीहरुको पहिचान, घरधुरी, जनसंख्याको तथ्याङ्कहरु अध्यावधिक गर्ने। | समग्र व्यवस्थापन सूचना, खोज तथा उद्धार विषयगत क्षेत्र | सबै क्षेत्रका प्रमुख, सरोकारवाला निकायहरु, सुरक्षा निकाय, गैसस | पहिलो वैठक असारको दोश्रो हप्ता भित्र क्षेत्रगत समिक्षा र अन्तिम कार्यशाला असार मसान्त भित्र | १० (चिया नास्ताको लागि) यसमा अन्य संघसंस्थालाई पनि समन्वय गरी साझेदारी गर्न सकिन्छ। |
| २ | द्रुत सर्वेक्षण टोली गठन गर्ने र द्रुत सर्वेक्षण सम्बन्धी तालिम दिइ तयारी हालतमा राख्ने | विषयगत क्षेत्र | सरोकारवाला निकायहरु, वडा कार्यालय, गैसस | मनसुन पूर्व | ५० |

| क्रस | पूर्वतयारीको कृयाकलापहरु | नेतृत्व | सहयोगी निकाय तथा संस्था | समय | अवश्यक वजेट रु हजारमा |
|---|---|---|---|---|---|
| ३ | वडास्तरमा प्रकोपको जोखिम नक्शा तयार गरी जोखिम क्षेत्रहरुमा होर्डिङ वोर्ड राख्ने । | विषयगत क्षेत्र | वडा समिति, गैससहरु | मनसुन पूर्व | संस्थागत पहल |
| ४ | विपद पूर्वतयारी तथा प्रतिकार्यमा काम गर्ने विकास साझेदार तथा निकायहरुको सूची तयार गरी अध्यावधिक राख्ने । | विषयगत क्षेत्र | वडा समिति, गैससहरु | मनसुन पूर्व | संस्थागत पहल |
| ५ | प्रभावितहरुको विवरण संकलन गर्ने जसका लागि सुत्केरी, गर्भवती, बालबालिका, अपाङ्गता भएका व्यक्ति, एकल महिला र जेष्ठ नागरिकको विवरण समेटिने गरी आवश्यक फारम विकास गरिनेछ। | विषयगत क्षेत्र | पालिका, विषयगत क्षेत्र प्रमुहहरु, गैसस, पत्रकार | मनसुन पूर्व | आवश्यकता अनुसार समन्वय गरेर |
| ६ | प्रारम्भिक द्रुत लेखाजोखा (IRA) र बहुक्षेत्र प्रारम्भिक द्रुत लेखाजोखा (MIRA) सम्बन्धी अभिमुखीकरण तालिम सञ्चालन गर्ने र यसका लागि फाराम र प्रकृयागत कार्यविधिहरु तयार गर्ने | विषयगत क्षेत्र | पालिका, अन्य निकाय तथा गैसस, टेलिकम, एनसेल | मनसुनको अवस्था अनुसार | १०० |
| ७ | मनसुन पूर्वतयारीको लागि  बाढी, हुरीवतास, आगलागी, महामारी जस्ता विपद्लाई समेटेर चेतनामुलक रेडियो जिंगल तथा पम्प्लेटहरु तयार गरी स्थानीय भाषामा प्रसारण गर्ने । | विषयगत क्षेत्र | गाउँसभा, कार्यपालिका | मनसुन पूर्व | संस्थागत पहल |
| ८ | पालिकामा आपत्कालीन कार्यसञ्चालन केन्द्र स्थापना र सञ्चालन गर्ने। | विषयगत क्षेत्र | पालिका, वडा समिति, गैसस | मनसुन पूर्व | १० |
| ९ | विस्थापितहरुको पहिचानका लागि आवश्यक संख्यामा परिचयपत्र छपाई गरी तयारी अवस्थामा राख्ने | विषयगत क्षेत्र | पालिका, गैससहरु | मनसुन पूर्व | ५० |
| १० | विपद् व्यवस्थापन समितिका पदाधिकारी र जनप्रतिनिधिहरुलाई विपद् तथा आधारभूत मानवीय सहायताका मापदण्ड सम्बन्धी तालिम दिने । | विषयगत क्षेत्र | स्वास्थ्य तथा संरक्षण क्लष्टर | निरन्तर | स्वास्थ्य तथा वन वातावरण र विपद् व्य। शाखा |
| ११ | बाढी, भूकम्प, आगालागी, महामारी, हावाहुरी आदिको विषयमा समुदायमा पूर्वसूचना प्रणालीको प्रसारण सामग्री तयार गर्ने। मोवाइल म्यासेजमा र भ्वाइस म्यासेजमा खवर गर्ने प्रणाली विकास गर्ने। | विषयगत क्षेत्र | पालिका, गैससहरु विद्यालयहरु | मनसुन पूर्व | १०० |
| १२ | तपसिल वमोजिमको मानव संसाधन विकास तथा व्यवस्थापन गर्ने ।<br>प्रत्येक वडा र सङ्कटासन्न समुदायमा उद्धारकर्मी तथा प्राथमिक उपचारक टोली प्रारम्भिक द्रुत लेखाजोखा टोली गठन भएका सबै कार्यदलको द्वैमासिक बैठक गरी मनसुन प्रकोपको पूर्वतयारी योजना तयार गर्न लगाउने । | समग्र व्यवस्थापन सूचना, खोज तथा उद्धार विषयगत क्षेत्र | वडा समिति, सुरक्षा निकाय, गैससहरु | मनसुन पूर्व | २०० |

<table>
<tr><th>क्रस</th><th>पूर्वतयारीको कृयाकलापहरु</th><th>नेतृत्व</th><th>सहयोगी निकाय तथा संस्था</th><th>समय</th><th>अवश्यक वजेट रु हजारमा</th></tr>
<tr><td>१३</td><td>बाढी, आगलागी तथा भूकम्पको समयमा आवश्यक खोज तथा उद्धारको सामग्रीहरु पहिचान गर्ने र स्थानीय सुरक्षा निकायमा भण्डारण गर्ने ।<br>सन्दर्भः बाढी, आगलागी, भूकम्प
<table>
<tr><td>हातेमाइक</td><td>Fire globs</td><td>कम्वल</td></tr>
<tr><td>टर्च</td><td>स्टेचर २ पिस</td><td>त्रिपाल २ थान</td></tr>
<tr><td>हेलमेट</td><td>टेण्ट, (उद्धार टोलीको लागि )</td><td>रजिष्टर १</td></tr>
<tr><td>घन</td><td>चस्मा</td><td>डटपेन १</td></tr>
<tr><td>पिक, वन्चरो</td><td>म्याट्रेस १० पिस</td><td>Fire blanket</td></tr>
<tr><td>नाइलन डोरी</td><td>फायर रोप ल्याडर</td><td>Fire boot</td></tr>
<tr><td>गमवुट</td><td>गल</td><td>Fire shoot</td></tr>
<tr><td>अग्नीसमन यन्त्र</td><td>बोल्ट कटर</td><td>रेस्क्यु भेस्ट</td></tr>
</table></td><td>समग्र व्यवस्थापन सूचना, खोज तथा उद्धार विषयगत क्षेत्र</td><td>पालिका, विकास साझेदार</td><td>२०८३ जेष्ठ मसान्त भित्रमा</td><td>५००</td></tr>
<tr><td>१४</td><td>स्थानीय सामग्रीहरुको प्रयोगबाट खोज उद्धारको लागि आवश्यक सामग्री तयार गर्ने प्रशिक्षणहरु सञ्चालन गर्ने। जस्तै आगलागीको लागि फायर बिटर र पानी पम्प तथा पोखरीबाट पानीको व्यवस्था आदी</td><td>समग्र व्यवस्थापन सूचना, खोज तथा उद्धार विषयगत क्षेत्र</td><td>बाढी, आगलागी तथा भूकम्पको समयमा आवश्यक खोज तथा उद्धारको सामग्रीहरु पहिचान गर्ने र स्थानीय सुरक्षा निकायमा भण्डारण गर्ने</td><td>मनसुन पूर्व</td><td>१०० क्षमता विकासको लागि अन्य विकास साझेदारहरु सँग समन्वय गर्ने</td></tr>
<tr><td>१५</td><td>खोज तथा उद्धारको लागि समुदाय स्तरमा समुदायको सहभागितामा नमूना अभ्यास नियमिति गर्ने। (बाढी, आगलागी र भूकम्प)</td><td>विषयगत क्षेत्र</td><td>पालिका, विकास साझेदार, सुरक्षा निकाय</td><td>मनसुन पूर्व</td><td>१०</td></tr>
<tr><td>१६</td><td>कम्तीमा उपमहानगरपालिकाको सार्वजनिक भवनहरुमा अग्नी समन यन्त्र (Fire extinguishers) अनिवार्य स्थापना गर्ने।</td><td>विषयगत क्षेत्र</td><td>सबै विषयगत प्रमुख, सुरक्षा निकाय</td><td>मनसुन पूर्व</td><td>१००</td></tr>
<tr><td>१७</td><td>बाढी, पहिरो, आगलागी तथा भुकम्पको समयमा तत्कालीन आवासको लागि सुरक्षित स्थानहरुको अग्रिम पहिचान गरी राख्ने ।</td><td>विषयगत क्षेत्र</td><td>सबै विषयगत प्रमुखहरु, वडा कार्यालय,</td><td>मनसुन पूर्व</td><td>संस्थागत पहल (खर्च नलाग्ने)</td></tr>
</table>

### ४.२.२ खाद्य तथा कृषि विषयगत क्षेत्र

तालिका नम्बर १२ : खाद्य तथा कृषि विषयगत क्षेत्रको सदस्यहरुको विवरण

| क्रसं | निकाय तथा संस्था | नाम | पद | फोन मोवाइल |
|---|---|---|---|---|
| १. | कृषि शाखा प्रमुख | अनिश प्याकुरेल | संयोजक | |
| २. | कृषि ज्ञानकेन्द्रका प्रतिनिधि | गणेश महरा | सदस्य | ९८२८१४२५९७ |
| ३. | वडा सदस्य | सुरेश प्रसाद यादव | सदस्य | ९८२११२५३०९ |
| ४. | कृषि सहकारीका प्रतिनिधि | पुष्प खतिवडा | सदस्य | ९८५५०२२१२६ |
| ५. | कृषक समूहका प्रतिनिधि | सन्तोष कुमार यादव | सदस्य | ९८६५५११३९० |
| ६. | उद्योग बाणिज्य संघ नगर प्रतिनिधि | मुकुन्द रिजाल | सदस्य | ९८५५०२३४६७ |

**खाद्य तथा कृषि विषयगत क्षेत्रको उद्देश्य**

- विपद्को अवस्थामा प्रभावितहरुलाई तत्काल खाद्यसामग्री उपलब्ध गराउने,
- विस्थापित भई शिवीरमा बसेकाहरुलाई खाद्यसामग्री उपलब्ध गराउने,
- विस्थापित भई शिवीरमा बसेकाहरुलाई आवश्यक भाँडावर्तनको प्रबन्ध मिलाउने
- कृषिक्षेत्रमा भएको क्षतिको विवरण तयार गर्ने

तालिका नम्वर १३ : खाद्य तथा कृषि क्षेत्रको प्रतिकार्यको लागि पूर्वतयारी योजना

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | नेतृत्व | सहयोगी निकाय तथा संस्था | समय | आवश्यक वजेट (हजार) |
|---|---|---|---|---|---|
| १ | विपद्को अवस्थामा खाद्यान्न खरिद तथा आपूर्तिका लागि सम्भाव्य उद्योगहरु, वितरक कम्पनीहरु पहिचान गर्ने साथै सहयोग लिन सकिने कार्यालय, संस्थाहरुसँग समन्वय गर्ने । | खाद्य तथा कृषि क्षेत्र | उपमहानगरपालिका, उद्योग बाणिज्य संघ, कृषक सञ्जाल | आवश्यकता अनुसार वर्षमा २ पटक मनसुन पूर्व | संस्थागत पहल (खर्च नलाग्ने) |
| २ | विपद् प्रभावित हुनसक्ने ६६२६ जनालाई ३ दिनका लागि खाद्यान्नको व्यवस्था गर्ने | खाद्य तथा कृषि क्षेत्र | उपमहानगरपालिका, उद्योग वाणिज्य संघ, कृषक सञ्जाल | वर्षमा १ पटक मनसुन पूर्व | ३९८१ |
| ३ | तयारी खानेकुराका लागि तत्काल खरिद गर्न सकिने गरी पसलहरु पहिचान गर्ने वा अनुवन्ध करार गर्ने | खाद्य तथा कृषि क्षेत्र | वडा कार्यालय, | वर्षमा १ पटक मनसुन पूर्व | संस्थागत पहल (खर्च नलाग्ने) |
| ४ | विपद्को समयमा खाद्य सामग्री वितरण गर्ने तौरतरिका र प्रक्रिया बारे विषयक्षेत्रका सदस्यहरु बीच छलफल तथा कृत्रिम घटना अभ्यास गर्ने | खाद्य तथा कृषि क्षेत्र | उपमहानगरपालिका, उद्योग वाणिज्य संघ, कृषक सञ्जाल | वर्षमा १ पटक मनसुन पूर्व | ५० |
| ५ | विपद् पश्चात आवश्यकता अनुसार क्याम्प निर्माण गरी विस्थापितहरुलाई खाना खुवाउनको लागि उद्योग वाणिज्य संघसँग समन्वय गर्ने। संरक्षण प्रदान गर्नुपर्ने जस्तैः किशोरी, महिला, बालबालिकाका निम्ति सुरक्षा | खाद्य तथा कृषि क्षेत्र | उद्योग बाणिज्य संघ | विपदको बेलामा | संस्थागत पहल (खर्च नलाग्ने) |

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | नेतृत्व | सहयोगी निकाय तथा संस्था | समय | आवश्यक वजेट (हजार) |
|---|---|---|---|---|---|
| | निकायसँग आवश्यक समन्वय गर्ने। | | | | |
| ६ | कृषिक्षेत्रमा भएको क्षतिको विवरण लिनको लागि प्राविधिक टोलीलाई आवश्यक फर्मेट सहित तयारी हालतमा राख्ने। | खाद्य तथा कृषि क्षेत्र | समग्र व्यवस्थापन, खोज तथा उद्धार | मनसुन पूर्व | संस्थागत पहल (खर्च नलाग्ने) |

## ४.२.३ स्वास्थ्य तथा पोषण क्षेत्र

तालिका नम्बर १४ : स्वास्थ्य तथा पोषण क्षेत्रका पदाधिकारीहरुको विवरण

| क्रसं | निकाय तथा संस्था | नाम | पद | फोन मोवाइल |
|---|---|---|---|---|
| १. | स्वास्थ्य शाखा प्रमुख | रवि कुमार भास्कर | संयोजक | ९८४५६०२७५३ |
| २. | आयुर्वेद अस्पताल प्रमुख | विजय कुमार यादव | सदस्य | ९८०७६९९२२५ |
| ३. | निजी अस्पताल वा फार्मेसीका प्रतिनिधि | | सदस्य | |
| ४. | स्वयंसेविकामध्ये मनोनित एकजना | | सदस्य | |
| ५. | युवा समूह स्वयमसेवक प्रतिनिधि | | सदस्य | |
| ६. | जेष्ठ नागरिक प्रतिनिधि | | सदस्य | |
| ७. | अपाङ्गता भएका समूहहहरुको प्रतिनिधि | | सदस्य | |

**स्वास्थ्य तथा पोषण विषयगत क्षेत्रको उद्देश्य**

- विपदमा घाइते भएकाहरुको प्राथमिक उपचार गर्ने,
- महामारी हुनबाट बचाउने विधिहरु अवलम्बन गर्ने,
- शिवीरमा उपचार गर्न नसकिने प्रकृतिका स्वास्थ्य समस्या भएका बिरामी वा घाइतेलाई अस्पताल पुर्याई स्वास्थ्य उपचारको सुनिश्चितता गर्ने,
- महिला तथा बालबालिकामा पोषणको कमी भएमा त्यसबाट हुनसक्ने समस्याबारे पीडित र सरोकारवालाहरुलाई सचेत गर्ने,
- कोभिड जस्तै अन्य महामारीको संक्रमण, रोकथाम र नियन्त्रण गर्ने ।

तालिका नम्वर १५ : स्वास्थ्य तथा पोषण क्षेत्रको पूर्वतयारी योजना

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | नेतृत्व | सहयोगी निकाय तथा संस्था | समय | आवश्यक वजेट (हजार) |
|---|---|---|---|---|---|
| १ | विपद् पश्चात् तत्काल देखा पर्ने स्वास्थ्य समस्या समाधानका लागि **६६३६** जनालाई लक्षित गरी आवश्यक औषधी र पोषणको व्यवस्था गरिनेछ, जसमा बालबालिका, जेष्ठ नागरिक, दीर्घ रोगी र विशेष आवश्यकताका व्यक्तिहरुको तथ्याङ्कको आधारमा नियमित औषधी र पोषणयुक्त खाद्यान्न तयारी गरी आपत्कालीन अवस्थामा निरन्तर आपूर्ति | स्वास्थ्य तथा पोषण क्षेत्र | उपमहानगरपालिका, वडा कार्यालय, स्वयम सेविका, स्वास्थ्य शाखा | मनसुन पुर्व बर्षा १ पटक | १०० |

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | नेतृत्व | सहयोगी निकाय तथा संस्था | समय | आवश्यक वजेट (हजार) |
|---|---|---|---|---|---|
| २ | द्रुत प्रतिकार्य टोलीलाई पुनर्ताजगी तालिम तथा सामग्री व्यवस्थापन । | स्वास्थ्य तथा पोषण क्षेत्र | उपमहानगरपालिका, वडा कार्यालय, स्वयम सेविका, स्वास्थ्य शाखा | मनसुन पुर्व १ पटक | संस्थागत पहल (खर्च नलाग्ने) |
| ३ | प्रतिकार्यका लागि आवश्यक दक्ष मानव संशाधनको सूची तयारीर अद्यावधिक गर्ने | स्वास्थ्य तथा पोषण क्षेत्र | उपमहानगरपालिका, वडा कार्यालय, स्वयम सेविका, स्वास्थ्य शाखा | मनसुन पुर्व १ पटक | संस्थागत पहल (खर्च नलाग्ने) |
| ४ | स्वास्थ्य सम्बन्धी शिक्षण सामग्रीको व्यवस्था तथा स्वास्थ्य शिक्षाको लागि स्वास्थ्यकर्मीको व्यवस्था गर्ने | स्वास्थ्य तथा पोषण क्षेत्र | उपमहानगरपालिका, वडा कार्यालय, स्वयम सेविका, स्वास्थ्य शाखा | मनसुन पुर्व १ पटक | संस्थागत पहल (खर्च नलाग्ने) |
| ५ | डेंगु संक्रमण लगायत महामारी रोकथाम, नियन्त्रण र परीक्षण तथा उपचार सम्बन्धी जनचेतना अभिबृद्धि कार्यक्रम सञ्चालन गर्ने | स्वास्थ्य तथा पोषण क्षेत्र | उपमहानगरपालिका, वडा कार्यालय, स्वयम सेविका, स्वास्थ्य शाखा | मनसुन पूर्व आवश्यकता अनुसार | ५०० |
| ६ | विभिन्न संस्थाहरुसँग भएको स्वास्थ्य सरसफाइ सामग्रीहरुको मौज्दात विवरण सङ्कलन गर्ने । | स्वास्थ्य तथा पोषण क्षेत्र | उपमहानगरपालिका, वडा कार्यालय, स्वयम सेविका, कार्यरत संघसंस्था, विकास साझेदारहरु, | मनसुन पूर्व | संस्थागत पहल (खर्च नलाग्ने) |
| ७ | प्रत्येक विद्यायमा अनिवार्य हेण्डवास स्टेसन व्यवस्थापन गर्नको लागि सहजिकरण गर्ने । | स्वास्थ्य तथा पोषण क्षेत्र | उपमहानगरपालिका, वडा कार्यालय, स्वयम सेविका, कार्यरत संघसंस्था, विकास साझेदारहरु, | मनसुन पूर्व | संस्थागत पहल (खर्च नलाग्ने) |
| ८ | पालिका र आसपासका सरकारी, सामुदायिक तथा निजी स्वास्थ्य सेवा प्रदायक र उनीहरुसँग भएको स्रोतको सूची र सहयोगको खाका तयार गर्ने, मनोसामाजिक परामर्शकर्ताहरुको सुची तयार गर्ने। | स्वास्थ्य तथा पोषण क्षेत्र | उपमहानगरपालिका, वडा कार्यालय, स्वयम सेविका, स्वास्थ्य शाखा, विकास साझेदारहरु, RRT | मनसुन पूर्व | संस्थागत पहल (खर्च नलाग्ने) |
| ९ | स्वास्थ्य तथा पोषण क्षेत्रसँग समन्वय गरी ६ महिना देखि ५ बर्षमुनीको बालबालिका, जेष्ठ नागरिक, गर्भवती र सुत्केरी महिलाहरुको लागि १०० न्युट्रिसन किट भण्डारण गर्ने गराउने, सुरक्षित गर्भवती किट, बेबी केयर किटको भण्डारण समेत गर्ने। | स्वास्थ्य तथा पोषण क्षेत्र | उपमहानगरपालिका, वडा कार्यालय, स्वयम सेविका, स्वास्थ्य शाखा, विकास साझेदारहरु, RRT | मनसुन पूर्व | ७०० |

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | नेतृत्व | सहयोगी निकाय तथा संस्था | समय | आवश्यक वजेट (हजार) |
|---|---|---|---|---|---|
| १० | स्वास्थ्य शिविर सञ्चालनका लागि स्वास्थ्यकर्मीको सूची तयार गर्ने। अस्थायी स्वास्थ्य सिवीरका लागि सुरक्षित स्थान पहिचान गरि राख्ने। | स्वास्थ्य तथा पोषण क्षेत्र | उपमहानगरपालिका, वडा कार्यालय, स्वयम सेविका, स्वास्थ्य शाखा, विकास साझेदारहरु, RRT | मनसुन पूर्व | संस्थागत पहल (खर्च नलाग्ने) |
| ११ | एम्बुलेन्सको सहज परिचालनको लागि सूचीकरण गरी आवश्यक बन्दोवस्त मिलाउने । | स्वास्थ्य तथा पोषण क्षेत्र | उपमहानगरपालिका, वडा कार्यालय, स्वयम सेविका, स्वास्थ्य शाखा, विकास साझेदारहरु, RRT | मनसुन पूर्व | संस्थागत पहल (खर्च नलाग्ने) |
| १२ | उपमहानगरपालिकामा रहेका आइसोलेसन सेन्टरहरुलाई नियमित प्रयोगमा ल्याउने र आवश्यक पर्दा तत्काल मानवश्रोत परिचालन गर्ने गरी तयारी हालतमा राख्ने | स्वास्थ्य तथा पोषण क्षेत्र | उपमहानगरपालिका, वडा कार्यालय, स्वयम सेविका, स्वास्थ्य शाखा, विकास साझेदारहरु, RRT | मनसुन पूर्व | १००० |

## ४.२.४ खानेपानी तथा वातावरण स्वच्छता प्रवर्द्धन क्षेत्र

तालिका नम्बर १६ : खानेपानी तथा वातावरण स्वच्छता प्रवर्द्धन क्षेत्रका सदस्यहरुको विवरण

| क्र सं | निकाय तथा संस्था | नाम | पद | **फोन मोवाइल** |
|---|---|---|---|---|
| १. | योजना शाखा प्रमुख | सुधन चौधरी | संयोजक | ९८४३०६८९८७ |
| २. | वातावरण शाखा प्रमुख | ई. पुष्पा सिँह | सदस्य सचिव | ९७६६१७८३१० |
| ३. | सरसफाई शाखाका प्रमुख | | | |
| ४. | खानेपानी उपभोक्ता समूहका प्रतिनिधि | युवराज न्यौपाने | | ९८५५०२४७०८ |
| ५. | फोहोर मैला व्यवस्थापनमा काम गर्ने समूहका प्रतिनिधि | सुशिल कुमार मेस्तर | सदस्य | ९८४५१३६५०४ |
| ६. | यूवा समूह प्रतिनिधि | रामचन्द्र लामा | सदस्य | ९८५५०२४००७ |
| ७. | नगर प्रहरी | रविन कुमार खड्का | सदस्य | ९८५५०२९११० |

**खानेपानी तथा वातावरण स्वच्छता प्रवर्द्धन विषयगत क्षेत्र**

- विपद्को अवस्थामा खानेपानी आपूर्ति गर्ने,
- विपद्का कारण ढलेका बोटबिरुवाहरु हटाउने,
- विपद्जन्य घटनाबाट सिर्जना भएका फोहोरहरु सरसफाई गर्ने,
- मरेका पशुपंक्षीहरुको ब्यवस्थापन गर्ने,
- ब्यक्तिगत सरसफाईका लागि स्वच्छता सम्बन्धी सामग्रीहरु उपलब्ध गराउने।

तालिका नम्वर १७ : खानेपानी तथा वातावरण स्वच्छता प्रवर्द्धन विषयगत क्षेत्रको पूर्वतयारी योजना

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | नेतृत्व | सहयोगी निकाय तथा संस्था | समय | आवश्यक वजेट (हजार) |
|---|---|---|---|---|---|
| १. | वास WASH क्षेत्रमा काम गर्ने निकाय तथा संस्थाको पहिचान गरी सदस्य निकाय वा संस्था र तिनका प्रतिनिधिको विवरण अध्यावधिक गर्ने | WASH विषयगत क्षेत्र | उपमहानगरपालिका, वडा कार्यालय, युवा क्लव, महिला समूह, विकास साझेदारहरु, | मनसुन पूर्व वर्षमा १ पटक | संस्थागत पहल (खर्च नलाग्ने) |
| २. | सम्भावित १३३६ मध्ये १०% ले हुने १३४ विस्थापित हुनसक्ने परिवारको लागि अस्थायी शौचालय र खानेपानी व्यवस्थापनको सामग्री भण्डारण गर्ने । | WASH विषयगत क्षेत्र | उपमहानगरपालिका, वडा कार्यालय, युवा क्लव, महिला समूह, विकास साझेदारहरु | मनसुन पूर्व वर्षमा १ पटक | ६७० |
| ३. | खानेपानी, सरससफाइ तथा स्वास्थ्य प्रवर्द्धन सम्बन्धी तालिम प्राप्त व्यक्तिको सूची तयार गर्ने | WASH विषयगत क्षेत्र | उपमहानगरपालिका, वडा कार्यालय, युवा क्लव, महिला समूह, विकास साझेदारहरु | मनसुन पूर्व | संस्थागत पहल (खर्च नलाग्ने) |
| ४. | पानी शुद्धीकरण र हाइजीन कीट, साबुन पानीले हात धुने सम्बन्धमा सरसफाइको लागि घरदैलो अभियान सञ्चालन गर्न महिला स्वास्थ्य स्वयमसेविकालाई अभिमुखीकरण गरी परिचालन गर्ने | WASH विषयगत क्षेत्र | उपमहानगरपालिका, वडा कार्यालय, युवा क्लव, महिला समूह, विकास साझेदारहरु | मनसुन पूर्व | ५० |
| ५. | विपद्को समयमा खानेपानी शुद्धिकरणको लागि आवश्यक पर्ने क्लोरीन, पियुष जस्ता औषधीको उचित भण्डारण गर्ने | WASH विषयगत क्षेत्र | उपमहानगरपालिका, वडा कार्यालय, विकास साझेदारहरु, | मनसुन पूर्व | ५० |
| ६. | सरसफाईका लागि आवश्यक पर्ने सामग्री तथा उपकरणहरु उपयुक्त ठाउँमा भण्डारण गर्ने | WASH विषयगत क्षेत्र | उपमहानगरपालिका, वडा कार्यालय, विकास साझेदारहरु, | मनसुन पूर्व | ५० |
| ७. | खानेपानी ओसार्ने, जम्मा गर्ने र वितरण गर्ने साधनहरु मर्मत सम्भार गरी चालु अवस्थामा राख्ने | WASH विषयगत क्षेत्र | उपमहानगरपालिका, वडा कार्यालय, विकास साझेदारहरु, | मनसुन पूर्व | संस्थागत पहल (खर्च नलाग्ने) |
| ८. | आपत्कालीन अवस्थामा प्रयोग गर्न सकिने खानेपानीको श्रोतहरु पहिचान र संरक्षण गर्ने । | WASH विषयगत क्षेत्र | उपमहानगरपालिका, वडा कार्यालय, युवा क्लव, महिला समूह, विकास साझेदारहरु | मनसुन पूर्व | संस्थागत पहल (खर्च नलाग्ने) |
| ९. | स्थानीय स्तरमा रहेका पानीको स्रोत र मुहानहरु संरक्षणका लागि स्थानीय समुदायलाई प्रोत्साहन र परिचालन गर्ने | WASH विषयगत क्षेत्र | उपमहानगरपालिका, वडा कार्यालय, युवा क्लव, महिला समूह, विकास साझेदारहरु | मनसुन पूर्व | संस्थागत पहल (खर्च नलाग्ने) |

## ४.२.५ आपत्कालीन आश्रय तथा गैरखाद्य सामग्री क्षेत्र

तालिका नम्बर १८ : आपत्कालीन आश्रय तथा गैरखाद्य सामग्री क्षेत्र सदस्यहरुको विवरण

| क्रसं | निकाय तथा संस्था | नाम | पद | फोन मोवाइल |
|---|---|---|---|---|
| १. | उपमहानगरपालिका उपप्रमुख | भोला प्रसाद अधिकारी | संयोजक | ९८५५०२११६३ |
| २. | भौतिक पूर्वाधार विकास तथा योजना शाखा प्रमुख | अभयकान्त झा | सदस्य सचिव | ९८५११८९३३५ |
| ३. | नेपाली सेना प्रतिनिधि | | सदस्य | ९८४९८३६८३६ |
| ४. | नेपाल प्रहरी प्रतिनिधि | प्रहरी नायव उपरिक्षक | सदस्य | ९८५५०२४३९९ |
| ५. | सशस्त्र प्रहरी बलका प्रतिनिधि | प्रहरी नायव उपरिक्षक | सदस्य | ९८४१८२०४०१ |
| ६. | नगर प्रहरी प्रमुख | रविन कुमार खड्का | सदस्य | ९८५५०२९११० |
| ७. | नेपाल रेडक्रस सोसाइटी पालिका प्रतिनिधि | शिव प्रसाद शर्मा | सदस्य | ९८५५०२२५२९ |
| ८. | महिला तथा बालबालिका शाखा प्रमुख | सिमा यादव | सदस्य | ९८६०४०३०१६ |
| ९. | अपाङ्गता सम्बन्धी नगर सञ्जाल प्रतिनिधि | धन बजगाईं | सदस्य | ९८५५०२४६७३ |

**आपत्कालीन आश्रय तथा गैरखाद्य सामग्री विषयगत क्षेत्र**

- विपद्को कारण घरमा क्षति पुगी बस्न नसक्ने अवस्थामा रहेका पीडितहरुलाई आपत्कालीन आश्रयका लागि अस्थायी संरचना निर्माण गर्ने,
- पीडितहरुलाई त्रिपाल, भाँडावर्तन, लत्ता कपडा जस्ता गैरखाद्य सामग्री वितरण गर्ने,
- सुरक्षित आवास क्षेत्र निर्माण गर्नका लागि आवश्यक पर्ने दक्ष जनशक्ति र आवश्यक सामग्रीहरुको उपलब्ध
- त्रिपाल, किला, कांटी, डोरी, तयारी अवस्थामा राख्ने,
- लत्ताकपडा, ज्याकेट, टर्च, ग्यास चुलो, भांडावर्तन, झुल, प्लाष्टिक, कम्वल, ओढ्ने ओछ्याउने खरिद गरी भण्डारण गरी राख्ने

तालिका नम्वर १९ : आपत्कालीन आश्रय तथा गैरखाद्य सामग्री विषयगत क्षेत्रको पूर्वतयारी योजना

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | नेतृत्व | सहयोगी निकाय तथा संस्था | समय | आवश्यक वजेट (हजार) |
|---|---|---|---|---|---|
| १. | पालिका क्षेत्र भित्र प्रत्येक वडाको जोखिम क्षेत्र नजिक खुल्ला स्थानहरु पहिचान गरी अस्थायी आश्रय स्थलको लागि आवश्यक भौतिक पूर्वाधार निर्माण गर्ने । जस्तै चर्पि, ट्युवेल, सेड आदी | आपत्कालीन आश्रय तथा गैरखाद्य सामग्री क्षेत्र | विषयगत क्षेत्र प्रमुख, वडा समिति, पूर्वाधार विकास शाखा, विकास साझेदार | मनसुन पूर्व | २०० जोड कोषको रुपमा |
| २. | यस क्षेत्रमा संलग्न सदस्य संस्थाहरुको विवरण अद्यावधिक गर्ने। सम्भावित सहयोगी निकाय तथा संस्थाहरुको पहिचान गरी आवासको लागि उपलब्ध साधन र स्रोतको सूची तयार गर्ने । | आपत्कालीन आश्रय तथा गैरखाद्य सामग्री क्षेत्र | उपमहानगरपालिका, वडा समिति, पूर्वाधार विकास शाखा, विकास साझेदार | मनसुन पूर्व | संस्थागत पहलबाट |
| ३. | आवास तथा गैर खाद्य सामग्रीको आपूर्तिको लागि बजार र बिक्रेताका वैकल्पिक सूची बनाउने, आवश्यकता अनुसार सम्झौता गर्ने | आपत्कालीन आश्रय तथा गैरखाद्य | उपमहानगरपालिका, वडा समिति, पूर्वाधार विकास शाखा, | मनसुन पूर्व | संस्थागत पहलबाट |

| | | | | | |
|---|---|---|---|---|---|
| | | सामग्री क्षेत्र | विकास साझेदार | | |
| ४ | विस्थापीत परिवारको लागि अस्थायी आश्रयको लागि कम्तिमा १३४ सेल्टर किट भण्डारण गर्ने र अन्य विकास साझेदार संस्थाहरुलाई पनि भण्डारणको लागि सहजीकरण गर्ने। महिला किशोरी हरुको संख्या पहिचान गरी उनीहरुका निम्ति आवश्यक नुहाउने सुबिधा समेत उपलब्ध गराउन टेन्टको व्यवस्था गर्ने। | आपत्कालीन आश्रय तथा गैरखाद्य सामग्री क्षेत्र | उपमहानगरपालिका, वडा समिति रेडक्रस, गैसस, उवा संघ | मनसुन पूर्व | ६७० |
| ५. | आवास तथा गैरखाद्य सामग्री भण्डारणको सूची राख्ने पालिका र अन्य सरोकारवालालाई उपलब्ध गराउने | आपत्कालीन आश्रय तथा गैरखाद्य सामग्री क्षेत्र | उपमहानगरपालिका, वडा समिति, पूर्वाधार विकास शाखा, विकास साझेदार, रेडक्रस | मनसुन पूर्व | संस्थागत पहलबाट |
| ६. | अस्थायी आश्रय स्थल बनाउन सुविधायुक्त खुला क्षेत्रको व्यवस्थापन र संरक्षण गर्ने | आपत्कालीन आश्रय तथा गैरखाद्य सामग्री क्षेत्र | उपमहानगरपालिका, वडा समिति, पूर्वाधार विकास शाखा, विकास साझेदार, | मनसुन पूर्व | संस्थागत पहलबाट |
| ७. | अस्थायी आश्रय वा आबास निर्माणको लागि टोली गठन गर्ने र दक्षता अभिबृद्धिका लागि कृत्रिम घटना अभ्यास गर्ने | आपत्कालीन आश्रय तथा गैरखाद्य सामग्री क्षेत्र | उपमहानगरपालिका, वडा समिति, पूर्वाधार विकास शाखा, विकास साझेदार, | मनसुन पूर्व | १०० |
| ८. | स्वयमसेवकहरुलाई सेल्टर निर्माण सम्बन्धी तालिम उपलब्ध गराउने। | आपत्कालीन आश्रय तथा गैरखाद्य सामग्री क्षेत्र | उपमहानगरपालिका, विपद व्यवस्थापन समिति, विकास साझेदार | मनसुन पूर्व | ५० |

## ४.२.६ संरक्षण तथा सुरक्षा क्षेत्र

तालिका नम्बर २० : संरक्षण तथा सुरक्षा क्षेत्रको सदस्यहरुको विवरण

| क्रसं | निकाय तथा संस्था | नाम | पद | फोन मोवाइल |
|---|---|---|---|---|
| १. | महिला तथा बालबालिका शाखा प्रमुख | | संयोजक | ९८६०४०३०१६ |
| २. | तोकिएको कार्यपालिका महिला सदस्यहरु | | सदस्य | |
| ३. | स्थानीय प्रहरी प्रमुख वा महिला सेल प्रमुख | | सदस्य | |
| ४. | महिला सञ्जालको प्रतिनिधि | | सदस्य | |
| ५. | स्वास्थ्य शाखा प्रतिनिधि | | सदस्य | |
| ६. | ज्येष्ठ नागरिक संघका प्रतिनिधि | | सदस्य | |
| ७. | अपाङ्गता भएका समूहरुको प्रतिनिधि | | सदस्य | |

| क्रसं | निकाय तथा संस्था | नाम | पद | फोन मोवाइल |
|---|---|---|---|---|
| ८. | संरक्षण तथा सुरक्षा क्षेत्रमा कार्यरत गैससका प्रतिनिधि | | सदस्य | |

**संरक्षण तथा सुरक्षा विषयगत क्षेत्रको उद्देश्य**

- विपद्को समयमा महिला,गर्भवती महिला, सुत्केरीहरुको संरक्षण गर्ने,
- अपाङ्गता भएका ब्यक्तिहरु, शिशु, बालबालिका, जेष्ठ नागरिक र बिमारी अशक्तहरुको संरक्षण गर्ने
- महिला, गर्भवती महिला, सुत्केरीहरु, अपाङ्गता भएका ब्यक्तिहरु, शिशु, बालबालिका, जेष्ठ नागरिक र बिमारी अशक्तहरुको आवश्यकता बमोजिमका सामग्रीहरु उपलब्ध गराउने,
- विपद्का कारण घरपरिवार तथा परिवारका सदस्य गुमाएका ब्यक्ति तथा परिवारका सदस्यहरुलाई मनोसामाजिक परामर्श सेवा प्रदान गर्ने,
- प्रभावित क्षेत्रमा हिंशामुक्त वातावरण सिर्जना गर्ने ।

तालिका नम्वर २१ : संरक्षण तथा सुरक्षा क्षेत्रको प्रतिकार्यको लागि पूर्वतयारी योजना

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | नेतृत्व | सहयोगी निकाय तथा संस्था | समय | आवश्यक वजेट (हजार) |
|---|---|---|---|---|---|
| १ | समन्वय बैठक गरी सदस्यहरुको विवरण अध्यावधिक गर्ने । | संरक्षण तथा सुरक्षा क्षेत्र | उपमहानगरपालिका, वडा समिति, स्थानीय प्रहरी, स्वास्थ्य शाखा | मनसुन पूर्व | संस्थागत पहल (खर्च नलाग्ने) |
| २ | मनोसामाजिक विमर्शकर्ताहरुको विवरण अध्यावधिक गर्ने जसमा नाम, ठेगाना, संस्था, पद, मनोसाामाजिक विमर्शको क्षेत्र, सम्पर्क नम्वरहरु अध्यावधिक गर्ने | संरक्षण तथा सुरक्षा क्षेत्र | उपमहानगरपालिका, वडा समिति, स्थानीय प्रहरी, स्वास्थ्य शाखा | मनसुन पूर्व | संस्थागत पहल (खर्च नलाग्ने) |
| ३ | १३४ परिवारको महिलाको लागि आवश्यक सरसफाइ तथा महिनावारी व्यवस्थापन (MHM kit) र किशोरीहरुको लागि Dignity kit भण्डारण गर्ने गराउने । यस किटमा सेनेटरी प्याड वा सेनेटरी प्याडको लागि ४ मिटर सुतीको नरम कपडा, अन्डरवेयर, तौलिया, टर्च लाईट, लुगा धुने र नुहाउने सावुन, काइयो, नेलकटर, ब्रस, पेष्ट आदि राख्ने । | संरक्षण तथा सुरक्षा क्षेत्र | उपमहानगरपालिका, वडा समिति, स्थानीय प्रहरी, स्वास्थ्य शाखा विकास साझेदारहरु | मनसुन पूर्व | २०० जोड कोषको रुपमा |
| ४ | • महिला र वालबालिका मैत्री र अपाङ्गमैत्री आवासको मापडण्ड तयार गरी आवास तथा गैर खाद्यान्न विषयगत क्षेत्रसँग समन्वय गर्ने ।<br>• हरेक अस्थायी आवास क्षेत्रहरुमा महिलाहरुको लागि छुट्टै ट्वाइलेट र वाथरुम निर्माणका लागि सामग्री व्यवस्था गर्ने।<br>• यदि अपाङ्गता भएका ब्यक्तिहरुको संख्या यकीन भएमा शौचालय र खानेपानी तथा आवास अपाङ्गतामैत्री निर्माणका लागि सामग्री | संरक्षण तथा सुरक्षा क्षेत्र | उपमहानगरपालिका, स्थाविव्यस गैससहरु स्वयमसेविका, सुरक्षा निकाय | मनसुन पूर्व | संस्थागत पहल (खर्च नलाग्ने) |

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | नेतृत्व | सहयोगी निकाय तथा संस्था | समय | आवश्यक वजेट (हजार) |
|---|---|---|---|---|---|
| | व्यवस्था गर्ने।<br>• महिलाहरुको लागि आवश्यक महिनावारी व्यवस्थापन किट र किशोरीहरुका लागि डिग्नीटि किट अनिवार्य व्यवस्थापन गर्ने सामग्री व्यवस्था गर्ने।<br>• हरेक अस्थायी आवास क्षेत्रमा महिलाहरुको सुरक्षाको लागि रेफरल र रिपोर्टिङ्ग संयन्त्र (Referal and Reporting mechanism) सञ्चालन कार्यविधि तयार गर्ने । | | | | |
| ५ | महिला, वालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका ब्यक्तिहरु, दिर्घरोगी तथा अन्य संकटासन्न समूहको तथ्याङ्क संकलन र आवश्यकताको पहिचानको लागि आवश्यक फारमहरु तयारी हालतमा राख्ने । | संरक्षण तथा सुरक्षा क्षेत्र | उपमहानगरपालिका, वडा समिति, स्थानीय प्रहरी, स्वास्थ्य शाखा, महिला सञ्जाल, | मनसुन पूर्व | २५ |
| ६ | सरोकारवाला एवं सुरक्षाकर्मीहरुलाई आचार संहिता सहित संरक्षणसम्बन्धी अभिमुखीकरण गर्ने। आपत्कालीन अवस्थामा हुनसक्ने लैंगिक हिँसाका बारेमा सचेतना अभियान चलाउने। सुरक्षा निकायसँगको समन्वयमा कुनै घटना घटीहालेको अवस्थामा आवश्यक सहयोगको निम्ति फोन नम्बरहरुको व्यवस्था मिलाउने। | संरक्षण तथा सुरक्षा क्षेत्र | उपमहानगरपालिका, वडा समिति, स्वास्थ्य शाखा, विकास साझेदारहरु | मनसुन पूर्व | ५० |
| ७ | महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिकको संरक्षणका तरिकाहरु बारे जानकारी पुस्तिका तयार एवम् प्रकाशन गर्ने । | संरक्षण तथा सुरक्षा क्षेत्र | उपमहानगरपालिका, वडा समिति, स्वास्थ्य शाखा, विकास साझेदारहरु | मनसुन पूर्व | ५० |
| ८ | विपद्को समयमा परिचालन हुने विषयक्षेत्रका सदस्यहरुलाई कृत्रिम घटना अभ्यास गर्नेरगराउने | संरक्षण तथा सुरक्षा क्षेत्र | उपमहानगरपालिका, वडा समिति, स्वास्थ्य शाखा, साझेदारहरु | मनसुन पूर्व | ५० जोड कोषको रुपमा |

## ४.२.७ आपत्कालीन शिक्षा क्षेत्र

तालिका नम्बर २२ : आपत्कालीन शिक्षा क्षेत्रका सदस्यहरुको विवरण

| क्रसं | निकाय तथा संस्था | नाम | पद | **फोन मोवाइल** |
|---|---|---|---|---|
| १ | सामाजिक विकास समिति संयोजक | चयन गुरुङ | संयोजक | ९८११८५१५१५ |
| २ | नगरपालिका शिक्षा शाखा प्रमुख | हरिश प्रसाद भट्ट | सदस्य सचिव | ९८४८७४१००६ |
| ३ | विद्यालय विपद व्यवस्थापन समिति प्रतिनिधि | | सदस्य | |
| ४ | शिक्षक अभिभावक संघ प्रतिनिधि १ जना | | सदस्य | |
| ५ | तोकिएको विद्यालयको जेण्डर फोकल शिक्षक | | सदस्य | |

| क्रसं | निकाय तथा संस्था | नाम | पद | **फोन मोवाइल** |
|---|---|---|---|---|
| ६ | तोकिएको सूचना प्रविधि विषय शिक्षक | | सदस्य | |
| ७ | माध्यमिक विद्यालयको प्रधानाध्यापक प्रतिनिधि | | सदस्य | |

**आपत्कालीन शिक्षा विषयगत क्षेत्रको उद्देश्य**

- विपद्का कारण विद्यालय तीन दिन भन्दा बढी बन्द भएमा आपत्कालीन शिक्षाको व्यवस्था गर्ने ।
- विपद्ले विद्याथीको पठनपाठनका शैक्षिक सामग्री हराए वा क्षति पुयाएमा वा क्षति पुर्याएमा सोको व्यवस्था गर्ने ।
- विद्यालयको शिक्षण सामग्रीहरु नष्ट भएमा पुनः व्यवस्था गर्ने ।
- वडा अध्यक्षसँग समन्वय गरी कार्यक्रम सञ्चालन गर्ने ।

तालिका नम्वर २३ : आपत्कालीन शिक्षा क्षेत्रको प्रतिकार्यको लागि पूर्वतयारी योजना

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | नेतृत्व | सहयोगी निकाय तथा संस्था | समय | आवश्यक वजेट (हजार) |
|---|---|---|---|---|---|
| १ | शिक्षा क्षेत्रको बैठक गरी शैक्षिक क्षेत्रको विश्लेषण गर्ने आपत्कालीन शैक्षिक कार्यदल गठन गर्ने | शिक्षा क्षेत्र | पालिका विद्यालयहरु | मनसुन पूर्व | संस्थागत पहल (खर्च नलाग्ने) |
| २ | जोखिमपूर्ण क्षेत्रका विद्यालय, मदरसा, बाल विकास केन्द्र तथा विद्यार्थी र शिक्षकको तथ्याङ्क सङ्कलन र विश्लेषण गर्ने ।वडास्तरमा तथ्याङ्कमा निम्न कुराहरु समेट्नेः<br>• आधारभूत विद्यालय र विद्यार्थी संख्या,<br>• माध्यमिक विद्यालय र विद्यार्थी संख्या,<br>• उच्च मा वि र विद्यार्थी संख्या,<br>• विद्यालयको भवनको अवस्था यसमा कच्ची, पक्की, इटा ढुंगा माटोको के हो खुल्ने गरी ।<br>• शौचायय संख्या र खानेपानीको प्रवन्ध र उपलब्धता<br>• विद्यालयमा बालमैत्री, अपाङ्गतामैत्री, किशोरीमैत्री भए नभएको<br>• मोवाइल, टिभि र रेडियोको पहुँच नभएका बालबालिकाको संख्या<br>• विद्यालयमा आउँदाजाँदा बाढी, वन्यजन्तुबाट वा अन्य जोखिमको अवस्था<br>• विद्यालय भवन आफै डुवान र कटानको जोखिमको अवस्था<br>• विद्यालय परिसरभित्र अन्य जोखिमको अवस्था | शिक्षा क्षेत्र | पालिका विद्यालयहरु | मनसुन पूर्व | संस्थागत पहल (खर्च नलाग्ने) |
| ३ | प्रभावित विद्यार्थीको लागि आवश्यक पर्ने शैक्षिक सामग्रीको पूर्वतयारी गर्ने । | शिक्षा क्षेत्र | समितिका सदस्यहरु र विद्यालयहरु | मनसुन पूर्व | संस्थागत पहल (खर्च नलाग्ने) |
| ४ | आपत्कालीन समयमा शिक्षाका विषयमा शिक्षकहरुलाई तालिम दिने, विद्यार्थीहरुको मनोबल बढाउन र नियमित विद्यालय उपस्थितिका निम्ति आवश्यक परामर्श प्रदान गर्न परामर्शकर्ताहरुको पहिचान गर्ने र सूचीकृत गर्ने। | शिक्षा क्षेत्र | समितिका सदस्यहरु र विद्यालयहरु | मनसुन पूर्व | २५० |

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | नेतृत्व | सहयोगी निकाय तथा संस्था | समय | आवश्यक वजेट (हजार) |
|---|---|---|---|---|---|
| ५ | अस्थायी सिकाई केन्द्र Temporary Learning Centre बनाउन आवश्यक सामग्रीहरुको पूर्वतयारी गर्ने। जस्तै बाढीको हकमा वस्नको लागि म्याट, त्रिपाल, ह्वाइटवोर्ड तथा स्टेसनरीहरु। महामारीको हकमा चकटी, मास्क, हेण्डवास स्टेसन तथा एण्टिसेप्टीक सावुन, ह्वाइटवोर्ड, आवश्यक मात्रामा । जोखिम क्षेत्रमा अवस्थित विद्यालयका विद्यार्थी संख्याको आधारमा १००० विद्यार्थीको लागि । | शिक्षा क्षेत्र | पालिका विद्यालयहरु, ब्यापार सँगठन, गैसस | मनसुन पूर्व | २०० |
| ६ | पूर्वतयारी सम्बन्धमा विद्यालय स्तरीय अभिमुखीकरण कार्यक्रम गरी विद्यालयका विद्यार्थी, शिक्षक, विद्यालय व्यवस्थापन समितिलाई सचेत गराइ तयारी अवस्थामा राख्ने । | शिक्षा क्षेत्र | रपालिका विद्यालयहरु | मनसुन पूर्व | संस्थागत पहल (खर्च नलाग्ने) |
| ७ | सबै विद्यालयहरुमा कम्तीमा एक सेट प्राथमिक उपचार सामग्री सहति १ जना प्राथमिक उपचार तालिम प्राप्त जनशक्ति तयार गर्ने | शिक्षा क्षेत्र | पालिका, विद्यालय, गैसस | मनसुन पूर्व | १७५ |
| ८ | विद्यालयले प्रत्येक विद्यार्थी र अभिभावकहरुको सम्पर्क विवरण वा फोन नम्बर सहितको सूची तयार र अद्यावधिक गर्ने । | शिक्षा क्षेत्र | पालिका विद्यालयहरु | मनसुन पूर्व | संस्थागत पहल (खर्च नलाग्ने) |
| ९ | आपत्कालीन प्रतिकार्यका समयमा उपयोग गर्न सक्नेगरी विपद् व्यवस्थापन कोषको स्थापना गर्ने | शिक्षा क्षेत्र | पालिका विद्यालयहरु | मनसुन पूर्व | आवश्यकता अनुसार |
| १० | प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, विद्यालय विपद् व्यवस्थापन समिति, बृहत् विद्यालय सुरक्षा र लैङ्गिक समानता तथा सामाजिक समावेशी सम्पर्क शिक्षक, सूचना प्रविधि शिक्षकको सम्पर्क नम्बर सहितको सूची अद्यावधिक गरी राख्ने, | शिक्षा क्षेत्र | पालिका विद्यालयहरु | मनसुन पूर्व | संस्थागत पहल (खर्च नलाग्ने) |
| ११ | विद्यालयमा विद्यालय सुधार योजनाले निर्दिष्ट गरेका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन र सुरक्षित विद्यालयका क्रियाकलाप सञ्चालन तथा योजनालाई अद्यावधिक गरी राख्ने | सम्बन्धित विद्यालय | शिक्षा क्षेत्र तथा कार्यरत संघसंस्थाको सहयोगमा | मनसुन पूर्व | ५०० |
| १२ | शिक्षा क्षेत्रको बैठक गरी शैक्षिक क्षेत्रको विश्लेषण गर्ने। आपत्कालीन शैक्षिक कार्यदल गठन गर्ने । | शिक्षा क्षेत्र | पालिका विद्यालयहरु | मनसुन पूर्व | संस्थागत पहल (खर्च नलाग्ने) |

### ४.२.८ शीघ्र पुनर्लाभ क्षेत्र

तालिका नम्बर २४ : शीघ्र पुनर्लाभ क्षेत्रका सदस्यहरुको विवरण

| क्रसं | निकाय तथा संस्था | नाम | पद | फोन मोवाइल |
|---|---|---|---|---|
| १ | पूर्वाधार विकास समिति संयोजक | रसुल मिया अन्सारी | संयोजक | ९८१५२९१९२१ |
| २ | पूर्वाधार विकास तथा योजना शाखा प्रमुख | अभयकान्त झा | सदस्य सचिव | ९८५११८९३३५ |
| ३ | कृषि तथा पशु विकास शाखा प्रमुख | डा सुभाष झा | सदस्य | ९८१९३१७१७३ |
| ४ | राष्ट्रिय स्वतन्त्र पार्टी | सुरेश राज के.सी. | सदस्य | ९८०७२७५२७१ |
| ५ | नेपाली कांग्रेस | छबि लाल शर्मा | सदस्य | ९८४५०३६८७६ |
| ६ | ने.क.पा. एमाले | त्रिलोक विक्रम शाह | सदस्य | ९८५५०२९८७४ |
| ७ | ने.क.पा. माओवादी | प्रेम प्रसाद बराल | सदस्य | ९८५५०२४१५० |
| ८ | लो.स.पा. | शिवजी प्रसाद | सदस्य | ९८४५२८६०९० |
| ९ | बाणिज्य तथा व्यापार संघका प्रतिनिधि | गजेन्द्र कुमार गुप्ता | सदस्य | ९८५११२४८११ |
| १० | नेपाली सेना २८ नं. वाहिनी अड्डा, | प्रतिनिधि | सदस्य | ९८४९८३६८३६ |
| ११ | ईलाका प्रहरी कार्यालय सिमरा | प्रहरी प्रमुख | सदस्य | ९८५५०२४३९९ |
| १२ | सशस्त्र प्रहरी बल नेपाल सुरक्षा वेश जीतपुर | प्रतिनिधि | सदस्य | ९८४१८२०४०१ |

शीघ्र पुनर्लाभ विषयगत क्षेत्रको उद्देश्य

- विपद्को कारण अवरुद्ध हुन पुगेका अत्यावश्यक सेवाहरु तत्काल सुचारु गर्ने
- त्यस्ता सेवाप्रदायक निकायका कार्यालयहरुमा क्षति पुगेमा बैकल्पिक ब्यवस्था गर्ने,
- सामाजिक, आर्थिक पूर्वाधार र अवस्थालाई चलायमान बनाई जनजीवनलाई सामान्य बनाउने ।
- विपदमा परी नष्ट भएका जीविकोपार्जनका श्रोतहरुको पुनर्स्थापनाका कार्यलाई निरन्तरता दिने

तालिका नम्वर २५ : आपत्कालीन शीघ्र पुनर्लाभ क्षेत्रको प्रतिकार्यको लागि पूर्वतयारी योजना

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | नेतृत्व | सहयोगी निकाय तथा संस्था | समय | आवश्यक वजेट (हजार) |
|---|---|---|---|---|---|
| १ | शीघ्र पुनर्लाभ विषय क्षेत्रको समन्वय बैठक बस्ने। सम्भावित विपदको पूर्वानुमानको तथ्याङ्क समग्र व्यवस्थापन तथा खोज उद्धार विषयगत क्षेत्रबाट लिने र सम्भावित विपदको पुनर्लाभको वारेमा छलफल गर्ने । | शीघ्र पुनर्लाभ क्षेत्र | वडा कार्यालय, राजनैतिक दल, कृषि विकास शाखा, उद्योग बाणिज्य संघ | मनसुन पूर्व बर्षमा २ पटक | संस्थागत पहल (खर्च नलाग्ने) |
| २ | सम्भावित क्षतिको अनुमान गरिएको स्थानहरुमा भ्रमण गर्ने र यसको क्षति न्यूनीकरणको लागि आवश्यक योजनाहरु निर्माण गर्ने । | शीघ्र पुनर्लाभ क्षेत्र | वडा कार्यालय, कृषि विकास शाखा, उद्योग वाणिज्य संघ | मनसुन पूर्व बर्षमा २ पटक | संस्थागत पहल (खर्च नलाग्ने) |
| ३ | सर्वेक्षण टोली निर्माण गर्ने र सर्वेक्षण टोलीमा समावेश हुने व्यक्तिलाई तयारी अवस्थामा रहन अनुरोध गर्ने। | शीघ्र पुनर्लाभ क्षेत्र | वडा कार्यालय, कृषि विकास शाखा, | मनसुन पूर्व बर्षमा २ पटक | संस्थागत पहल (खर्च नलाग्ने) |

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | नेतृत्व | सहयोगी निकाय तथा संस्था | समय | आवश्यक वजेट (हजार) |
|---|---|---|---|---|---|
| ४ | पालिका र यस क्षेत्रमा रहेका अन्य निकाय तथा नीजि क्षेत्रसँग रहेका हेभी इक्विपमेण्ट तथा अन्य पूर्वाधार निर्माण र व्यवस्थापन सम्बन्धी साधनहरुलाई व्यवस्थित गरी राख्ने। जस्तैः डोजर, एक्साभेटर, टिपर, बाटामा ढलेका रूख काट्ने र पन्छाउने यन्त्र तथा उपकरण, विद्युत तथा सञ्चार क्षेत्रमा कार्यरत मानव संसाधन एवं उपकरण आदि | शीघ्र पुनर्लाभ क्षेत्र | समितिका सदस्यहरु र सम्बन्धित निकायहरु | मनसुन पूर्व बर्षमा २ पटक | संस्थागत पहल (खर्च नलाग्ने) |
| ५ | पालिका क्षेत्रको पूर्वाधार विकासमा विपद प्रभाव विश्लेषण नीति निर्माण र कार्यान्वयनको लागि नेतृत्व लिने । | शीघ्र पुनर्लाभ क्षेत्र | वडा कार्यालय, कृषि विकास शाखा, उद्योग वाणिज्य, | मनसुन पूर्व | १००० जोड कोषको रुपमा यसमा विकास साझेदारसँग समन्वय गर्ने । |

## ४.३ बाढी, आगलागी तथा भूकम्पीय विपद्को लागि प्रतिकार्य योजना

यो नगरपालिका भौगोलिक बनावट र प्राकृतिक संवेदनशीलताका कारण डुवान, कटान, आगलागी र भूकम्प जस्ता विपद्का उच्च जोखिममा रहेको छ। विगत १० वर्षको विश्लेषण गर्दा बाढीबाट मात्रै १४० घर पूर्णरूपमा क्षति भएको र **२८८** जनाको ज्यान गएको र १०१६ जना घाइते भएको तथ्याङ्कले यहाँको जोखिमको गम्भीरता स्पष्ट पार्छ। वडास्तरीय छलफलहरुबाट प्राप्त तथ्याङ्क अनुसार विशेषगरी **१३३६** घरधुरी बाढी र कटानको उच्च जोखिममा रहेका छन् भने अन्य वडाका समेत बासिन्दा प्रत्यक्ष रूपमा प्रभावित हुने सम्भावना रहेको छ। पछिल्लो विश्लेषण अनुसार यस वर्षको मनसुन अवधिमा करिब **१३३६** घरधुरीका **६६२६** व्यक्ति बाढीको प्रत्यक्ष प्रभावमा पर्ने अनुमान गरिएको छ।

यस्ता विपद्ले मानव जीवन र सम्पत्तिमा क्षति पुऱ्याउनुका साथै जनस्वास्थ्य, खाद्य सुरक्षामा समेत गम्भीर असर गर्ने भएकाले पालिकाले व्यवस्थित प्रतिकार्य योजना निर्माण गरेको छ। यस योजनाले विशेष गरी बाढी, आगलागी र भूकम्प जस्ता बहुप्रकोपी घटनामा समुदायको सुरक्षालाई सुनिश्चित गर्दै उद्धार, राहत, स्वास्थ्य सेवा, सुरक्षित आश्रय व्यवस्थापन, सूचना प्रवाह, र पुनर्स्थापनाका कार्यहरु चरणबद्ध रूपमा सञ्चालन गर्ने प्रबन्ध मिलाईएको छ। विपद् पूर्वतयारी देखि पुनर्निर्माणसम्मको प्रक्रिया बहुपक्षीय समन्वय र सहभागितामार्फत कार्यान्वयन गरिनेछ। योजना कार्यान्वयनमा स्थानीय तह, सम्बन्धित सरोकारवाला, सुरक्षाकर्मी, स्वास्थ्यकर्मी, स्वयमसेवक र समुदायको सक्रिय भूमिका रहनेछ।

यो प्रतिकार्य योजना विपद्का बेला तत्काल प्रभावकारी उद्धार तथा राहत सेवा सुनिश्चित गर्न, विशेष गरी महिलाहरु, बालबालिका, अपाङ्गता भएका व्यक्तिहरु, जेष्ठ नागरिक र गर्भवती तथा सुत्केरी महिलाहरुलाई प्राथमिकतामा राख्दै, मानव अधिकार र मानवता आधारित दृष्टिकोणमा तयार गरिएको हो।

तालिका नम्वर २६ : विपद्को प्रतिकार्य योजना

| समयावधि | सञ्चालन गर्ने क्रियाकलाप | मूख्य जिम्मेवारी |
|---|---|---|
| ० देखि २४ घण्टा भित्र | • बाढी र डुवानको विपद्को घटनाबारे अग्रिम जानकारी लिने र जानकारी पाउने वित्तिकै तल्लो तटीय क्षेत्रका वस्तीहरुमा सतर्क रहन र वस्तीबाट सुरक्षित स्थानतिर जानको लागि सूचना दिने।<br>• वस्तीमा भागदौड हुँदा पर्नसक्ने सुरक्षा समस्या प्राथमिकताका साथ सम्बोधन गर्न सुरक्षा संयन्त्र प्रभावित क्षेत्रमा खटाउने। | समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्र |
| | • बाढी र कटान जस्ता विपद् पछि तत्काल उक्त स्थानमा खोज तथा उद्धार टोली, प्राथमिक उपचार टोली र तथ्याङ्क संकलनका लागि द्रुत सर्वेक्षण टोली खटाउने। | समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्र |
| | • विपद् पश्चात प्राथमिक उपचार, खोज उद्धार तथा सूचना व्यवस्थापन विषयगत क्षेत्रले घटनास्थलमा नै संयुक्त क्याम्प निर्माण गरी खोज उद्धार, प्राथमिक उपचार तथा प्रभावितहरुको तथ्याङ्क संकलनको काम गर्ने।<br>• उद्धार गरिएकाहरुलाई प्राथमिक उपचार गरी घाइतेको अवस्था हेरी आवस्यकता अनुसार अस्पताल लैजाने र उपचारका लागि अस्पताल वा स्वास्थ्य केन्द्रसँग समन्वय गर्ने। | समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्र |
| | • बाढी, आगलागी, भूकम्प तथा महामारीको विपद्को घटना लगत्तै नगरपालिका क्षेत्रमा भएको अस्पतालहरुमा आपत्कालीन सेवा सञ्चालनको व्यवस्था मिलाउने। इमरजेन्सी सेवा र वेड तथा बर्नवेड व्यवस्थापनको सुनिश्चित गर्ने। | समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्र र स्वास्थ्य तथा पोषण क्षेत्र |
| | • स्वयमसेवकहरु परिचालन गरी विपद्ग्रस्त क्षेत्रबाट प्रभावितहरुलाई तोकिएको सुरक्षित स्थान तिर जानको लागि माइकिङ गर्न लगाउने। महिला बालबालिका, अपाङ्गता भएका ब्यक्तिहरुलाई सुरक्षित स्थानसम्म लैजानको लागि सहयोग गर्ने | समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्र र संरक्षण तथा सुरक्षा क्षेत्र |
| | • विस्थापितहरुलाई अस्थायी वासस्थानको लागि तोकिएको स्थानमा सूचना डेक्स स्थापना गर्ने र तथ्याङ्क लिने।<br>• सोही अनुसार तत्कालीन आवासको व्यवस्थापनको लागि आवास तथा गैर खाद्य क्षेत्रलाई जिम्मा लगाउने। | समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्र र आपत्कालीन आश्रय तथा गैरखाद्य सामग्री क्षेत्र |
| | • सूचना डेक्समा सूचीकृत विस्थापितहरुको लागि अस्थायी आवास व्यवस्थापन गर्ने। | आश्रय तथा गैरखाद्य सामग्री क्षेत्र |
| | • पहिलो दिनको सूचनालाई उपयुक्त माध्यमबाट सबै सरोकारवालाहरुलाई सम्प्रेषण गर्ने । | समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्र |

| समयावधि | सञ्चालन गर्ने क्रियाकलाप | मूख्य जिम्मेवारी |
|---|---|---|
| | सूचना व्यवस्थापन, खोज तथा उद्धार, आवास तथा राहत, स्वास्थ्य तथा पोषण विषयगत क्षेत्र, स्वयम सेवक र अन्य विकास साझेदारहरु बीच पहिलो दिनको वेलुकी ४ वजे वा निश्चित समय तोकेर समीक्षा वैठक वस्ने र निम्न विषयमा सूचना तयार गर्नेः<br>• मानवीय मृत्यु, घाइते, हराएको संख्या,<br>• चौपयाको क्षति, धनसम्पतीको क्षति,<br>• घरको क्षति, पूर्ण क्षति, आंसिक क्षति,<br>• विस्थापित संख्या जसमा महिला, सुत्केरी, गर्भवती, अपाङ्ग, एकल महिला र बालबालिकाको संख्या समेत खुलाएर<br>• अस्थायी आवासको व्यवस्थापन गरिएको स्थानमा रहेका परिवारको संख्या | समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार,<br>स्वास्थ्य तथा पोषण<br>संरक्षण तथा सुरक्षा क्षेत्र<br>आपत्कालीन आश्रय तथा गैरखाद्य सामग्री<br>स्वयमसेवकहरु |
| | • पशु चौपयाहरुलाई तोकीएको सुरक्षित स्थानमा लैजानको लागि विस्थापीत समुदायलाई सूचित गर्दै स्वयम सेवकहरु परिचालन गर्ने | समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार र खाद्य तथा कृषि क्षेत्र |
| | • सूचना टोलीको रेकर्ड अनुसार हरेक क्याम्पमा खानाको व्यवस्थापन गर्ने,<br>• प्रभावितहरुको लागि खानाको प्रवन्ध गरिएको कुरा सबैले वुझ्ने गरी माइकिङ गर्ने। यो निरन्तर ३ दिनसम्म सञ्चालन गर्ने। | आपत्कालीन आश्रय तथा गैरखाद्य सामग्री क्षेत्र । |
| २४ देखि ७२ घण्टा भित्र | • खोज उद्धार, प्राथमिक उपचारको काम निरन्तर गर्ने । | समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार, प्राथमिक उपचार क्षेत्र र स्वास्थ्य तथा पोषण क्षेत्र |
| | • अस्थायी शिविर निर्माण संगै प्रभावित समुदायको सहभागितामा रिफरल र रिपोर्टिङ्ग संयन्त्र (Referral and reporting mechanism) गठन गर्ने। र यहि संयन्त्र मार्फत प्रभावितहरुको पहिचान गर्ने, क्याम्पमा हिंसा दुव्यवहार, चोरी, डकैती आदि हुन नदिनको लागि स्थानीय व्यवस्थापनमा स्वयमसेवक परिचालन गर्ने यो संयन्त्रमा विज्ञता भएका महिला र पुरुषको सहभागिता हुने गरी गठन गर्ने | संरक्षण तथा सुरक्षा क्षेत्र, समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्र र स्वास्थ्य तथा पोषण क्षेत्र |
| | • समितिको अगुवाई र सम्वन्धित वडा प्रतिनिधिहरुको उपस्थितिमा विपद्ग्रस्त क्षेत्रमा भएको मानवीय क्षति, आर्थिक नोक्सानी तथा विस्थापीतहरुको यथार्थ अवस्था विश्लेषणका लागि आवस्यकता अनुसार प्रारम्भिक द्रुत लेखाजोखा सुरुवात गर्ने । | समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्र, स्वास्थ्य तथा पोषण क्षेत्र, संरक्षण तथा सुरक्षा क्षेत्र र शीघ्र पुनर्लाभ क्षेत्र |
| | • सूचना टोलीको अभिलेखको आधारमा तत्काल गैरखाद्य सामग्री वितरण गर्नको लागि अनुरोध गर्ने । | खाद्य तथा कृषि क्षेत्र |
| | • पालिकाले सूचना तथा सर्वेक्षण टोलीको अभिलेख र प्रतिवेदनका आधारमा एकीन गरेको सूची अनुसार आवास व्यवस्थापनमा महिलामैत्री, अपाङ्गतामैत्री निर्माणमा ध्यान दिने र सुत्केरी, गर्भवती, विरामीहरुको लागि पोषिलो खानेकुरा वितरण गर्ने । | स्वास्थ्य तथा पोषण क्षेत्र, संरक्षण तथा सुरक्षा क्षेत्र, खानेपानी तथा वातावरण स्वच्छता प्रवर्द्धन क्षेत्र |

| समयावधि | सञ्चालन गर्ने क्रियाकलाप | मूख्य जिम्मेवारी |
|---|---|---|
| | • वडास्तरीय विपद् व्यवस्थापन समिति र स्थानीय विपद् व्यवस्थापन समितिको आपत्कालिन बैठक बस्ने र विस्तृत विवरण लिने र सोहि अनुसारको राहत वितरणको प्रकृया अगाडी वढाउन निर्णय गर्ने | समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्र |
| | • क्षति तथा नोक्सानी भएका भौतिक संरचना तथा पूर्वाधारहरुको निरन्तरताका लागि अवरोध हटाउने र मर्मतसम्भार गर्ने। | शीघ्र पुनर्लाभ क्षेत्र |
| | • अस्थायी आवास क्षेत्रमा अस्थायी पिउने पानी, महिलामैत्री, अपाङ्गमैत्री शौचालय र स्नान घरहरु निर्माण गर्ने | खानेपानी तथा वातावरण स्वच्छता प्रवर्द्धन क्षेत्र र संरक्षण तथा सुरक्षा क्षेत्र |
| | • क्षति तथा नोक्सानीको प्रारम्भिक विवरण तयार गरी पालिका, सुरक्षा निकाय, जिल्ला विपद् व्यवस्थापन समिति आदिमा प्रतिवेदन पठाउने | समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्र |
| | • शव व्यवस्थापन कार्यविधि अनुसारका प्रकृया पुरा गरी मृतकका शवको अन्त्येष्ठीको लागि आवश्यक कार्य आरम्भ गर्ने | समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्र |
| | • आवश्यकता अनुसार मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउने | सुरक्षा तथा संरक्षण क्षेत्र |
| | • चौपायाहरुका लागि पराल र पानीको जोहो गरिदिने | खाद्य तथा कृषि क्षेत्र |
| | • क्लष्टरहरु बीचमा नियमित वैठक दैनिक रुपमा आयोजना गर्ने । | समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्र |
| ७२ घण्टा देखि १ हप्ता सम्म | • खोज तथा उद्धार कार्यलाई निरन्तरता दिने | समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्र र स्वास्थ्य तथा पोषण क्षेत्र |
| | • सनाखत भएका शवहरुलाई आवश्यकता अनुसार र नियमानुसार व्यवस्थापन गर्ने | समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्र |
| | • ७ दिनका लागि थप खाद्यान्न तथा राहतको लागि जिल्ला विपद् व्यवस्थापन समिति, रेडक्रस, प्रदेश सरकार तथा अन्य गैरसरकारी सामाजिक संस्थाहरुसँग समन्वय गरी वितरण गर्ने। | सबै विषयगत क्षेत्र |
| | • विस्तृत अध्ययनको आधारमा विस्थापितहरुलाई आवश्यकता अनुसार न्युनतम लत्ताकपडा तथा एक हप्ताको लागि आधारभूत राहत सामग्री वितरण गर्ने। महिला, सुत्केरी, गर्भवतीहरुलाई डिग्नीटी किट र पोषण किट वितरण गर्ने। | आपत्कालीन आश्रय तथा गैरखाद्य सामग्री क्षेत्र, स्वास्थ्य तथा पोषण क्षेत्र र संरक्षण तथा सुरक्षा क्षेत्र |
| | • विपद् प्रभावित क्षेत्रमा आपराधिक गतिविधि नियन्त्रण गर्न आवश्यक सुरक्षा व्यवस्थालाई निरन्तरता दिने। | समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्र र संरक्षण तथा सुरक्षा क्षेत्र |
| | • थप सहयोगका लागि प्रदेश सरकार र संघीय सरकारमा अनुरोध गरी व्यवस्था गर्ने। सूचना तथा लेखाजोखा क्षेत्रले विस्थापितहरुको आधिकारीक सूचना तयार र वितरणको जिम्मेवारी लिने। | समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्र |
| | • एकीन गरिएको सूचना तथा तथ्याङ्कका आधारमा विस्थापितहरुको लागि पुनर्लाभको योजना निर्माणको थालनी गर्ने।<br>• पुनर्लाभका लागि सबै विषयगत क्षेत्र र सरोकारवालाहरुसँग समन्वय गरी अल्पकालिन, मध्यमकालिन र दीर्घकालिन योजनाहरु निर्माण गर्ने। | स्थानीय विपद् व्यवस्थापन समितिको नेतृत्वमा सम्पुर्ण विषयगत क्षेत्र |

| समयावधि | सञ्चालन गर्ने क्रियाकलाप | मूख्य जिम्मेवारी |
|---|---|---|
| | • पालिकामा तोकिएको शाखाबाट क्षति तथा नोक्सानीको विवरण दैनिक रुपमा जिल्ला विपद् व्यवस्थापन समिति, प्रदेश तथा संघमा दैनिक रूपमा पठाउने | समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्र |
| | • आवस्यकतानुसार शिघ्रातिशीघ्र सञ्चार माध्यम र जिल्ला आपत्कालीन कार्यसंचालन केन्द्र (DEOC), प्रदेश आपत्कालीन कार्य संचालन केन्द्र (PEOC) र राष्ट्रिय आपत्कालीन कार्य संचालन केन्द्र (NEOC) मा प्रत्येक दिन सूचना तथा समाचार उपलब्ध गराउने। | समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्र |
| १ हप्ता देखि १५ दिन भित्र | • विभिन्न निकाय, संघसंस्थाहरुबाट आएका राहत सामग्री र सहयोग संकलन गरी क्षतिको विवरण अनुसार आवश्यकताको आधारमा, आवश्यक स्थानमा वितरण गर्ने। यसको लागि एकद्वार प्रणाली (One Door System) अवलम्बन गर्ने। | समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्र |
| | • अल्पकालिन आवासको व्यवस्था गरी पुनर्स्थापन गर्ने । | आपत्कालीन आश्रयस्थल तथा गैर खाद्य सामग्री क्षेत्र |
| | • आपराधिक गतिविधि नियन्त्रण गर्न आवश्यक सुरक्षा व्यवस्था गर्ने । | संरक्षण तथा सुरक्षा |
| | • खोज, उद्धार, राहत, उपचार, सरसफाई, संरक्षणका कार्यहरुलाई निरन्तरता दिने | समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्र तथा खानेपानी तथा वातावरण स्वच्छता प्रवर्द्धन क्षेत्र |
| १५ दिन देखि १ महिना भित्र | • विस्थापितहरुको पुनर्स्थापनको लागि आपत्कालीन आश्रय तथा गैर खाद्य क्षेत्रको योजना अनुसार नीतिगत निर्णय गर्ने र कार्यान्वयन गर्ने। | स्थानीय विपद् व्यवस्थापन समिति |
| | • अस्थायी आवास क्षेत्र रहेको क्याम्पमा महिला तथा किशोरी सुरक्षा क्षेत्र (Women and girl's safe space) कार्यक्रमहरु सञ्चालन गर्ने। | संरक्षण तथा सुरक्षा क्षेत्र तथा स्वास्थ्य तथा पोषण क्षेत्र |
| | • क्षति तथा नोक्सानी भएका भौतिक संरचना तथा पुर्वाधारहरुको पुनर्निर्माणका लागि आवश्यक दीर्घकालिन योजना बनाउने। | शीघ्र पुनर्लाभ क्षेत्र |
| | • प्रदेश सरकार तथा संघीय सरकारबाट प्राप्त आर्थिक तथा भौतिक सहयोग मानवीय सिद्धान्त अनुसार आवश्यकताका आधारमा विपद् प्रभावितहरुलाई उपलब्ध गराउने। | आपत्कालीन आश्रय तथा गैरखाद्य सामग्री क्षेत्र |
| | • खोज, उद्धार, राहत, उपचार, सरसफाई तथा संरक्षणका कार्यहरुलाई निरन्तरता दिने । | आपत्कालीन आश्रय तथा गैरखाद्य सामग्री क्षेत्र र संरक्षण तथा सुरक्षा क्षेत्र |
| | • विपदबाट भएको क्षतिको क्षतिपूर्तिका लागि सम्बन्धित निकायमा पहल गर्ने। | समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्र |
| | • कुनै कारणबस खोला थुनिएको रहेछ भने सो हटाउने र पानीको बहावलाई सहजता प्रदान गर्ने। | समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्र तथा शीघ्र पुनर्लाभ क्षेत्र |
| | • आपराधिक गतिविधि नियन्त्रण गर्न आवश्यक सुरक्षा व्यवस्था गर्ने । | संरक्षण तथा सुरक्षा क्षेत्र |

## ४.४ थप स्रोत साधनको आवश्यकता र अनुमानित लागत

माथि उल्लिखित विद्यमान स्रोत साधनका अतिरिक्त विपद् प्रतिकार्यका लागि विषयक्षेत्रहरुलाई आवश्यक पर्ने थप स्रोत, साधन र उपकरणको विवरण तथा सोको अनुमानित लागत देहायको तालिकामा प्रस्तुत गरिएको छः

तालिका नम्बर २७ : अनुमानित लागत

| सिन | विषयगत क्षेत्र | आवश्यक वजेट हजारमा | चालु आ. व. विनियोजित वजेट | व्यवस्थापन गर्नुपर्ने स्रोत (आवस्यक बजेट) |
|---|---|---|---|---|
| १ | समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्र | १,२२० | | |
| २ | खाद्य तथा कृषि क्षेत्र | ४,०३१ | | |
| ३ | स्वास्थ्य तथा पोषण क्षेत्र | २,३०० | | |
| ४ | खानेपानी तथा वातावरण स्वच्छता प्रवर्द्धन क्षेत्र | १,२५० | | |
| ५ | आपत्कालीन आश्रय तथा गैरखाद्य सामग्री क्षेत्र | ८२० | | |
| ६ | संरक्षण तथा सुरक्षा क्षेत्र | ३७५ | | |
| ७ | आपत्कालीन शिक्षा क्षेत्र | १,१२५ | | |
| ८ | शीघ्र पुनर्लाभ क्षेत्र | १,००० | | |
| जम्मा | | **१२,१२१** | | |

## ४.५ आर्थिक श्रोत र उपलब्ध हुने विधि र संयन्त्र

विपदको समयमा विपद व्यवस्थापन समितिका सदस्यहरु बैठक मार्फत आकस्मिक उद्धार, राहत तथा प्रतिकार्य सञ्चालन गर्ने छन् । सम्बन्धित क्षेत्रका सदस्यहरुले यस योजना उल्लेख भए बमोजिमका वा आवश्यक परे थप श्रोत साधनको व्यवस्था गर्न जिल्ला विपद् व्यवस्थापन समिति प्रदेश सरकार तथा सम्बन्धित निकायमा समन्वय गरिनेछ ।

## ४.६ अन्य निकायहरुसँगको समन्वय र सहकार्य

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ (प्रथम संशोधन, २०७५) ले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि एक विशिष्टीकृत निकायको रूपमा "राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण" को व्यवस्था गर्नुका साथै संघ, प्रदेश र स्थानीय तहको कार्य एवं जिम्मेवारीलाई स्पष्ट गरेको छ । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ (संसोधन सहित) ले देहाय बमोजिमका संरचनाको व्यवस्था गरेकोछ।

- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समिति
- राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
- प्रदेश विपद् व्यवस्थापन परिषद्
- प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति
- जिल्ला विपद् व्यवस्थापन समिति
- स्थानीय विपद् व्यवस्थापन समिति
- वडास्तरीय विपद् व्यवस्थापन समिति

यसका साथै उक्त ऐनले राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्र, जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र र स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रको समेत व्यवस्था गरेको छ । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ (संसोधन सहित) बमोजिम विपद् व्यवस्थापनको संस्थागत संरचना तल चित्रमा प्रस्तुत गरिएको छ । यसका आधारमा

विपद् पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना तर्जुमाको संस्थागत समन्वय र सहकार्य ढाँचा निम्न बमोजिम प्रस्तुत गरिएको छ ।



# परिच्छेद : पाँच

# पूर्वअनुमानमा आधारित पूर्वकार्यको लागि कार्ययोजना

## ५.१ पूर्वानुमानमा आधारित पूर्वकार्यको चिनारी

आधिकारिक निकायले जस्तैः जल तथा मौसम पूर्वानुमान महाशाखाले सम्प्रेषण गरेको सूचना अनुसार, नदीको जलस्तर तथा जोखिम विश्लेषणका आधारमा कुनै सम्भावित विपद् (जस्तै बाढी, डुबान, भारी वर्षा वा आँधीबेहरी) निश्चित पूर्वनिर्धारित सीमाभन्दा बढी हुने सम्भावना देखिएमा, त्यसबाट हुन सक्ने मानवीय, भौतिक तथा आर्थिक क्षति न्यूनीकरण गर्न विपद् घट्नुअघि नै पूर्वनिर्धारित कार्ययोजना अनुसार गरिने समयोचित तयारी तथा कार्यान्वयनलाई पूर्वानुमानमा आधारित पूर्वकार्य भनिन्छ।"जब जल तथा मौसम विज्ञान विभागको पूर्वानुमानले जोखिमको स्पष्ट संकेत दिन्छ, तब विपद् आउनुअघि नै क्षति कम गर्न गरिने पूर्वतयारी र कार्यहरू नै पूर्वानुमानमा आधारित पूर्वकार्य हो।"

मुख्य तत्वहरू

- पूर्वानुमान (Forecast): जल तथा मौसम विज्ञान विभागबाट जारी गरिएको विश्वसनीय पूर्वानुमान।
- ट्रिगर (Threshold/Trigger): पूर्वनिर्धारित जोखिम सीमा वा सम्भाव्यता स्तर।
- पूर्वकार्य (Early Action): जोखिम घटाउन विपद् अघि गरिने कार्य।
- पूर्वव्यवस्थित स्रोत (Pre-arranged Resources): आवश्यक बजेट, सामग्री र जिम्मेवारीको पूर्व व्यवस्था।

## ५.२ पूर्वानुमानको सूचना प्रम्प्रेषण गर्ने आधिकारिक निकाय

तालिका नम्वर २८ : पूर्वकार्यकालागि पूर्वानुमानको सूचना सम्प्रेषणको संरचनाको विवरण

| पूर्वसूचना वा चेतावनीका विषय | निर्णयाधिकारी | सूचना संप्रेषण गर्ने निकाय | सूचना संप्रेषणको काममा सहयोग गर्ने निकाय |
|---|---|---|---|
| भारी वर्षाको कारण,बाढी, पहिरो, डुवानको जोखिम र आवागमनमा प्रत्यक्ष रुपमा पर्नसक्ने असरका विषय | जल तथा मौसम विज्ञान विभागबाट उपलब्ध सूचना वा जानकारीको लेखाजोखा गरी प्राधिकरणले आवश्यक निर्णय गर्नेछ । | जल तथा मौसम विज्ञान विभाग, प्राधिकरण, सुरक्षा निकाय, प्रदेश तथा स्थानीय सराकर र सञ्चार माध्यमहरु | बाढी, पहिरो, डुवानसंग सम्वन्धित काम हेर्ने संघ प्रदेश र स्थानीय तहका सम्वद्ध निकाय र विकास साझेदार |
| अत्यधिक गर्मि, तातो हावाको लहर, शीतलहर,हिमपातको सम्भावनाका कराण प्रभावित हुन सक्ने क्षेत्र र समुदायको विषय | जल तथा मौसम विज्ञान विभागबाट उपलब्ध सूचना वा जानकारीको लेखाजोखा गरी प्राधिकरणले आवश्यक निर्णय गर्नेछ । | जल तथा मौसम विज्ञान विभाग, प्राधिकरण, सुरक्षा निकाय, प्रदेश तथा स्थानीय सराकर र सञ्चार माध्यमहरु | अत्यधिक गर्मी, तातो हावाको लहर,शीतलहर र भारी वर्षासंग सम्वन्धित काम हेर्ने संघ प्रदेश र स्थानीय तहका सम्वद्ध निकाय र विकास साझेदार |
| महामारी | स्वास्थ्य सेवा विभागबाट उपलब्ध सूचना वा जानकारीको लेखाजोखा गरी प्राधिकरणले आवश्यक निर्णय गर्नेछ । | स्वास्थ्य सेवा विभाग, प्राधिकरण, सुरक्षा निकाय, प्रदेश तथा स्थानीय सराकर र सञ्चार माध्यमहरु | महामारीसंग सम्वन्धित काम हेर्ने संघ प्रदेश र स्थानीय तहका सम्वद्ध निकाय र विकास साझेदार |

## ५.३ पूर्वानुमानमा आधारित पूर्वकार्यका कृयाकलापहरु

यस अनुसार नगरपालिका क्षेत्रभित्र पूर्वानुमानमा आधारित पूर्वकार्य राष्ट्रिय कार्यढाँचा २०८३ अनुसार पूर्वानुमान गर्न सकिने जोखिमहरु विषेशत : बाढी, पहिरो, सुख्ख तथा खडेरी, अत्यधिक गर्मि, तातो हावाको लहर (लु), शीतलहर, आगलागी, महामारी, वायु प्रदुषण जस्ता मौसमी प्रकोपका कारण उत्पन्न हुन सक्ने सम्वभावित विपद्को प्रभावलाइ रोक्न तोकीएको विपद् व्यवस्थापनका लागि विषेश क्षेत्र तोकी पुर्वअनुमानमा आधारित पूर्वकार्य गर्न कुनै पनि गैरसरकारी संस्थाहरु, अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरु, निजिक्षेत्र वा व्यक्तिहरुले स्थानीय तहसंग अग्रिम समन्वय र अनुमति लिइ कार्य गर्न सक्नेछ ।

- यसरी सुव्यवस्थित स्रोतसाधनका साथ पूर्वस्वीकृती लिइ पूर्वकार्य गर्ने यसका साझेदारसंस्थाहरु पूर्वानुमानको आधिकारिक पूर्वसूचना जारी भएपछि स्वतः परिचालित हुनु पर्नेछ ।
- पूर्वकार्यमा परिचालन हुनका लागि औपचारिक निर्णयहरु गर्ने र सम्वन्धित अन्य सरोकारवालाहरुसंग समन्वय गरिदिने, घटनाको प्रकृतिअनुसार क्लष्टरहरु परिचालन गर्ने तथा स्थानीय आपत्कालीन कार्यसन्चालन केन्द्रलाई सकृय वनाउने र सहज वातावरण गर्ने काम स्थानीय तहले गर्नेछ ।

तालिका नम्वर २९ : **पूर्वसूचना सम्बन्धी अग्रिम कार्य**

| | सि.न. | क्रियाकलाप | जिम्मेवारी | सहयोगी निकाय |
|---|---|---|---|---|
| ७ दिने पूर्वानुमान | १ | स्थानीय विपद् व्यवस्थापन समितिको बैठक बस्ने | स्थानीय तह | सुरक्षा निकाय, वडा कार्यालय, CDMC रेडक्रस |
| | २ | स्थानीय आपतकालिन कार्य संचालन केन्द्र (LEOC) चुस्त दुरुस्त राख्ने । | स्थानीय तह | विपद् व्यवस्थापन शाखा |
| | ३ | वडा विपद् व्यवस्थापन समितिको बैठक बस्ने (स्थानीय रेडक्रस र अन्य संघसस्था, बजार समिति, स्थानीय विद्यालय व्यवस्थापन समितिको प्रतिनिधी सहितको) | वडा कार्यालय | सुरक्षा निकाय, CDMC रेडक्रस |
| | ४ | विभिन्न माध्यमबाट बाढी पुर्वानुमान शाखाको टोल फ्रि नं ११५५ र जल तथा मौसम विज्ञान विभागको बेवसाईडको बारेमा जानकारी गराउने सूचना प्रचार, प्रसार गर्ने जस्तै सामाजिक संजाल, स्थानीय मिडिया, स्थानीय पत्र पत्रिका आदि | स्थानीय तह, LEOC | सुरक्षा निकाय, वडा कार्यालय, CDMC रेडक्रस |
| | ५ | बाढी सम्बन्धी कृत्रिम घटना अभ्यास गराउने | स्थानीय तह | सुरक्षा निकाय, वडा कार्यालय, CDMC रेडक्रस |
| ३ दिने पूर्वानुमान | ६ | बाढी जोखिम क्षेत्रका सुरक्षित बाटो, आश्रय स्थल, पैनीकुलो, खोला वा नदीको जोखिम क्षेत्रमा गर्नु पर्ने मर्मत संभारको कार्य गर्ने गराउने । | वडा कार्यालय, CDMC | स्थानीय तह सुरक्षा निकाय, रेडक्रस र पूर्वकार्यका लागि अनुमति लिएका साझेदार |
| | ७ | पूर्वतयारी तथा उद्धार कार्य गर्न आवश्यक पर्ने सामग्रीहरुको अवस्थाबारे जानकारी लिन निर्देशन दिने | स्थानीय तह, सुरक्षा निकायहरु | सुरक्षा निकाय, वडा कार्यालय, CDMC रेडक्रस |
| | ८ | अन्य बन्दोस्तीको सामग्रीहरु तयारी गर्न पालिकाका सबै शाखाहरु, सुरक्षा निकायहरु, वडा कार्यालय, समुदाय संघसस्थाहरु आवश्यक निर्देशन दिने | स्थानीय तह, सुरक्षा निकायहरु | सुरक्षा निकाय, वडा कार्यालय, CDMC रेडक्रस र विकास साझेदार |
| | ९ | स्थानीय विपद् व्यवस्थापनको आकस्मिक बैठक बोलाउने | स्थानीय तह, | कार्यदलका सदस्यहरु, रेडक्रस सुरक्षा निकायहरु |
| | १० | बाढी जोखिम समुदायहरुमा बाढीको सूचना प्रचार प्रसार गर्न | CDMC कार्यदल | कार्यदलको अन्य सदस्यहरु |

| | | | | |
|---|---|---|---|---|
| | | माईकिङ्ग, SMS पठाउने र घरघर भेटघाट गर्ने | संयोजक | |
| | ११ | पालिका, वडा वा समुदायका पूर्वतयारी तथा उद्धारटोली र सामग्रीहरु तयारी अवस्थामा राख्ने | स्थानीय तह | CDMC, कार्यदल |
| १ दिने पूर्वानुमान | १२ | सबै बाढी प्रभावित हुनसक्ने समुदायहरुलाई माईकिङ्ग, पुन SMS पठाउने र घरघर भेटघाट गर्ने, रातो, पहेलो झण्डा देखाएर बाढीको अवस्थाको बारे जानकारी लिने दिने गर्ने | स्थानीय तह, CDMC | कार्यदल, सबै समुदायबासीहरु |

**तालिका नम्वर ३०** : खाद्य सुरक्षा सम्बन्धी अग्रिम कार्ययोजना

| | सि.न. | क्रियाकलाप | जिम्मेवारी | सहयोगी निकाय |
|---|---|---|---|---|
| ७ दिने पूर्वानुमान | १ | स्थानीय विपद् व्यवस्थापन समितिको बैठक बस्ने | स्थानीय तह | सुरक्षा निकाय, वडा कार्यालय, साझेदार |
| | २ | विभिन्न माध्यमबाट सूचना प्रदान गर्ने | स्थानीय तह | सुरक्षा निकाय, वडा कार्यालय, CDMC रेडक्रस |
| | ३ | खाद्य सामग्रीको लागि बजार लागत अनुगमन गर्ने साथै आवश्यक लागतको प्रवन्ध गर्ने | स्थानीय तह | कृषि शाखा, सुरक्षा निकाय |
| | ४ | आवश्यक थप खाद्य सामग्रीको लागि पालिकाको उद्योग बाणिज्य संघ वा ठूला व्यापारीहरुसँग खरिदको लागि सम्झौता गर्ने | स्थानीय तह | पालिका कृषि शाखा र साझेदार |
| | ५ | किसानहरुलाई बाली भित्राउने, काट्ने वा लगाउने समयमा यस्ता प्रकारको सूचना भए उपलब्भ गराउने | स्थानीय तह | पालिक कृषि शाखा |
| | ६ | उपलब्ध भएका खाद्यसामग्रीहरुको उचित भण्डारण गर्ने र साथै वितरण योजना बनाउने । | स्थानीय तह | वडा कार्यालय, CDMC, सबैघरघुरीहरु |
| ३ दिने पूर्वानुमान | १ | स्थानीय विपद् व्यवस्थापनको आकस्मिक बैठक बोलाउने | स्थानीय तह | कार्यदलका सदस्यहरु, रेडक्रस, सुरक्षा निकायहरु |
| | २ | खाद्य सामग्री खरिद गरी उच्च जोखिम समुदायको घरधुरी संख्याको आधारमा प्याक गर्ने । | स्थानीय तह | विकास साझेदार |
| | ३ | प्याक गरेको खाद्य सामग्री प्रभावित भएको स्थान सम्म पुर्याउनको लागि आवश्यक तयारी गर्ने । | स्थानीय तह | CDMC, कार्यदल |
| १ दिने पूर्वानुमान | १ | खाद्य सामग्री आश्रय स्थलसम्म पुर्याउने | स्थानीय तह, CDMC | कार्यदल,सबै समुदायबासीहरु |
| | २ | खाद्य सामग्रीको सुरक्षा तथा व्यवस्थापन गर्ने । | स्थानीय तह | |
| | ३ | वितरण गर्नु परेमा वितरण योजना अनुसार गर्ने र सहमति अनुसार साझेदारहरुलाइ वितरणको लागि निर्देशन दिने । | स्थानीय तह | सुरक्षा निकाय, स्थानीय तहका अङ्गहरु |

**तालिका नम्वर ३१** : बन्दोबस्ती सम्बन्धी अग्रिम कार्यको कार्ययोजना

| | सि.न. | क्रियाकलाप | जिम्मेवारी | सहयोगी निकाय |
|---|---|---|---|---|
| ७ दिने पूर्वानुमान | १ | स्थानीय विपद् व्यवस्थापन समिति, वडारसामुदायिक विपद् व्यवस्थापन समिति र कार्यदल गठन – पुनर्गठन गर्ने | स्थानीय विपद् व्यवस्थापन समिति/LEOC | नेपाल रेडक्रस सोसाईटी र उपशाखा अन्य संघसस्थाहरु |
| | २ | पालिका क्षेत्र भित्र पर्ने नदी, खोला, नालाले प्रभाव पार्ने, वडा, समुदाय, टोलहरुको पहिचान गर्ने | स्थानीय विपद् व्यवस्थापन समिति/LEOC | वडा विपद् व्यवस्थापन समिति नेपाल रेडक्रस सोसाईटी र उपशाखा |
| | ३ | बाढीको उच्च जोखिममा रहेको समुदायको संकटासन्नता र क्षमताको लेखाजोखा गर्ने (समुदायमा कति जनसंख्या छ, महिला, पुरुष बालबालिका, बृद्धबृद्धा, शारिरिक रुपमा असक्षम, गर्भवती र सुत्केरी महिलाहरुको जानकारी साथै क्षमताहरु के के छन ?) | स्थानीय विपद् व्यवस्थापन समिति/LEOC | वडा विपद् व्यवस्थापन समिति नेपाल रेडक्रस सोसाईटी र उपशाखा |
| | ४ | सबै बाढी जोखिम समुदायहरुको नक्शाकंन गर्ने | स्थानीय विपद् व्यवस्थापन समिति/LEOC | वडा विपद् व्यवस्थापन समिति नेरेसो उपशाखा र अन्य संघसस्थाहरु |
| | ५ | बाढीको उच्च जोखिममा रहेको समुदायहरुमा पूर्वतयारी सामग्रीहरु (कन्टेनरमा राखिएको वा सामुदायमा— प्राथमिक उपचार बक्स, ट्रयूव, टर्चलाईट, लाईफ ज्याकेट, हातेसाईरन, लाईफ ज्याकेट, डोरी आदि) को व्यवस्थापन गर्ने निर्देशन दिने | स्थानीय विपद् व्यवस्थापन समिति | वडा विपद् व्यवस्थापन समिति नेरेसो उपशाखा सुरक्षा निकायहरु र साझेदारहरु |
| | ६ | आसन्न बाढीबाट हुन सक्ने विस्थापित मानिसहरुको लागि सुरक्षित आश्रय स्थलको पहिचान वा निर्माण गर्ने । | स्थानीय विपद् व्यवस्थापन समिति | वडा विपद् व्यवस्थापन समिति नेरेसो उपशाखा र अन्य संघसस्थाहरु |
| | ७ | जोखिम क्षेत्रमा बसोवास गर्नेहरुलाई बाढीको सूचना प्राप्त भएपछि सुरक्षित स्थानको पुग्नको लागि सुरक्षित बाटो पहिचान, बाटो, कल्भर्ट, ह्युमपाईप मर्मत सुधार गर्ने | स्थानीय विपद् व्यवस्थापन समिति | वडा विपद् व्यवस्थापन समिति नेरेसो उपशाखा र अन्य संघसस्थाहरु |
| | ८ | राहत सामग्रीहरुको उचित भण्डारण गर्ने, गैह्रखाद्य सामग्री ब्यवस्थापन गर्ने | स्थानीय विपद् व्यवस्थापन समिति | स्थानीय तह नेरेसो उपशाखा र अन्य संघसस्थाहरु |
| | ९ | विपद् व्यवस्थापन कोषमा न्यूनतम रकम राख्ने | स्थानीय विपद् व्यवस्थापन समिति | स्थानीय तह, साझेदार तथा नीजिक्षेत्रहरु |
| | १० | सुरक्षा निकायहरुलाई तयारी अवस्थामा राख्ने | नेपाल प्रहरी, सशस्त्र प्रहरी | जिल्ला विपद् व्यवस्थापन समिति |

| | | | | |
|---|---|---|---|---|
| | | | बल नेपाल | |
| | ११ | विपद् वाट प्रभावित हुने सम्भावित विद्यालय र विद्यार्थीहरुको विवरण अद्यावधिक गर्ने । | स्थानीय तह | शिक्षा विकास तथा समन्वय ईकाई |
| | १२ | संकटासन्न विद्यालयका शिक्षक एवम् वि. व्य. स.सदस्यको सम्पर्क अद्यावधिक गर्ने । | स्थानीय तह | शिक्षा विकास तथा समन्वय ईकाई |
| | १३ | सरोकारबालाहरुसँग समन्वय गरी नगद वा खाद्ययान्न सहायता वितरण केंन्द्र छनौट गर्ने | स्थानीय विपद् व्यवस्थापन समिति | वडा विपद् व्यवस्थापन समिति नेरेसो उपशाखा र अन्य संघसस्थाहरु |
| ३ दिन पूर्वानुमान | १ | मुख्य नदीहरुमा बाढी, बर्षाको जानकारी सम्बन्धित वडा, समुदाय र नजिकैको स्थानीय तहलाई जानकारी गराउने | स्थानीय आपतकालिन कार्यसंचालन केन्द्र, सुरक्षा निकायहरु | जल तथा मौसम विज्ञान विभाग जलमापन, बर्षामापन केन्द्रहरु सुरक्षा निकायहरु |
| | २ | विपद्को समयमा सूचना व्यवस्थापनमा समन्वय गर्ने र एकद्धार प्रणाली अपनाउने | स्थानीय विपद् व्यवस्थापन समिति | सुरक्षा निकायहरु नेरेसो उपशाखाहरु स्थानीय संचार माध्यमहरु |
| | ३ | Rapid Response Team (RRT) लाई तयारी गर्ने | स्वास्थ्य शाखा | नेरेसो उपशाखाहरु |
| | ४ | पशु पंक्षीबाट हुन सक्ने संक्रमण विरुद्ध खोप सञ्चालन गर्ने | भेटेरीनरी अस्पताल तथा पशुसेवा बिज्ञ केन्द्र | स्थानीय तह स्वास्थ्य कार्यालय |
| | ५ | उद्धार तथा राहत सामग्रीहरु तयारी अवस्था राख्ने | स्थानीय विपद् व्यवस्थापन समिति | सुरक्षा निकायहरु नेरेसो उपशाखाहरु |
| | ६ | अग्रिम विपद् कार्यको लागि नगद, खाद्यान्न वा गैह खाद्यान्न सहायता वितरण गर्न तयारी अवस्थामा रहने । | स्थानीय विपद् व्यवस्थापन समिति | सुरक्षा निकायहरु नेरेसो उपशाखाहरु |
| | ७ | नगद वा खाद्यान्न सहायता वितरण केन्द्र बारे समुदायलाई जानकारी दिने तथा सुरक्षा अवस्थाको र आवश्यक जनशक्ति ब्यावस्था गर्ने | स्थानीय विपद् व्यवस्थापन समिति | स्थानीय तह |
| १ दिने पूर्वानुमान | १ | द्रुत सर्वेक्षण र सूचना संकलन गर्न स्थानीय स्वयमं सेवक परिचालन गर्ने तयारी रहने | स्थानीय आपतकालिन कार्यसंचालन केन्द्र, | वडा विपद् व्यवस्थापन समिति द्रुत लेखाजोखा टोली |
| | २ | प्रभावित हुन सक्ने परिवारहरुलाई आवश्यक खाद्यान्न र गैह खाद्यान्न राहत वितरण गर्ने | स्थानीय विपद् व्यवस्थापन समिति | सुरक्षा निकायहरु, स्थानीय रेडक्रस, अन्य गैह्रसरकारी |

| | | | | |
|---|---|---|---|---|
| | | | | विकास साझेदारहरु |
| | ३ | विस्थापितहरुलाई आश्रयस्थलको व्यवस्थापन गर्ने | स्थानीय विपद् व्यवस्थापन समिति | सुरक्षा निकायहरु, स्थानीय रेडक्रस, अन्य गैह्रसरकारी सस्थाहरु |
| | ४ | विपद्को समयमा सूचना व्यवस्थापनमा समन्वय गर्ने र एकद्धार प्रणाली अपनाउने | स्थानीय विपद् व्यवस्थापन समिति | वडा विपद् व्यवस्थापन समिति |
| | ५ | नगद वा खाद्यान्न सहायता वितरण<br>अग्रिम कार्य सम्पन्न गर्ने | स्थानीय विपद् व्यवस्थापन समिति | नेरेसो उपशाखा र अन्य संघसस्थाहरु |

# परिच्छेद : छ
# अनुगमन, मूल्याङ्कन तथा सिकाई योजना

## ६.१. लक्ष्य र सूचकहरू

विपद् पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजनाले निर्दिष्ट गरेका कार्यहरूको कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन गर्न लक्ष्य र सूचकहरू परिभाषित गरी अनुगमन, मूल्याङ्कन तथा सिकाई योजना तयार गर्नुपर्दछ । प्रकोप आउनु पूर्व र विपद् पश्चात् (जस्तैः मनसुन पूर्व र मनसुन पश्चात्) गोष्ठीहरूको आयोजना गरी विपद् पूर्वतयारी तथा आपत्कालीन प्रतिकार्यको प्रभावकारिता मूल्याङ्कन गर्न सकिनेछ ।

यस बाहेक, प्रत्येक विषयगत क्षेत्रले पूर्वतयारी अवस्था र प्रतिकार्यको मूल्यांकनको लागि आ–आफ्नो योजना बनाउनु पर्छ । प्रारम्भिक द्रुत लेखाजोखा (Initial Rapid Assessment), बहुबिषयगत प्रारम्भिक द्रुत लेखाजोखा (Multi-sector Initial Rapid Assessment), विषयगतक्षेत्र विशिष्टिकृत लेखाजोखा (Cluster Specific Assessment), क्षति तथा आवश्यकता विश्लेषण जस्ता साझा मूल्याङ्कनका विधिमा समेत सहमति निर्माण गर्नुपर्दछ । स्थानीय विपद व्यवस्थापन समितिले उपलब्ध तथ्याङ्क विवरणका आधारमा वा प्राथमिक तथ्याङ्क बिश्लेषणका बिधिद्धारा बिषयगत कार्यालयहरु संग समन्वय गरी लक्ष्य र सुचक निर्धारण गर्न सक्ने छ ।

तालिका नम्वर ३२ : विपद पूर्वतयारी तथा प्रतिकार्य योजना अनुगमनका लागि सूचक तथा लक्ष्यहरु

| सि नं | सूचक | आधाररेखा | वार्षिक लक्ष्य |
|---|---|---|---|
| | **उपमहानगरपालिका क्षेत्रमा विपदबाट हुने मृत्यु दर कम गर्ने** | | |
| १.१ | विपदबाट मृत्यु हुनेको वार्षिक औसत संख्या (सडक दुर्घटना बाहेक) | १५ | ५ |
| १.२ | सडक दुर्घटनाबाट मृत्यु हुनेको वार्षिक औसत संख्या | २५ | १० |
| २ | **उपमहानगरपालिका स्तरमा विपदबाट प्रभावित व्यक्तिहरूको संख्या उल्लेख्य मात्रामा कम गर्ने** | | |
| २.१ | विपदबाट प्रत्यक्ष प्रभावित हुने परिवारहरूको वार्षिक औसत संख्या | १३३६ | ५०० |
| २.२ | विपदबाट घाईते हुने व्यक्तिहरूको वार्षिक औसत संख्या | ३९ | २० |
| २.३ | सडक दुर्घटनाबाट घाईते हुने व्यक्तिहरूको वार्षिक औसत संख्या | ६३ | ४० |
| २.४ | विपदबाट क्षति हुने घरहरुको वार्षिक औसत संख्या | ६५ | ३५ |
| ३ | उपमहानगरपालिका विपद्को कारण हुने वार्षिक औसत प्रत्यक्ष आर्थिक क्षति कम गर्ने | १.५ करोड | १ करोड |
| ४ | संघ, प्रदेश, स्थानीय तहहरू र सरोकारवालाहरू बीच अन्तर तथा परस्पर समन्वय र साझेदारी अभिबृद्धि गर्न संयन्त्र विकास हुने | सन्तोषजनक | निरन्तर |
| **५** | **बहुप्रकोप पूर्वसूचना प्रणाली र विपद् जोखिम सूचना तथा आकलनको उपलब्धता र पहुँचमा बृद्धि गर्ने** | | |
| ५.१ | कूल क्षेत्रफलको अनुपातमा बहुप्रकोप अनुगमन तथा पूर्वसूचना प्रणाली स्थापना र सञ्चालन भएको क्षेत्र | नभएको | ५० प्रतिशत |
| ५.२ | विपद् प्रभावित क्षेत्रको जनसंख्याको अनुपातमा स्थानीय वा राष्ट्रिय सूचना प्रणाली मार्फत पूर्वसूचना प्राप्त गर्ने जनसंख्या | १० प्रतिशत | ५० प्रतिशत |

| | | | |
|---|---|---|---|
